# बुद्ध :
# जीवन र दर्शन

भिक्षु सद्धातिस्स

Dhamma.Digital

अनुवाद : ललित रत्न शाक्य

Downloaded from http://www.dhamma.digital

# बुद्धः जीवन र दर्शन

लेखक

भिक्षु सद्धातिस्स

(महासंघ नायक, श्रीलंका)

Dhamma.Digital

अनुवादक

ललित रत्न शाक्य

प्रकाशक

मैत्री संघ पोखरा

Downloaded from http://www.dhamma.digital

मैत्री प्रकाशन माला- २

प्रकाशक
मैत्री संध, पोखरा

सम्पर्क फोन
०६१-२०५६० / ०६१ -२६०७७

प्रकाशकमा सर्वाधिकार सुरक्षित

आवरण फोटो: फोटो जेनिथ, पोखरा

पहिलो संस्करण: १००० प्रति

विकम संम्वत: २०५५
ईश्वी संम्वत: १९९८
बुद्ध संम्वत: २५४२

मूल्य: नेरू २५/-

मुद्रक: सि.एम.अफसेट प्रिन्टर्स, तेसांपट्टि, पोखरा
कम्प्युटर सेटिङ्ग: जीवन गोर्खाली

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

शील समाधि र प्रज्ञा बुद्ध शिक्षाका आधार स्तम्भ हुन् । कोही पनि व्यक्ति शीलवान छैन, समाधिवान छैन् र प्रज्ञायुक्त छैन भने त्यसले आफूलाई जत्तिसुकै बौद्ध हुँ भनेर हिंडेतापनि त्यो व्यक्ति बौद्ध बन्न सक्तैन । यो कटु सत्य हो ।

कुनै पनि विषय वस्तु वा शिक्षालाई जीवनको व्यवहारिक पक्ष सम्म पुऱ्याउन प्रथमत त्यसलाई कुनै माध्यमबाट सुनाउन वा देखाउनु पर्ने हुन्छ । जव सम्म मान्छेले देखेको हुँदैन वा पढेको, सुनेको हुँदैन त्यो कुराको चिन्तन गर्नु वा व्यवहारिक जीवनमा प्रयोग गरिनु भनेको टाढाको विषय हुन जाने हुन्छ । त्यसैले मैत्री संघ, पोखराले व्यवहारिक बुद्ध शिक्षाको प्रचार प्रसारलाई आफ्नो अभिष्ट बनाइएको भएतापनि बुद्ध शिक्षालाई जनजीवन सम्म पुऱ्याउन कमसेकम बर्षको एउटा बुद्ध शिक्षा सम्वन्धी पुस्तक प्रकाशन गरेर पाठकहरू सम्म पुऱ्याउने लक्ष्य लिएको छ । त्यही लक्ष्य अनुसार मैत्री प्रकाशनमाला को दोश्रो प्रकाशनको रूपमा श्रीलंकाका महासंघनायक डा. भिक्षु सद्धातिस्स द्वारा लिखित "बुद्धः जीवन और दर्शन" को नेपाली भाषानुवाद प्रकाशित गरिएको छ । साधारण पाठकहरूले पनि बुझ्न सकिने छोटो मीठो कथात्मक शैलीमा लेखिएको बुद्धको जीवनी र धर्मदर्शन सम्वन्धी यो पुस्तक नेपाली पाठकहरूको लागि पनि पठनीय हुनेछ भन्ने हामीलाई लागेको छ । यस पुस्तकका नेपाली भाषानुवादक ललित रत्न शाक्यले सरल नेपाली भाषा



Downloaded from http://www.dhamma.digital

शैलीमा अनुवाद गर्नुका साथै प्रुफ हेर्ने काममा समेत सघाउ पुऱ्याउनु भएको छ । उहाँको यस प्रयासलाई हामी बौद्ध वाङमयको एउटा उत्कृष्ट योगदान मानेका छौं । सस्ता साहित्य मण्डल दिल्लीद्वारा प्रकाशित यस पुस्तकको नेपाली भाषानुवाद प्रकाशित गर्न स्वीकृति दिएकोमा हामी सस्ता साहित्य मण्डल प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छौं । पुस्तक प्रकाशनको यो दोश्रो अनुभव हो । धर्म प्रेमी बन्धुहरूले पुस्तक प्रकाशनका लागि सदासयता पूर्वक जसरी धर्मदान गर्नुभयो, यही सद्भावलाई नै हामीले हाम्रो पूँजी मानेका छौं । यस पुस्तक प्रकाशनलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबै प्रति मैत्री संघ, परिवार हार्दिक आभार प्रकट गर्दछ ।

**सबैको कल्याण होस्, मगल होस् ।**

**गोविन्द ताम्राकार**
सचिव
मैत्री संघ, पोखरा

मिति २०५५।४।२३
जनैपुर्णिमा

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# भूमिका (मूल लेखकको)

गौतम बुद्ध ऐतिहासिक पुरूष थिए र उनले एउटा विशेष प्रकारको शिक्षा दिएका थिए । सय वा त्यसभन्दा केही बर्ष पहिले देखि नै विद्वानहरूले पश्चिमका मानिसहरूको मनमा यस कुराको छाप पारी दिएका थिए । बितेका पचास बर्षमा धेरै पुस्तकहरू प्रकाशित भए र प्रमाणिक तरीकाबाट त्यस शिक्षामाथि प्रशस्त प्रकाशपनि परेका छन् । तैपनि केही पुस्तकहरू जसले एकातिर त्यस्तो शिक्षादिने व्यक्तिको जीवन काल्पनिक रङ्ग र भावुकतामा केन्द्रिभूत भएको नहोस् र अर्कोतिर नीरस शास्त्रीय तथा विशिष्ट वर्गलाई मात्र आकर्षित गर्ने खालको पनि नहोस् भन्ने आशय राखेर पनि लेखिए ।

बुद्धको आफ्नै जीवन र त्यससँग सम्बद्ध घटनाहरूको सन्दर्भमा उहाँका शिक्षाहरूको विवेचना गर्नु नै प्रस्तुत पुस्तकको उद्देश्य हो ।

बौद्ध दर्शनको गहनताबारेमा मानिसहरूले थोरै वा धेरै जानकारी राखेका हुन सक्छन्, तर उहाँको करूणा तथा उहाँको मानवीय स्वरूप अथवा त्यस प्रणालीको विषयमा कम ध्यान दिइएको छ, जसको माध्यमबाट उहाँले आफ्ना सिद्धान्तहरूलाई सामान्य तथा ती परिस्थितीहरूमा मूर्त रूप दिनुभएको थियो, जसको सामना संधको एउटा नेताको रूपमा उहाँले प्राय: गरिरहनु पर्ने हुन्थ्यो बुद्धको जीवन र ईसा भन्दा पहिलेको छैठौं शताब्दीमा भारतमा ४५ बर्षसम्म उहाँले गर्नुभएको शासनकालको घटनाहरूको विवेचना बाट वर्तमान जीवनसँग त्यसको अटूट सम्वन्ध छ, यही कुरा पाठकहरूले बुझ्न सक्ने छ, भन्ने आशा लेखक गर्दछ । त्यसपछि यदि पाठकको मनमा अगाडि गएर बुद्ध



Downloaded from http://www.dhamma.digital

धर्मको गहन अध्ययन गर्न जिज्ञासा उत्पन्न भएछ भने, सुनमा सुगन्ध जस्तो उखान चरितार्थ हुन जाने छं

मानिसहरूका लागि आफ्नो दैनिक जीवन अनुकरण गर्ने दृष्टि राखेर बुद्धको जीवन, एउटा पद्धतिको रूपमा, विशेष महत्व छ भन्ने कुरा देखाउन खोज्नु नै यस सानु पुस्तकको उद्देश्य हो

लेखकले संस्कृत र पाली दुवै साहित्यबाट सहायता लिएका छन् । नामहरूको सम्बन्धमा भने, यसबाट अलिकता कठिनाइ उत्पन्न हुन्छ । केही शब्दहरू संस्कृतसँग धेरै मिल्दा जुल्दा देखिन्छन्(जस्तो निर्वाण), भने केही पाली शब्दहरूसँग(जस्तै धम्म) यस पुस्तकमा धेरै जसो दुवैको प्रयोग गरिएका छन् र पश्चिमी पाठकहरूले ती शब्दहरूको उच्चारण सजिलैसँग गर्न सकोस् भन्ने उद्देश्यपनि राखिएको छ ।

यस पुस्तकको तैयारीमा मूल्यवान सहायता पुऱ्याउने बृटिश महाबोधि सोसाइटीका प्रधान सचिव श्री रसेल वेवलाई लेखक हार्दिक धन्यवाद ज्ञापन गर्दछ । लेखक कु.चित्र श्री सेन प्रति पनि हार्दिक अभार व्याक्त गर्दछ जस्ले यस पुस्तकको पाण्डुलिपी बडो सतर्कतापूर्वक टाइप गरी दिएकी थिइन् ।

-(डा.) सद्धातिस्स.

Downloaded from http://www.dhamma.digital

# निवेदन (हिन्दी अनुवादकबाट)

पोहोर साल हिउँदको कुरा हो । बैडमिण्टन खेलिरहेका थिएँ । अचानक खुट्टा चिप्लेर चोट लाग्न जाँदा दुई महिनासम्म ओछ्यान पर्नु पर्‍यो । त्यसै वखत मेरो एकजना मित्र श्री एल्फ आफ्नो मित्र कैंटवेलसँग कुशीनगर लुंविनी, सारनाथ, बोधगया जस्ता तीर्थस्थानहरूको दर्शन गर्न आए कुशीनगर र लुंविनीतर्फ सुविस्तासाथ जाने उद्देश्यले तिनीहरू केही दिन आरोग्य मंदिरमा पनि बसे । एल्फ र कैंटवेल दुवैले बौद्ध धर्म अपनाएका थिए । उनले ती सवै पुस्तकेहरू मलाई पढ्न दिए । त्यसमध्ये मलाई डा.सद्धातिस्सको पुस्तक "द लाइफ अफ द बुद्धा" विशेष रूपमा मन पर्‍यो । मैले यो पुस्तक तीन पटक आद्योपान्त पढें तैपनि संतोष प्राप्त भएन र यसको अनुवाद प्रारम्भ गरें । सधै विहान चार बजे देखि सात बजेसम्म ओछ्यान मै बसी बसी अनुवादको काम गरिरहें । बाँकी समयमा अनुवाद गरिसकेको कुराहरूमा पुनर्विचार गर्न लाग्थें । डेढ महिना भित्र उक्त काम पूरा हुन गयो, अचम्मको कुरा यत्ति लामो समय कति चाँडै बिती सकेछ पत्तै भएन त्योति बेलासम्म त म हिंड डुल गर्न सक्ने भइसकेको रहेछु । यस पुस्तकमा भगवान् बुद्धको जीवनी सँगसँगै उहाँका विचारहरूको विकास कसरी भयो, उहाँको साधना-पथ र उहाँको धर्मको रूपरेखाहरू विशेषरूपमा उल्लेख गरिएको छ ।

"सस्ता साहित्य मंडलका" मंत्री भाइ यशपाल जैनले अनुवाद कार्य देखेपछि उनलाई प्रकाशन योग्य लाग्यो । लंदन गएर उनले पुस्तकको प्रकाशकबाट अनुवाद प्रकाशगर्ने



Downloaded from http://www.dhamma.digital

अनुमति पनि लिएर आए । आज उनकै प्रयासबाट यो पुस्तक 'बुद्ध: जीवन र दर्शन' प्रकाशित हुँदैछ । मेरो परिश्रमलाई उनले सफल बनाइ दिए । म उनीप्रति कृतज्ञ छु । साथै म कृतज्ञ छु, भगवान बुद्धबाट रचित विपश्यना-साधनाका प्रशिक्षक कल्याण मित्र श्री सत्यनारायण गोयन्काजी प्रति पनि जसले पुस्तकको पाण्डुलिपी आद्योपांत पढेर त्यसमा उल्लेखित नामहरू सच्याई दिएर अनुवाद सम्बन्धमा धेरै उपयोगी सल्लाह पनि दिए ।

सरल शैली र भावव्यक्त स्पष्ट भएको कारण, बालक युवा, बृद्ध सबैका लागि पुस्तक पढ्न योग्य छ । मलाई आशा छ सत्साहित्यमा रूची राख्ने पाठकहरू यस पुस्तकलाई सप्रेम स्वीकार्ने छन् ।

आरोग्य मन्दिर, गोरखपुर -विट्ठलदास मोदी

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अनुवादकीय

यो पुस्तक 'बुद्ध: जीवन र दर्शन' का लेखक महासंघनायक डा. सद्धातिस्स एम.ए,पी.एच.डी, डी.लिट, त्रिपिटकाचार्यको जन्म श्रीलंकामा भएको थियो । इ.सं. १९२६ मा उहाँ बौद्ध धर्ममा दिक्षित हुनुभयो र सन १९५८ देखि लन्दन बौद्ध विहारको संचालक हुनुहुन्छ र महाथेर पदमा बस्नुभएको छ । यस बाहेक उहाँ 'ब्रिटिश महाबोधि सोसायटी' र ब्रिटेनको 'संघ काउन्सिल'को अध्यक्ष पनि हुनुहुन्छ ।

यो पुस्तक सर्व प्रथम अंग्रेजी भाषामा 'द लाइफ अफ द बुद्ध' भन्ने नाम दिई लण्दनका प्रसिद्ध प्रकाशक जर्ज एलन एण्ड अनविन द्वारा प्रकाशित भएको थियो । पछि सन १९८४ मा हिन्दी का सुप्रसिद्ध लेखक श्री विट्ठलदास मोदी बाट हिन्दी भाषामा रूपान्तरित भइ सस्ता साहित्य मंडल, एन ७७, कनाट सर्कस, नई दिल्लीले प्रकाशित गरेको थियो ।

बुद्धको जीवन र दर्शनमा आधारित कतिपय पुस्तकहरू भाषाको क्लिष्टताको कारण वा त्यस्तै प्रस्तुतिकरणको गहनताको कारण पाठकहरूले रमाइलो मानी पढ्न मन लगाउँदैनन् । यस पुस्तकमा एउटा विशेषता छ । यसमा भगवान् बुद्धको जीवनी सँगसँगै उहाँका विचार र उहाँले विकास गर्नु भएको मार्ग, उहाँको साधना र उहाँको धर्मको रूपरेखा सरल रूपमा प्रस्तुत छ, त्यसकारण सबैले बुझ्न सक्ने खालको छ ।

यही सरल शैलीबाट प्रभावित भएर यसलाई नेपाली भाषामा अनुवाद गर्ने निश्चय गरियो र झण्डै एक महिना



Downloaded from http://www.dhamma.digital

भित्र अनुवाद कामपनि पुरा भयो । यस किताबको मौलिक अंग्रेजी भाषामा लेखिएको प्रति त पढ्न पाइएन । हिन्दीका प्रसिद्ध लेखकद्वारा हिन्दीभाषामा अनुवाद भएको हुँदा मूल लेखकको मौलिक विचारदेखि अनुवादन कार्य फरक छ जस्तो लाग्दैन । त्यस्तै प्रकार नेपाली भाषामा अनुवादगर्ने काम पनि सकेसम्म हिन्दी अनुवादकको भाषा भित्र अटेका मौलिक विचारलाई नेपाली भाषा भित्र समाहित गर्ने प्रयास गरेको छु । साधारण लेख पढ गर्न जान्ने पाठकले पनि बुझ्न सकोस भन्ने उद्देश्य राखेर सरल नेपाली भाषा नै प्रयोग गरेको छु । अप्ठ्यारा शब्दहरूलाई अझ बुझ्न सकिने पार्न कोष्ठ भित्र समानान्तर अर्थ भएका शब्दहरूपनि राखेको छु ।

यस पुस्तकको अनुवादित पाण्डुलिपी पढेर यसलाई झनै परिष्कृट पारिदिनुहुने र अनुवादको क्रममा उपयोगी सुझावहरू दिनुहुने भिक्षु श्रद्धानन्द र प्रकाशनको जिम्मा लिइदिने मैत्री संघका अध्यक्ष भाई विश्व शाक्य प्रति हार्दिक कृतज्ञता तथा अभार प्रकट गर्दछु । किताब लेखिनु वा अनुवाद गरिनु स्वयंमा पूर्णता होईन । यस अनुवादलाई पूर्णता दिन प्रकाशन जस्तो गहन दायित्व बहन गर्न काँध थामिदिने मैत्रीसंघ, परिवार प्रति हार्दिक आभार प्रकट गर्दछु ।

मलाई आशा छ बौद्ध साहित्य र भगवान बुद्ध बारे अभिरूची राख्ने पाठकहरूले यस पुस्तकलाई मनपराएर पढिदिनु हुनेछ । यसैलाई म आफ्नो अनुवादकीय प्रयास सफल भएको ठान्ने छु ।

धन्यवाद !

८।९९ नयाँ सडक
पोखरा, नेपाल

–ललित रत्न शाक्य



Downloaded from http://www.dhamma.digital

# बुद्धः जीवन दर्शन

## १.बाल्यकाल (शैशव)

पच्चीस सय बर्ष भन्दा पनि पहिलेको कुरा हो, हिमालयदेखि दक्षिणको तराई प्रदेशमा, जहाँ नेपाल र भारतको सीमाना पर्दछ, शाक्यवंशीय राजा शुद्धोदन राज्य गर्दथे । उनको राजधानीको नाम कपिलवस्तु थियो । यस राज्यको दक्षिणमा कोशल र दक्षिण पूर्वमा मगध राज्य पर्दथ्यो जुन वर्तमान भारतको विहार प्रान्त अन्तर्गत राजगृहको वरपर फैलिएको थियो । शाक्यहरूको राज्य देखि पूर्व कोलियहरूको राज्य पर्दथ्यो । शुद्धोदनकी पत्नी महामाया यस राज्यकी राजकुमारी थिइन् ।

ईसा भन्दा ५६० बर्ष पहिले महामाया सन्तानवती हुने भएकी थिइन । यस कुरालाई लिएर राज्यभरि सबै मानिसहरू ज्यादै खुशी भएका थिए । त्यसबेला पहिलो सन्तान पिताको घरमा नभएर माइतीमा जन्माउनु पर्दथ्यो । यसकारण प्रसवको समय नजीक आएपछि रानी महामाया प्रथा अनुसार आफ्नो पिताको घरतिर प्रस्थान गरिन् । राजा



Downloaded from http://www.dhamma.digital

शुद्धोदनले यस यात्राको तैयारी व्यवस्थित तरीकाले गरेका थिए । कोलिय राज्यसम्म पुग्ने सबै बाटा घाटाहरू आरामदायक र सुविधाजनक बनाइएका थिए र पानीको निमित्त ठाउँठाउँमा कुवाहरू खनाइएका थिए । यहि बाटो भएर अनेकौं दास-दासी तथा अंगरक्षकहरूलाई साथ लिई महारानी माइत घर प्रस्थान गरिन् । बीच बाटोमा लुम्बिनी उद्यान पर्दथ्यो । त्यहाँको मनै लोभ्याउने दृश्यले रानीको मनलाई आकर्षित पाऱ्यो । त्यहाँ तिनी एकै छिन सुस्ताउन बसिन् । साल बृक्षको छायामुनि तिनको लागि आराम गर्ने ठाउँ बनाइयो र यहीं विश्रामका क्रममा रानीलाई प्रसव पीडा भयो । तिनीले एउटा छोरा जन्माइन् ।

अब अगाडि यात्रा गर्नुपर्ने आवश्यकता नभए पछि आफ्ना सबै लस्कर सहित रानी कपिलवस्तुतिर फर्केर आइन् । कपिलवस्तुमा राजकुमारको भव्य स्वागत भयो । महाराज शुद्धोदनले राजकुमारको नाम 'सिद्धार्थ' राखे ।

बैशाख पूर्णिमाको दिन सिद्धार्थको जन्म भएको थियो । त्यही दिन उनलाई बोधि प्राप्त भयो र त्यसै दिन उनको मृत्यु(महापरिनिर्वाण) पनि भयो ।

बुद्धको जन्म र बाल्यकाल सम्वन्धमा अनेकौं चमत्कार र चमत्कारपूर्ण कथाहरू प्रचलित छन्, तर चमत्कार भन्ने कुरालाई भगवान् बुद्ध मान्नु हुन्थेन । त्यसकारण ती कुराहरूको बर्णन यहाँ गरीरहनु पर्ने आवश्यकता छैन तर आजभन्दा पच्चीस सय बर्ष पहिले जब उहाँको जन्म भएको थियो त्यसबेलाको ऐतिहासिक स्थिती बुझ्न भने आवश्यक पर्दछ ।



Downloaded from http://www.dhamma.digital

आर्यहरू आएर उत्तर भारतमा पूर्ण रूपले बसोवास गरिसकेका थिए र त्यहाँका बासिन्दा भई अत्यन्त सभ्य पनि बनिसकेका थिए । त्यसबेलासम्म पनि हिन्दु शब्दको चलन चलेको थिएन । तिनीहरूले कर्ममा आधारित जाति प्रथा कायम गरेका थिए । ब्राम्हणहरू विद्वान थिए र जजमानी गर्दथे । क्षेत्रियहरू योद्धा थिए । राजाको चयन तिनीहरूबाटै हुने गर्दथ्यो । तिनीहरूनै राजकाज चलाउँथे र रक्षा, सुरक्षाका कामहरू पनि तिनीहरू नै गर्ने गर्दथे । त्यसपछि बैश्य थिए, जसको कार्य व्यापार गर्नु र अर्थ तन्त्र चलाउनु थियो । बैश्यपछि शुद्र थिए । सवै कठिन कार्यहरूको जिम्मेदार तिनीहरूनै थिए । तिनीहरू परिश्रम र मजदुरी गर्दथे, चाकरी गर्दथे र कला कौशलका कामहरू पनि तिनीहरूबाट नै हुने गर्दथ्यो ।

सबै धार्मिक अनुष्ठानका काम ब्राह्मणहरू गर्दथे । साथ साथै राजालाई परामर्श(राय, सल्लाह) र पथ प्रदर्शन पनि तिनीहरू बाट नै हुने गर्दथ्यो । त्यसकारण राजा शुद्धोदनले छोराको भविष्य जान्ने उद्देश्य लिएर ब्राह्मणहरूलाई नै निमन्त्रण गरे ।

सर्वप्रथम बुद्धलाई देख्ने ब्राह्मण कालदेवल थिए । उनी अनेकौं सिद्धि तथा दिब्यदृष्टि प्राप्त ब्राहमण थिए । उनलाई बालक सिद्धार्थ देखाइयो । बालकलाई देखेपछि पहिले त उनी हाँसे पछि रून थाले । उनलाई रोएको देखेर भयभीत हुँदै राजाले सोधे, “तपाई किन रूनु भएको ? कतै मेरो छोर ामाथि दुर्भाग्यको छाया त परेको छैन ?” “होइन, महाराज होइन; दुर्भाग्यको त्यस्तो केहि कुरानै



Downloaded from http://www.dhamma.digital

छैन । म हाँसे यसकारणले कि मलाई त्यस्तो बालकको दर्शन गर्ने सौभाग्य प्राप्त भयो जसलाई भविश्यमा पूर्ण ज्ञान प्राप्त हुनेछ । यिनी "बुद्ध" हुनेछन् । त्यसबेला यिनको प्रवचन सुन्न म जीवित रहने छैन । त्यसकारण हे राजन! तपाई हर्षित हुनुहोस्, खुशी मनाउनुहोस्, तपाईको छोरा यस संसारमा एउटा महान व्यक्ति हुनेछ ।"

यहाँ यो कुरा उल्लेख गर्न आवश्यक छ किनभने त्यसबेलाका धार्मिक व्यक्तिहरूलाई ज्ञान प्राप्ति अथवा बोधि प्राप्त गर्ने कुराको पूर्णत: ज्ञान थियो । तिनीहरू यसलाई प्राप्त गर्न संसारका सबै सुख तथा घरबार त्यागेर सन्यास ग्रहण गर्दथे । बुद्ध हुनुको अर्थ हो बुद्धि प्राप्त वा ज्ञान प्राप्त गरेको मानिस बन्नु । यो अप्रचलित शब्द थिएन, आध्यात्मिकताको उँचाइसम्म पुग्ने कुनैपनि व्यक्ति 'बुद्ध' कहलिन सक्थ्यो । आफ्नो छोराले आध्यात्मिक मार्गको अनुसरण गर्ने कुरा सुनेपछि राजा शुद्धोदनको मन खिन्न भयो ।

कालदेवलले बुद्धको शरीरमा केही चिन्हहरू देखेपछि भविष्य वाणी गरेका थिए । राजा शुद्धोदनले यस भविष्यवाणीको सत्यता नाप्न आफ्नो राज्यका आठ ब्राम्हणहरूलाई डाक्न पठाए । तिनीहरूपनि कालदेवल जतिकै शरीर चिन्ह विज्ञानका विशेषज्ञ थिए ।

ती ब्राहमणहरू मध्ये सात जनाले सिद्धार्थको शरीर अध्ययन गरेपछि भविष्यभावणी गरे "यो बालक, यदि गृहस्थी भएर बसेछ भने सम्राट हुनेछ, होइन, संसार त्यागेर ज्ञान प्राप्तिको मार्ग अवलम्वन गरेछ भने बुद्ध हुनेछ" तर आठौं ब्राहमण कोण्डन्यले



Downloaded from http://www.dhamma.digital

भने नहिच्चिकचाइकन निश्चितपूर्वक भने "हे राजन! तिम्रो छोराले भविष्यमा चारवटा विशेष चिन्हहरू देख्नेछन् । तिनीहरू लाई देखेपछि यिनी यो संसार लाई त्यागेर बोधि प्राप्त गर्न निस्कनेछन् । बोधि प्राप्त गरेपछि यिनी 'बुद्ध' हुनेछन् ।"

कोण्डन्य आफ्नो भनाइमा यति विश्वस्त थिए कि उनले त्यसैवेला गृहस्थी धर्म त्यागेर संन्यास ग्रहण गरे र आफ्नो जस्तै विचार राख्ने चारजना साथीहरूलाई लिएर तपस्या गर्न निक्ले । आफूलाई बुद्धका विचारहरू (शिक्षा) सुन्न र बुझ्न योग्य बनाउने प्रयत्नमा लागे । कोण्डन्यले बालक सिद्धार्थ हुर्केर सम्बोधि प्राप्त नगरेसम्म बडो धैर्यतापूर्वक पर्खेर बसे र सम्बोधि प्राप्त गरे पछि उनी सहित उनका चारैजना साथीहरूले बुद्धबाट 'दीक्षा' ग्रहण गरे । यी चारैजना भगवान् बुद्धका पहिलो शिष्यहरू बने र यिनीहरूले धर्म फैलाउन बुद्धलाई ठूलो मद्दत गरे ।

कोण्डन्यको भनाइमा दृढता देखेर राजा शुद्धोदन ज्यादै हडबडाए साथै चिन्तित पनि भए । यता सिद्धार्थ झनझन बढ्दै जाँदो थियो । उता छोरालाई देखेपछि पिता राजा टोलाइरहन्थ्यो । उनको शरीर बाट सुनौलो किरण फैलिरहेको हुन्थ्यो । उनका आँखाहरू तीसी(आलस)का फुलहरू समान नीला थिए । शिरमा नीलोपन मिसिएका काला केशहरू थिए, उनको सम्पूर्ण अंग ज्यादै सुघर थियो ।

सिद्धार्थ जन्मेको सातौं दिन उनकी आमा महामायाको देहान्त भयो, तर उनी मातृस्नेहबाट वञ्चित रहेनन् । उनको लालन-पालनको जिम्मा उनकी सानी आमाले लिइन् । तिनको विवाह पनि



Downloaded from http://www.dhamma.digital

**शुद्धो**दनसंग भएको थियो । जुन दिन महामायाको **मृत्यु** भयो त्यसै दिन तिनलेपनि एउटा बालक **जन्माइन्** । त्यस बालकलाई धाइ आमाको जिम्मा **लगाएर, तिनीले** सिद्धार्थलाई आफ्नै आमाले जस्तै पालन-**पोषण गर्न** लागिन् । केही वर्ष पछि, सिद्धार्थ पाठशाला जान लागे, त्यहाँ उनी आफू समान् राजकुमारहरूसँग पठन-पाठनमा लागे । पाठशालाका अध्यापकहरू **उनको** विचार शक्तिलाई देखेर आश्चर्य मान्दथे । **छोटो** समयभित्रै उनले धेरै विषयहरू अध्ययन गरे र भाषा तथा अङ्क-गणितमा पारंगत भए । **खेलकुद,** कुस्ती, बाणविद्या आदिमा पनि निपुणता प्राप्त गरे । उनले हरेक विषयमा यस्तो प्रविणता देखाए कि उनका सहपाठीहरू छक्क पर्दथे । अध्यापकहरूले जे जति पढाउँथे त्यति र त्यसभन्दा बढी उनी आफै जान्ने बुझ्ने गर्दथे । उनको कद अग्लो थियो, शरीर सशक्त र सुडौल थियो । स्वभाव यति मधुर थियो कि उनको सम्पर्कमा आउने जोसुकै पनि उनलाई मनपराई हाल्थे ।

शाक्य राज्यमा प्रत्येक वर्ष "हलो जोत्ने मेला" लाग्दथ्यो । त्यस मेलामा राजाले पनि भाग लिन् पर्दथ्यो र सुनले मोढेका सिङ भएका गोरूहरू जोताएर सुनकै फाली भएको हलोले जमिन जोत्नु पर्दथ्यो । राजाभन्दा तल्लो श्रेणीका मानिसहरू चाँदीका फाली भएको हलो प्रयोग गर्दथे । सिद्धार्थ सात बर्षका भएपछि, शुद्धोदनले उनलाई पनि त्यस मेलामा लिएर गए तर उनलाई त्यसमा मन लागेन । सेवकहरूले एउटा रूखमुनि अरामसाथ बस्ने ठाउँ बनाइदिए । उनी त्यस माथि बसे र त्यहिं



Downloaded from http://www.dhamma.digital

वसीवसी ध्यान मग्न भए । उनको सास एउटा सिपालु ध्यान योगीको जस्तै नियन्त्रित थियो । सेवकहरूले उनको यस्तो अवस्था देखेर अचम्म मान्दै राजा शुद्धोदनलाई यस बारे जानकारी गराए । उनी दौडेर हेर्न आए । यसरी उनले आफ्नो छोराको अनौठो व्यवहारको एउटा प्रमाण फेला पारे ।

सिद्धार्थको दयाभावका अनेक कथाहरू प्रचलित छन् । एक दिन उनी काकाको छोरा देवदत्तसँग जंगल घुम्न निक्ले । देवदत्तको हातमा धनुष बाण थियो । आकाशमा बकुल्ला उडिरहेको देखेर निशाना लगाई बाण चलाए । एउटा पंक्षी आकशबाट जमिनमा खस्यो । दुबै बालकहरू पक्षीलाई टिप्न दौडे तर सिद्धार्थ पहिले पुगे । पक्षी मरेको थिएन घाइते मात्र भएको थियो । सिद्धार्थले शरीरबाट बाण निकाली दिए र पात थिचेर घाउमा लेप लगाइ दिए । यसरी पंक्षीलाई शान्त पारे । देवदत्तले घाईते पक्षी उसलाई दिइयोस् भनि मागे तर सिद्धार्थले दिएनन् । उनको भनाई थियो "पंक्षी मरेको भए तिम्रो हुन्थ्यो तर यो त मरेको छैन, घाईते मात्र भएको छ अनि म त्यस्को उपचार सेवा गर्दैछु, त्यसैले यो मेरो भयो ।" झगडा बढ्न गयो, कुरा न्यायालयसम्म पुग्यो । यथार्थ कुरा सुनेपछि न्यायाधीशले फैसला गऱ्यो "बचाउने प्रयास जसले गर्छ जीवन उसैको हुन्छ तर जीवन उसको हुँदैन जसले नाश गर्न खोज्छ, त्यसैले पंक्षी सिद्धार्थको भयो ।"

यसै वीच राज शुद्धोदन कहिले ब्राह्मणहरूको



Downloaded from http://www.dhamma.digital

भविष्य बाणी प्रति विचार गरिरहन्थे त कहिले छोराको भविष्यलाई लिएर चिन्तामा डूबि रहन्थे । यस चिन्ताबाट मुक्ति पाउन उनले पहिलेका ती सात ब्राह्मणहरूलाई फेरि बोलाए । कोण्डन्यको त अत्तोपत्तो नै थिएन । सातैजना ब्रामणहरू आएपछि राजाले सोधे "कोण्डन्यले भनेका चार चिन्हहरूका अर्थ के हुन् ?" ब्रामणहरूले भने "सिद्धार्थले कुनैपनि बेला 'बृद्ध', 'रोगी', 'मृतक' र संन्यासी लाई क्रमश देख्ने छन् । त्यसपछि संसार त्याग गर्नेछन् र सम्बोधि प्राप्त गर्ने प्रयत्नमा लाग्ने छन् ।" सिद्धार्थलाई यस्तो दृश्य देख्न पाउने मौका नै दिइनु हुदैन भन्ने कुरामा राजा विचार गर्न थाले । अत: उनले आफ्ना सेवकहरूलाई एक जनापनि बुढा विरामी मृतक वा संन्यासी सिद्धार्थको सामुन्ने आउन नपाउने व्यवस्था गर्न कडा आदेश दिए । यस कामको लागि विशेष रक्षक खटाइयो । सिद्धार्थको सेवामा केवल नवयुवकहरू मात्र लगाइयो । उनको अगाडि बृद्धावस्था, रोग र मृत्यु बारेमा कुरागर्न समेत रोक लगाइयो । संन्यासीहरूलाई कोशौ टाढा राखियो । सिद्धार्थले जीवनको अन्त्य र मृत्यु बारे सोच्न सम्म पनि नपाउने गरी बगैंचामा वइलेर खसेका पातहरू पर्यन्त उनी हिंडने बाटोबाट टिपेर फ्यांक्न लगाइयो ।

यति मात्र नभएर सिद्धार्थलाई प्रशस्त सुविधाहरू दिइयो । उनका चारैतिर सुख र आनन्दका स्रोतहरू खोली दिए । उनको रहन सहनका लागि गर्मी, जाडो, बरसात ऋतु अनुसार तीनवटा महलहरू बनाइए । महलका अगाडि ठूल्ठूला उद्यानहरू सजाइए । सरोवरहरूमा राम्रा राम्रा माछाहरू पालिए



Downloaded from http://www.dhamma.digital

र कमलका फुलहरू फुलाइए ।

यस्तो रमणीय वातावरणमा सिद्धार्थ जवान भए । उनी बडो सशक्त र सुन्दर थिए । उनको स्मरण शक्ति बडो तीब्र थियो । हरेक कलामा उनी आफ्ना साथीहरू भन्दा बढी नै जान्ने बुझ्ने भएका थिए । विद्या र बुद्धिमा त उनले आफ्ना समयका ठूल्ठूला पंडितहरूलाई समेत उछिनी (परास्त) दिएका थिए ।

अव राजा शुद्धोदनले सिद्धार्थको विवाह गरिदिने निश्चय गरे । सिद्धार्थले मनपरेको केटी छान्न सकोस् भन्ने उद्देश्य राखेर राजाले आफ्नो राज्य भरिका विवाह योग्य कन्याहरूलाई महलमा उपस्थित हुन निमन्त्रण गरे । तिनीहरूमध्ये यशोधरा सर्वभन्दा सुन्दर तथा आकर्षक युवती थिइन् । सिद्धार्थले यशोधरालाई नै मनपराए । राजाले तिनीहरूको विवाह बडो धुमधामसँग गरिदिए । सिद्धार्थ उनन्तीस बर्ष पुग्दा यशोधरा गर्भवती भइन् । अहिलेसम्म को घटनाक्रम राजाले चाहे जस्तै हुदै गइरहेको थियो । सिद्धार्थलाई संसार को सारा सुख सुविधा प्राप्त थियो । शरीर निःसार छ भन्ने कुरासँग उनलाई अज्ञात नै राखिएको थियो । तै पनि उनी एउटा न एउटा विचारमा डुविरहेकै हुन्थे । एक दिन दन्त्य कथामा जस्तै राजा शुद्धोदनले सिद्धार्थको आँखा अगाडि ठडयाएको सांसारिक पर्खाल अकस्मात भत्किन गयो । सिद्धार्थले वास्तविक स्थिती के हो भन्ने कुरा बुझे । अनि त्यो वास्तविकता थियो 'जीवन दुःखमय छ' । यही नै बुद्धका उपदेशहरूको मुख्य आधार बन्यो ।

⌘ ⌘ ⌘



Downloaded from http://www.dhamma.digital

# २.मानिसका चार अवस्थाहरू

सिद्धार्थलाई सारा सुख सुविधाहरू प्राप्त थियो, तैपनि उनी व्याकूल रहन्थे । एक दिन उनले सारथी छन्नलाई बोलाएर रथ तयार पार्ने आज्ञा दिए । छन्नले एउटा अत्यन्त राम्रो रथ लिएर आयो त्यस्मा चारवटा सेता घोडाहरू जोत्तिएका थिए । सिद्धार्थले लगाम समाई रथलाई गाउँतिर हाँकेर लगे । घोंडाहरू असल थिए, रथ सुन्दर थियो । सिद्धार्थले रथ हाँकिरहेको दृश्य अत्यन्त मन मोहक थियो । उनी देवता समान् देखिइरहेका थिए र देवता जस्तै सुन्दर थिए ।

धेरै टाढा गएका पनि थिएनन् । उनले बाटोमा एकजना थाकेको, कुप्रो, बूढो मानिसलाई देखे । त्यसलाई देखेर अचम्म मानेर रथ रोकेर छन्नसँग सोधे, "छन्न! यो मानिस जस्तो त देखिन्छ तर कपालका रौंहरू सेता किन छन् ? यसका दाँतहरू कहाँ गए ? यसका छाला यती चाउरी परेका, खस्रा किन छन् ? यिनी किन कुप्रो परेका हुन् ? किन यसका छातीका हाडहरू बाहिर निस्केका छन् ? हेर हेर यसका आँखाहरू खोपिल्टा परेका छन् । लौरो टेकेर हिंडिरहेको छ । यो कस्तो मानिस हो ?"

सिद्धार्थको प्रश्नको सरलतामा मोहित भएर छन्नले राजाको आज्ञा समेत बिर्सी दिए । उसले जवाफ दियो "यो बूढो मानिस हो । यस मानिस यस



Downloaded from http://www.dhamma.digital

धरतीमा धेरै बर्ष पहिले देखि जीवन व्यतीत गर्दै आईरहेको छ । यसको उमेर साठी, सत्तरी वा अस्सी बर्षको हुनसक्छ । त्यसकारण शरीर कमजोर छ र जीर्ण हुँदै गईरहेको छ । राजकुमार, यसमा आश्चर्य मान्नुपर्ने केही कुरानै छैन । हरेक मानिस यस्तो अवस्थामा पुग्नै पर्दछ । हामी सबै बूढा हुन्छौं "।

"हामी सबै बूढा हुन्छौं यसको अर्थ कतै हामी पनि यो मानिस जस्तै हुने त होईनौं? के यशोधरा, तिमी, मेरा सबै युवक साथीहरू, अनि म पनि यस बूढो मानिस जस्तै हुने छौं ?"

"हो, राजकुमार! यही मनुष्यको गति हो ।"

यस्तो उत्तर सुनेर सिद्धार्थ यति दिक्क भए कि उनलाई रथ अगाडि हिडाउन पनि कठिन भयो । उनको मस्तिष्क भित्र भयंकर खलबली मच्चियो । बोल्नपनि मन लागेन । चुपचाप महलतिर फर्केर आए । राजकुमारको शिथिल अनुहार, त्यसमाथि पनि छिट्टै फर्केर आएको देख्दा छन्नसँग शुद्धोदनले सोधे, "छन्न, कुरा के हो ?"

छन्नले सबै कुरा विस्तारपूर्वक सुनाए । राजा केही हताश त अवश्य पनि भए । तर त्यति चाँडै निराश भएनन् । सिद्धार्थको मस्तिष्कबाट बृद्धावस्था सम्बन्धी विचार फ्याँक्न उनले विशेष उत्सवको आयोजना गर्न लगाए । नाटकको लागि नाटक मण्डली बोलाइयो । नाच, गान हुन थाल्यो । रक्षकहरूको संख्या दोब्बर मात्रामा बढाइयो । साथ साथै पहिले जारी गरेका आज्ञाहरू कडाइका साथ पालन गर्न आदेश पनि दिइयो ।

सिद्धार्थ, एक दिन फेरि धुम्न निक्ले । यसपटक उनको अगाडि एक जना बिरामी मानिस



Downloaded from http://www.dhamma.digital

देखापऱ्यो । त्यो मानिस यति निर्वल थियो कि ऊ उभिरहन पनि सक्दैनथ्यो । पीडा र दु:खले छटपट गरी भुईमा पल्टिरहेको थियो । उसका आँखाहरू राता थिए र मुखबाट ऱ्याल चुहिरहेको थियो । सिद्धार्थले पहिले जस्तै छन्नसँग सोधे अनि छन्नले सिद्धार्थलाई यस दृश्यको अर्थ बताई दिए । सिद्धार्थ एकपटक फेरि गहिरो सोचमा डुबे । उनले छन्न सँग प्रश्न गरे, "छन्न के यस्तो स्थिती सवैले भोग्नु पर्ने हुन्छ ?"

"हजुर, जो सुकै पनि विरामी पर्न सक्छ तर , यदि मानिसले खानपानमा सतर्क रहयो, स्वच्छताका नियमहरूको निरन्तर पालना र व्यायामपनि गर्दै गऱ्यो भने, सधै स्वस्थ रहन सक्ने सम्भावना हुन्छ । त्यसकारण यो चिन्ताको विषय होइन ।" छन्नले कुरा संभाल्दै उत्तर दिए ।

"के, चिन्ताको विषय होइन रे! यस भन्दा पहिले मैले बृद्धावस्था र शरीरको अवसान(समाप्ती) को दु:खलाई देखें, अहिले म देखिरहेको छु, मनुष्यको अवस्था यस विरामी मानिसको जस्तो पनि हुनसक्दो रहेछ ।"

पहिले जस्तै अहिले पनि सिद्धार्थ अगाडि जान चाहेनन् । चिन्ताग्रस्त मन लिएर फर्के । तेस्रो पटक छन्नलाई लिएर घूम्न निक्लदा यस पटक सिद्धार्थले एक शवयात्रा देखें । शव बोक्ने मानिसहरू मूर्ति झैं स्तब्ध थिए । सँगै हिडिरहेका अन्य मानिसहरू छाती पिट्दै विदीर्ण हृदयले रोइरहेका थिए । यसको अर्थ सोधेपछि छन्नले भन्यो "मनुष्यको जीवनको अन्त्य हो, "मृत्यु" । बृद्धावस्थाले गर्दा मानिसको शरीर क्रमश निष्कृय हुनजान्छ, अनि त्यसपछि मृत्यु



Downloaded from http://www.dhamma.digital

हुन्छ । बिरामीबाट पनि मानिस मर्न सक्छ । श्वास रोकिन जान्छ र मुटुको क्रिया बन्द हुनजान्छ । तर यसमा आश्चर्य मान्नु पर्ने कुरा केहि पनि छैन । यो जन्म जस्तै सार्वभौम छ । जो जन्मन्छ त्यसले मर्नै पर्छ । बाँचिरहने जीव एक न एक दिन मर्नै पर्छ । मृत्युलाई कसैले पनि रोक्न सक्तैन, किनभने प्रत्येक जीवित प्राणीमा मृत्यु बसेको हुन्छ, त्यसकारण चिन्ता नगरौं, बरू दीर्घ जीवनको कामना गरौं ।"

सिद्धार्थले पहिले र अहिले देखेका दृश्यहरूलाई लिएर विचार गर्न लागे-"अनि बृद्धावस्थाको दु:ख, विरामीबाट हुने कष्ट, फेरि यो मृत्युबाट हुने दु:ख के यही नै मानिसको नित्य गति हो ? के मनुष्यलाई अन्तमा प्राप्त हुने यी नै अवस्थाहरू हुन् ? जीवन त दु:खै दु:ख मात्र रहेछ । के यस दु:खबाट छुटकारा पाउने एउटापनि उपाय छैन? के मैले र मबाट माया गरिएका सवैले यो बृद्धावस्था, यो विरामी र यो मृत्युको कष्ट भोग्नै पर्छ ?' बाटो भरी सिद्धार्थले मनमनै यी र यस्तै अन्य धेरै प्रश्नहरू गर्दै महलतिर फर्केर आए ।

एक पटक फेरि तर अन्तिम पटक, सिद्धार्थ छन्नसँग घुम्न निक्ले । पहिले भैं यस पटक पनि, तर एकदम बेग्लै किसिमको दृश्यले उनको प्रतीक्षा गरिरहेको थियो । शिर मुण्डन गरेको एकजना मानिसलाई उभिरहेको देखे । बिहानको घाममा उसको सन्यासी वस्त्र चम्कीरहेको थियो हातमा भिक्षा पात्र थियो । उसको अनुहार शान्त थियो र मुद्रा विचारपूर्ण थियो । नजर पृथ्वीतिर झुकेको थियो । सिद्धार्थको मनमा लाग्यो, 'यस मनुष्यको



Downloaded from http://www.dhamma.digital

मनमा शान्ति छ र आनन्द दायक विचारहरूमा डुवेको छ ।'

सिद्धार्थले रथलाई त्यहीं रोकेर छन्नसँग सोधे, 'छन्न, यो व्यक्ति को हो ? के यो मनिस हो ? मलाई त यिनी देवता जस्तो लाग्छ । हेर, कति शान्त र आनन्दित छ । यस्तो लाग्दछ उसलाई यस संसारको दु:ख र सुखले छुनै सकेको छैन ?"

"युवराज!, यो सन्यासी हो । यसले बृद्धावस्था, विरामी र मृत्यु कष्टलाई देखेर संसार त्यागी दिएको छ र यस कष्टबाट मुक्ति पाउने उपाय खोज्दै छ । यसको घर छैन, यो गुफा अथवा बृक्षमुनि बस्छ । दिनमा एकपटक भिक्षामा पाएको अलिकता भोजनले जीविका चालाउँछ । साधारण जीवन ब्यतीत गर्दछ । मन, वचन, कर्मले पवित्र भएर बस्ने प्रयत्न गर्दछ र तपस्या द्वारा संसारको दु:खबाट मुक्ति पाउने प्रयास गर्दछ । यो फिरन्ता सन्यासी हो । उसले मानिसहरूलाई पवित्र जीवन गुजार्ने र आनन्द(सुख) प्राप्तिको मार्ग देखाउँछ ।"

यहि चौथा चिन्ह अथवा दृश्य सिद्धार्थले देख्ने विषयमा ब्राहमणहरूले भविष्य बाणी गरेका थिए । यस दृश्यबाट सिद्धार्थ ज्यादै प्रभावित भए । यस पटक उनी महलतिर फर्केनन्, बरू बिचारमा डुब्दै अगाडि बढ्दै आफ्नै आनन्द उद्यानमा पुगे । त्यहाँ स्वादिलो भोजन, रक्सी, नर्तकीहरू, गायक, बादक, कवि तथा विद्वानहरू सवै उनको मनोरजनार्थ उनलाई पर्खेर बसिरहेका थिए । तर त्यहाँको एउटा पनि आकर्षणले उनलाई प्रभाव पार्न सकेन । उनी आफ्ना विचारहरूमा डुविरहे र अन्तमा निश्चय गरे । "म पनि सन्यास ग्रहण गर्छु, यो संसारलाई



Downloaded from http://www.dhamma.digital

त्यागी दिन्छु र दुःखबाट मुक्ति पाउने मार्ग खोज्छु ।"

आफ्ना विचारहरूसँग मन्थन गर्दै टहल्दै उनी एउटा बृक्षको छायाँमा बसे । जब उनी यसरी आफ्नो विचारमा मग्न भई बसेका थिए, त्यसै बखत उनको महलबाट एक जना सेवक घोडा दौडाउँदै उनी बसेको ठाउँमा आए र यशोधराले छोरा जन्माएको समाचार सुनाए । यो सूचना पाएर हर्षित हुनुपर्ने थियो तर त्यसो नभई उनलाई एउटा अर्के बन्धन थपिन आएको जस्तो लाग्यो । त्यसपछि उठेर महलतिर गए । उनले सोचे- 'अब अपनाउनु पर्ने जुन मार्ग मैले निश्चित गरेको छु, त्यसबाट मलाई कसैले पनि रोक्न सक्तैन; मेरै छोराले पनि सक्दैन । मैले निश्चयपूर्वक सन्यास ग्रहण गर्ने छु ।'

सिद्धार्थ दिक्दारीमा फँसेको कुराको अंदाज राजा शुद्धोदनले लगाए । ब्राम्हणहरूले गरेको भविष्यबाणी सफल हुने भयो भन्ने कुरा राजाले बुझे तर, सिद्धार्थलाई सांसारिक जालमा अल्झाइ राख्ने अन्तिम प्रयासको रूपमा उनले आफ्नो नातिको जन्मोत्सव भव्यरूमा मनाए । यस उत्सवमा राज्यमा भएका श्रेष्ठ वादक र गायकहरू बोलाइए, सुन्दर र श्रेष्ठ नृत्यागनाहरू निमन्त्रित भए । स्वादिष्ट भोजन बनाइयो । आफ्नो पितालाई गर्नुपर्ने सम्मान स्वरूप त्यस उत्सवमा सिद्धार्थले अवश्य पनि भाग लिए तर उनलाई यस्ता कुराहरूमा कत्ति पनि आनन्द लागेन । उनी आफ्नै विचारमा डुवी रहे र रात परेपछि झकाउन लागे । झकाउँदै गरेको राजकुमारको अगाडि नाच गान गर्नु ब्यर्थ



Downloaded from http://www.dhamma.digital

सम्झेर नर्तकीहरूले नाच्न बन्द गरिदिए र राजकुमार निद्राबाट विउझने प्रतीक्षामा तिनीहरू पनि आराम गर्न बसे । यसरी बस्दा तिनीहरूपनि मस्त निद्रामा सुते । सिद्धार्थ निद्राबाट बिउझें । उनको मनोरंजनको निमित्त आएका नर्तकीहरू गहिरो निद्रामा सुतेको देखेर उनलाई बडो आश्चर्य लाग्यो ।“आश्चर्य, तिनीहरूको मुद्रा कस्तरी बदलिएको छ! यी प्रसिद्ध गायिका र नर्तकीहरू यसरी सुतिरहेको देख्दा कति घृणास्पद देखिन्छन् । कसैको नाक बजिरहेको छ, कसैले पशुहरूझैं निद्रामा दाँत किट्किटाइरहेका छन् । केही क्षण पहिलेको सौन्दर्य कति कुरूप देखिएको छ । यस दृश्यले त सिद्धार्थको मनको विचार रूपी घडालाई झन माथिसम्म भरि दियो । चूपचाप उठेर उनले छन्नलाई बोलाए र आफ्नो प्यारो घोडा कंथकलाई लामो यात्राको लागि तैयार पार्ने आज्ञा दिए ।

यस संसारलाई त्याग्नु भन्दा पहिले उनलाई एउता कर्तब्यको सम्झना भयो । उनको पुत्रको जन्म र संसार त्याग्ने निर्णय एकै समयमा भएको थियो । यसकारण पुत्रको दर्शन गर्नु आवश्यक थियो । आफ्नो महल छाडेर जानुभन्दा पहिले पत्नी र छोरा सुतिराखेको कोठाको ढोका अगाडि गएर उभिए । यशोधराले छोरालाई छातीमा टाँसेर सुताइ राखेकी थिइन् र तिनको हातले बालकको मुख छेकी राखेको थियो । छोराको मुख हेर्न पत्नीको हात पन्छाउँ तिनी विउँझने डर भयो न पन्छाउँ त छोराको दर्शन नै नपाई जानुपर्ने भयो । उनले छिट्टै निर्णय गरे "छोरालाई हेर्नै नपाइ मैले जानुपर्ने भयो, तर म जुन उद्देश्यको खोजिमा जाँदै



Downloaded from http://www.dhamma.digital

छु त्यसलाई प्राप्त गरेपछि यहाँ फर्केर आउनु नै छ; त्यसैबेला पत्नी र पुत्रलाई भेटुँला ।"

मध्य रातको समय थियो । छन्नलाई लिएर उनी कपिलवस्तुबाट निक्ले । शहरको मूल ढोका वाहिर आएपछि एकपटक पछाडि फर्केर महलतिर हेरे जूनको शीतल छायामा महल सुतिरहेको थियो । यसै महलमा उनले आज सम्मको जिन्दगी विताएका थिए, अनि यसै महल भित्र तिनीहरू सबै सुतिरहेको थिए जसलाई उनी माया गर्दथे ।

घोडा चढेर अनोमा नदीको किनार सम्म पुगे । अनोमा नदीको वारितिर शाक्यहरूको राज्य थियो भने पारि तिर मगध राज्य पर्दथ्यो । नदी तरे पछि सिद्धार्थ घोडाबाट वर्ले । आफ्ना रेशमी बस्त्र र आभुषण फुकालेर छन्नलाई दिए । त्यसपछि सन्यासी वस्त्र लगाए । आफ्नै तलवारले केश काटे । हातमा भिक्षा पात्र लिए । कन्थककलाई संगै लिएर छन्नलाई फर्किजाने आदेश दिए । छन्न सिद्धार्थ सँगै जान चाहान्थो, त्यसैले फर्केर जान मानेन । यस अवस्थामा सिद्धार्थले छन्नलाई स्नेहपूर्वक सम्भाउनदै भने, "छन्न, राजमहलमा गएर मेरा गर गहना र लुगाहरू मेरा पितालाई बुझाइदिनू र मातापिता तथा पत्नीलाई पीर नलिने भन्दिनू । म बृद्धावस्था, रोग र मृत्युको दु:खबाट सधैंको लागि मुक्ति पाउने उपाय खोज्न जाँदै छु । त्यस्तो उपाय प्राप्त गरेपछि मात्र फर्कने छु । तिनीहरूलाई पनि यस बारे जानकारी गराउने छु । त्यसबेला साँच्चै, तिनीहरू बडो खुशी हुनेछन् ।"

छन्न सिद्धार्थको सन्देश लिई फर्केर जान तैयार त भयो तर कन्थक (घोडा) भने त्यहाँबाट



Downloaded from http://www.dhamma.digital

एक पाइला पनि अगाडि हिड्न मानेन । सिद्धार्थले उसलाई पनि मायालु शब्दहरूले सम्झाउनु पऱ्यो अनि पछि मात्र महलतिर फर्केर जान मान्यो । अलिकता टाढा पुगेपछि उसले फर्केर सिद्धार्थलाई हेऱ्यो । उसको आँखाबाट अविरल आँसु बग्यो । नजरले भेट्टाए सम्म उसले राजकुमारलाई हेरीरऱ्यो तर सिद्धार्थ को विछोडको चोटलाई सहन नसकेर तत्क्षण त्यहि प्राण त्याग गऱ्यो ।

⌘ ⌘ ⌘



Downloaded from http://www.dhamma.digital

# ३, संबोधि प्राप्ति

संसारदेखि अलगभएर सिद्धार्थले सन्यासी जीवन व्यतीत गर्न थाले । अनोमा नदी यस परिवतर्नको साक्षी थियो । त्यसलाई अव धेरै पछाडि छोडी सकिएको थियो । त्यसबेला सिद्धार्थले जस्तै जीवन व्यतीत गर्ने मानिसहरूको कमी थिएनन् । उनले भिक्षा मागेर भोजन प्राप्त गर्दथे र जहाँ सजिलो पर्थ्यो त्यहीं रात बिताउँथे, तर उनी राजकुमार सिद्धार्थ हुन भन्ने कुरा कसैलाई पनि थाहा थिएन ।

सिद्धार्थ मगध राज्यको राजगृह नगरमा पुगेपछि मात्र मानिसहरूले उनलाई चिन्न सके । उनको गरिमा देखेर त्यहाँका मानिसहरू छक्क पर्थे । दुतहरूले यो समाचार राजा बिम्बिसार समीप पुऱ्याए, "महाराज, गौतम नाम भएको एक जना सन्यासी राजगृह आएका छन् । उनी यति मधुर, यति विनम्र र यति अनुशासित छन् कि हेर्नै लायकको छ ।"

गौतम भन्ने नाम सुन्नासाथ विम्विसारले थाहा पाइहाल्यो त्यो अर्को कोही पनि नभएर, आफ्नो छिमेकी राज्य, आफ्नै मित्र, राजा शुद्धोदनका छोरा, राजकुमार सिद्धार्थ थिए । संभवत: सिद्धार्थको गृहत्यागको कुरा राजा समक्ष पुगि सकेको थियो । उनलाई भेट्न बिम्बिसार यथा शिघ्र महलबाट निस्के । भेटेपछि बिम्बिसारले भने, "सिद्धार्थ! तिमीले



Downloaded from http://www.dhamma.digital

यो के गरेको? किन यताउती भौतारिरहेका छौ? के तिम्रो माता पितासँग झगडा पर्‍यो ? तिमी उनीहरूसँग बस्न चाहान्नौ भने नबस, तर यो भेषलाई त्यागेर मसितै बस । म तिमीलाई मगधको आधा राज्य दिन्छु ।"

सिद्धार्थले आदरपूर्वक उनको प्रस्ताव अस्वीकार गरिदिए र आफू एउटा यस्तो सुख अथवा प्रसन्नताको खोजमा निस्केको कुरा पनि सुनाए, जुन सुखको भौतिक सुख सामग्रीसँग अतिकतिपनि समानता हुँदैन ।

सिद्धार्थले गृह त्याग गरी अध्यात्म मार्ग ग्रहण गरेको खवर कोण्डन्यले सुन्यो, जसले यो उनको नयाँ जीवनको भविष्यबाणी गरेका थिए । उनी सक्दो छिटो सिद्धार्थलाई भेट्न हिडे । उनका चार मित्रहरू भद्दिय, वप्प, महानाम, र अस्सजी पनि सँगै थिए । ती पाँचै जना सत्यको खोजमा लागेका थिए । सिद्धार्थ समेत मिलाएर छ जना भए । ती छ:जना अव सँगै सँगै भ्रमण गर्न लागे ।

आजकल जस्तै त्यस समयमापनि संबोधि प्राप्त गर्न कसैलाई गुरू बनाउनुपर्ने चलन थियो । गुरूहरूको एउटापनि संस्था थिएन । ज्ञान र अनुभवद्वारा जसले प्रशिद्धि प्राप्त गर्दथ्यो मानिसहरू उसैकहाँ पुग्ने गर्दथे । त्यस समय उत्तर भारतमा आलार कलाम नाम भएको गुरूको प्रशिद्धि फैलिएको थियो । ध्यानमा उनी अनन्त शून्यको स्थितीसम्म पुग्न सक्थे, त्यस्तो ध्यानलाई "सातौ ध्यान भन्थ्यिो ।" सिद्धार्थ र उनका साथीहरू ती गुरूको शरणमा गए र उनको चेला भएर उनकै अनुशासनमा बस्न लागे । गुरूले जे कुरा सिकाउँथे त्यसलाई



Downloaded from http://www.dhamma.digital

सिक्न सिद्धार्थ कडा कठिन परिश्रम गर्थे । एक दिन गुरूले सिद्धार्थलाई भने, "अब मसँग सिकाउनुपर्ने कुराहरू केहीपनि बाँकी छैन, त्यसैले तिमी मसँगै बस र अरू शिष्यहरूको प्रशिक्षणमा मलाई मद्दत गर " ।

"के तपाईले जान्नुभएको यतिमात्र हो? मलाई रोग, बृद्धावस्था र मृत्युबाट हुने दुःख बाट मुक्ति पाइने उपाय बताउन सक्नुहुन्न?" सिद्धार्थले सोधे ।

"मैले जान्दै नजानेको कुरा तिमीलाई कसरी सिकाउन सक्छु । जे कुरा तिमीले सिक्न खोजेका छौं, त्यसलाई सिकाउने मानिस त आजसम्म यो संसारमा कोही पनि छैन ।"

त्यसपछि सिद्धार्थले त्यहाँबाट विदा लिए र साथीहरूसँग भ्रमण गर्नलागे । तिनीहरूले जसलाई भेट्थे, त्यसबाट उसले जानेका जति सबै कुराहरू सिक्थे र फेरि असल गुरूको खोजीमा निक्लन्थे यसरी तिनीहरूले उद्दक रामपुत्रलाई भेटे । सिद्धार्थका स्वर्गीय गुरू रामपुत्र ध्यानको एउटा उच्च अवस्थाको खुट्किला सम्म पुगेको व्यक्ति थियो, जस्मा संवेदनशीलता र असंवेदनशीलता को कुनै ज्ञाननै हुदैनथ्यो । त्यसबेला यसलाई 'आठौं ध्यान' भनिन्थ्यो । तिनीहरू यसलाई प्राप्त गर्ने कोशिशमा लागे । उद्दक रामपुत्रको निर्देशनमा सिद्दार्थले त्यो स्थिति पनि प्राप्त गरे । यस्तो देखेर उनले नम्रतापूर्वक सिद्धार्थसँग उनका शिष्यहरूको गुरूपद संभालिदिने प्रार्थना गरे तर उनले स्वीकार गरेनन् । उद्दकबाट बिदावादी भएर तिनीहरू उरूबेला पुगे । त्यहाँ केही दिन बस्ने निश्चय गरे । नजिकै एउटा सुनसान र शान्तिदायक बन थियो । सफा



Downloaded from http://www.dhamma.digital

पानी बगिरहने नदी थियो र भिक्षा प्राप्त गर्न एउटा गाउँ पनि नजीकै थियो । तिनीहरूले त्यहाँ बसेर, गुरूको सहायतानै नलिइकन जे कुरा प्राप्त गर्न खोजेका थिए त्यसलाई प्राप्त गर्ने प्रयत्न गर्ने निश्चय गरे ।

सिद्धि प्राप्त गर्न त्यसबेला कायाकष्टको विधि प्रचलित थियो । सिद्धार्थ र उनका साथीहरूले त्यसैको अनुसरण गर्न लागे । पहिलो अवस्थामा तिनीहरूले दिनभरिमा एकपटक मात्र खाने गर्दथे त्यसपछि दुई दिनमा मात्र एक पटक, त्यसपछि तीन दिनमा एक पटक, पछि गएर तिनीहरूले भिक्षा नै माग्न जान छाडि दिए र वनवाट ल्याएको कन्दमूल, फल र पातहरू खाएर गुजारा चलाउन लागे । परिमाण स्वरूप तिनीहरूको शरीर अत्यन्त कमजोर हुन गयो । शरीरका हाडहरू निक्लन थाले । छाला चाउरिन थाल्यो । आँखामा खोपिल्टा परे । तिनीहरू गहिरो इनार भित्रको ढुंगाहरू जस्तो देखिन थाले । शरीरका अङ्गहरू दुःख्न - थाले, भोकको पीडाले सताउन थाल्यो । शरीरलाई कष्ट पुऱ्याउने क्रम अझै चलिनै रह्यो । तिनीहरूले लामो समयसम्म सास रोकि राख्थ्यो जसले गर्दा तिनीहरूको शिर घूम्न लाग्थ्यो र टाउको फुट्लाजस्तो हुन्थ्यो दिनभरि भत्भती पोल्ने घाममा बस्दथे भने राती हावामा मात्र प्रवेश गर्न पाउने, निस्सासिने कोठामा बस्थे । जाडोको यामामा हिउँजस्तो चीसो पानीमा नुहाउँथे । शरीर प्रतिको उपेक्षाको हद यति सम्म पुगेको थियो कि फोहोर मैलाको थुप्रोमा फालेको झुत्रा झुम्रा र कात्रो समेत ओढने गर्दथे । मानसिक शक्तिको परीक्षा गर्न मसान घाटमा



Downloaded from http://www.dhamma.digital

एकला एक्लै रात विताउंथे । यस्तो एकान्त ठाउंमा तिनीहरूलाई जंगली पशुहरूको डर पर्यन्त लाग्दैनथ्यो ।

यस्तै सबै प्रकियाहरू अपनाउँदै ध्यान कार्यमा लागिरहे, तर यसबाट एउटा पनि सुपरिणाम निक्लेन । सिद्धार्थले सोचे "यतिको यातना सहेर पनि आखिर केही पनि प्राप्त भएन" एक दिन उनी बेहोश भए । बेहोशीकै अवस्थामा उनलाई एकजना भेडा चराउने गोठालोले फेला पारे । उसले सिद्धार्थलाई आफ्नो छाप्रोमा लिएर गयो । दूघ पिलायो र स्याहार सेवा गऱ्यो । आफू पहिलेजस्तै स्वस्थ्य नभएसम्म उनी गोठालोसितै बसे । स्वस्थ्य भएपछि आफ्नो पाँच जना साथीहरूलाई भेट्न हिंडे । उनका साथीहरू अझैपनि काया कष्टमै लागिरहेका थिए । सिद्धार्थलाई स्वस्थ्य र वलियो भएको देख्दा तिनीहरूलाई बडो नरमाइलो लाग्यो । तिनीहरूलाई सिद्धार्थले निश्चित गरेका नियमहरू तोडेको जस्तो लाग्यो । उनको यस्तो ब्यवहार देखेर तिनीहरू ज्यादै नै रिसाए, अन्तत, सिद्धार्थलाई एक्लै छाडेर एकातिर हिंडिदिए ।

एक्लो परे पछि सिद्धार्थले आफूलाई बलियो बनाउनतिर लागे र उनको त्वचामा पहिले जस्तो सुनौलो किरणहरू फर्केर आए । ती बत्तीस चिन्हहरूपनि, जसलाई देखेर ब्राम्हणहरूले बुद्धत्व प्राप्ती बारे भविष्यबाणी गरेका थिए, उनको शरीर मा देखिन थाले । नजीकैको गाउँमा एकजना धनाढयकी छोरी सुजाता बस्तथिन् । तिनले छोरा जन्मे गाउंको बरबृक्षको देउतालाई खीर चढाउने भाकल गरेकी थिइन् । त्यही बरको रूखमुनि



Downloaded from http://www.dhamma.digital

सिद्धार्थ बसेका थिए । आजकै दिन सुजाताले देवतालाई खीर चढाउने दिन थियो । पूजागर्ने ठाउँ स्वच्छ पार्न तिनले दासीलाई पठाइन तर दासीले सिद्धार्थलाई नै बरबृक्षको देवता सम्झेर त्यसको सूचना सुजातालाई दिन आइन् । तिनी आफूले पकाएको विशिष्ट खीर सुनको बटुकोमा राखी र रेशमी कपडाले छोपी हतारसँग दौडेर आइन् । सिद्धार्थलाई देखेपछि दासी झैं तिनीपनि आश्चर्य र अकमक्क परिन् । सिद्धार्थ ध्यान मग्न थिए । उनको शरीरबाट सुनौला किरण छरिइरहेको थियो । ध्यान मुद्रामा सिद्धार्थलाई देखेपछि सुजाताले भनिन्, "भगवान् तपाई मनुष्य वा देवता जो सुकै हुनुहोस्, मैले ल्याएको खीर स्वीकार गर्नुहोस् जुन सिद्धिको लागि तपस्या गरिरहनु भएको छ, त्यो तपाईलाई प्राप्त होस्,"

सुजाताले खीरले भरिएको बटुको सिद्धार्थको हातमा अर्पण गरिन् र आदरपूर्वक प्रणाम गरी त्यहाँबाट विदा भइन् । सुनको मुल्यवान बटुको समेत गौतमलाई समर्पित गरेको कुरा तिनलाई होशै भएन ।

जुन कूराको खोजमा गौतम बर्षौंदेखि लागि रहेका थिए अव त्यसलाई प्राप्त गर्ने स्मय आइसकेको थियो । खीरको बटुको लिएर निरंजरा नदीतिर गए । बटुकोलाई किनारमा राखेर नदीमा स्नान गरे । अनी त्यसलाई काखमा लिएर बुद्धत्व प्राप्ति प्रयत्न मार्गको अन्तिम भोजन ग्रहण गरे । भोजन सकेपछि हात धोए र बटुकोलाई पानीमा बगाउँदै भने "मलाई यदि सम्वोधि प्राप्त हुनु छ भने यो बटुको नदिको उल्टो धारसँगै बगेर जाओस् ।"



Downloaded from http://www.dhamma.digital

बटुको नदीको धारको विपरित दिशातिर नै बग्यो । सिद्धार्थ त्यस पछि नदी किनारको जंगलमा गएर विश्राम गरे । साँझको वेला त्यहाँबाट उठेर बोधि बृक्ष भएको ठाउँतिर गए । बाटोमा श्रोत्रिय नाउँ भएको घाँसीलाई भेटे । उसले आसन बनाउन कुश दियो । पिपलको बृक्षमुनि कुशासनमा बसेर, पूर्वतिर मुख फर्काइ ध्यानासन लगाए र सोहि ध्यानबाट उनले बैशाख पूर्णिमाको दिन सम्वोधि प्राप्त गरेर सिद्धार्थ गौतम 'सम्यक् सम्वुद्ध' भए ।

ध्यान शुरू गरेपछि सर्वप्रथम प्रेतहरू आएर उनलाई खूवै तर्साउने प्रयत्न गरे, त्यसपछि अनेकौं मानसिक संवेदनालाई पारगरे । पूर्वजन्मका सवै कुराहरूको सम्झना भयो । कुन जन्ममा के थिए, ती सवै कुराहरू देखे । वस्तुहरूले कसरी रूप लिन्छन र कसरी नष्ट हुन्छन् त्यस माथि विचार गरे । उनको स्मृति (मस्तिष्क) पवित्र भएपछि वेदनाको प्रकृतिमाथि विचार गरे । तिनीहरू कसरी अस्तित्वमा आउँछन् र कसरी नष्ट गर्न सकिन्छ, त्यो कुरापनि जाने ।, उनले कामेच्छाको वेदना अमरत्वको इच्छा, भ्रम मायाजाल र त्यस्तै अनेकौं वेदनाहरू नष्ट गरे, फलस्वरूप उनलाई 'मुक्ति' प्राप्त भयो । मानिसहरूलाई आफ्नो अनुभव बताउँदै भने "म जन्म मरण (आवागमन) देखि मुक्त भइसकेको छु । अव मेरो लागि यो संसारको कुनै अर्थ (प्रयोजन) छैन ।"

गौतम सात दिन सम्म ध्यान मग्न भए । जव बैशाख पूर्णिमा सिद्धिन लागिरहेको थियो र सूर्योदय हुन लागिरहेको थियो, उनको ध्यान भङ्ग भयो । ध्यान टूटेपछि पनि उनी केही समय सम्म बोधि



Downloaded from http://www.dhamma.digital

वृक्ष नजीक बसिरहे, त्यसैको वरपर टहलिरहे, त्यस बृक्षलाई कृतज्ञतापूर्वक हेरिरहे, किनभने ध्यान गर्दाका बखत त्यसले छायाँप्रदान गरेको थियो । संबोधि प्राप्त गरेपछि गौतम जब बोधिबृक्ष मुनि बसिरहेका थिए , त्यसै बखत तपस्सु र भल्लुक नाम भएका दुई जना व्यापारीहरूले उनलाई देखे । तिनीहरूले बुद्धलाई भात र मह हाली बनाएको लड्डूको भोजन गराए । भोजनपछि बुद्धले तिनीहरूलाई आफ्नो अनुभव सुनाउनु भयो । अनुभव सुनेपछि ती दुवै जनाले उहाँको शिष्यत्व ग्रहण गरे । यसरी प्रथम बौद्ध धर्मको अनुयायी बन्ने ती नै दुई जना गृहस्थी हरू थिए । त्यसबेला गौतमको उमेर पैतीस बर्षको थियो ।

⌘ ⌘ ⌘



Downloaded from http://www.dhamma.digital

# ४. मध्यम मार्ग

बुद्धले अब आफ्नो सिद्धान्त(विचार) मानिसहरू बीच पुऱ्याउने निश्चय गर्नुभयो । यस क्रममा उहाँले आफ्ना बिचारहरू छिट्टै बुझ्न सक्ने व्यक्तिहरूलाई खोज्न लाग्नुभयो । यतिकैमा उहाँलाई आध्यात्मिक मार्गको पूर्णतामा धेरै अगाडि पुगिसकेका उही आफ्नो पहिलो गुरू आलार कलामको संम्झना भयो । तर सोधखोज गर्दै पत्ता लगाउँदा उनको मृत्यु भइसकेको रहेछ । त्यसपछि रामको शिष्य उद्दकलाई खोज्नुभयो । उनको पनि मृत्यु भइसकेको थियो । अन्तमा ती नै पाँच साथीहरूलाई सम्झनु भयो, जो सँग बसेर उहाँले तपस्या शुरू गर्नु भएको थियो र पछि रिसाएर उहाँलाई छोडी हिडेका थिए । यसबेला तिनीहरू सय माइल टाढा बाराणसी नजीक नसीपत्तऋको मृगदाय उद्यानमा बसेका थिए । बुद्धले त्यहाँ पुग्न आफ्नो यात्रा शुरू गर्नुभयो । उहाँले पैदल नै यात्रा गर्नुभयो र साँझको बेला तिनीहरू बसिराखेको ठाउँमा पुग्नु भयो । बुद्धलाई आउँदै गरेको देखेर ती पाँचै जनालाई बडो आश्चर्य लाग्यो र तिनीहरूलाई छोडेर हिंडी दिंदा जुन अपमान तिनीहरूले महशुश गरेका थिए, त्यो पनि सम्झे । उहाँ नजीक पुग्दै हुनुहुन्थ्यो, यसै बीच तिनीहरूले आपसमा कटूतापूर्ण सल्लाहपनि गरे



Downloaded from http://www.dhamma.digital

"देख्यौ, आफूलाई सन्यासी भनाउने गौतम हामीकहा आउँदैछ । जो भोगी उही जोगी, हामी उसको वास्तानै गर्दैनौं । उसको सम्मानमा उसका भिक्षापात्र, चीवर पनि उठाउँदैनौ । इच्छा लागे यहाँ आउला, बस्ला, अरू केही गर्ने होइनौं ।"

बुद्ध नजीक पुग्नु भएपछि तिनीहरूले गौतममा केही नयाँ परिवर्तन देखे । उहाँको अनुहारमा तिनीहरूले भव्यता र शास्ताको (धर्मानुशासक) गरिमामा मुछिएको जस्तो चमक पहिले कहिल्यै पनि देखेका थिएनन् । यस्तो देख्ना साथ तिनीहरूको मन भित्रको क्रोध स्वत:शान्त हुन गयो । नजीक गएर तिनीहरूले उहाँको सम्मान गरे । एकजनाले उहाँको हातबाट भिक्षा पात्र र अतिरिक्त चीवर समायो । अर्कोले आसन बिछ्याइ दियो र तेस्रो जल लिन दौडेर गयो । यसरी मन नपर्ने पाउहुनाको मनपर्दो तरिकाले स्वागत भयो ।

त्यस दिन साँझ उहाँले पहिलो प्रवचन (देशना) गर्नुभयो । यसलाई 'धर्मचक्र प्रर्वतन' भनियो । यस प्रवचनको बुद्धका प्रवचनहरूमा विशिष्ट स्थान छ । यसको गूढ रहस्यलाई सर्वप्रथम कोण्डन्यले बुझ्न सकेको कारण उसले अनुभूतिको अधारमा सम्बोधि प्राप्त गऱ्यो । यस घटनाबाट अति प्रसन्न भएर बुद्धले भन्नुभयो । "कोण्डन्यले अनुभव (ज्ञान प्राप्त) गरिसक्यो । कोण्डन्यले अनुभव गरिसक्यो ।" कोण्डन्यनै त्यो ब्राहमण थियो, जसले सिद्धार्थले बुद्धत्व प्राप्त गर्ने बारे भविष्यवाणी गरेको थियो र बुद्धत्व प्राप्त गरेपछि उहाँबाट सम्बोधि प्राप्त गर्ने उद्देश्य लिएर घरबार त्यागी सन्यासी भएको थियो । बुद्धको प्रवचन त्यही साँझ समाप्त



Downloaded from http://www.dhamma.digital

भएको थिएन्, धेरै दिनसम्म चलिरहयो । उहाँले भिक्षाटन गर्न पाँच मध्ये दुई जनालाई एक दिन र तीन जनालाई अर्को दिन पठाउनुहुन्थ्यो । सुन्न नपाएकाहरूलाई त्यही प्रवचन भोलिपल्ट फेरि दोहोऱ्याएर सुनाउनु हुन्थ्यो । यस किसिमले सवैलाई प्रशिक्षण दिँदै जानुभयो ।

यहाँ बुद्ध शिक्षाका प्रमुख अंगहरूको बर्णन गर्नु ठिक पर्ला । गणितको सूक्ष्मता बर्णन गरे जस्तै शास्त्रमा यसको बर्णन सिलसिला बद्ध तरीकासँग गरिएको छ । त्यसबेला लेख्ने चलन धेरै नभएकोले यस्तो तरीका आवश्यक थियो । गुरूले शिष्यद्वारा सजिलैसँग कण्ठस्थ पार्न सकिने किसिमले शिक्षा दिने व्यवस्था गर्नुपर्दथ्यो । यसै शैली अनुसार वुद्धका सवै सिद्धान्त र नियमहरूको बर्णन,एउटा विशेष पक्ष 'आर्यअष्टागिक मार्ग', 'चार आर्य सत्य' र 'राग (माया, मोह)हरूको' पाँच विभागहरूको रूपमा गरिएको छ । यस शैली अनुसार अत्यन्त कठीन र बुझ्न गाह्रो पर्ने विचारहरूलाई पनि एउटै श्रृखलामा बाँधि दिन्छ । यसरी त्यसलाई सम्झी राख्न र त्यसको मूल रूपनै अरूलाई स्मरण गराई राख्न सजिलो पर्न जान्छ ।

बुद्धको दर्शनको आधार शीला नै चार आर्य सत्य हुन् ।

१) जीवन दुःखमय छ, किनभने रोग, बृद्धावस्था, असन्तोष र मृत्युको डरले यसलाई घेरी राखेको हुन्छ ।

२) दुःखको कारण तृष्णा अथवा संसारसँग बाँधिएर रहनु त्यसबाट दुःख अर्थात इन्द्रिय सम्वन्धी आनन्दको इच्छा(कामेच्छा), हैरानीबाट मुक्तिको इच्छा, बाँचिर



Downloaded from http://www.dhamma.digital

हने इच्छा पैदा हुन्छ ।
३) यसकारण तृष्णा को निरोध (प्रतिवन्ध) नै दु:ख नाशका उपाय हुन् ।
४) चौथो आर्य सत्यले इच्छा नाश गर्ने उपाय बताउँछ । यही नै बुद्धको उपदेशको मेरूदण्ड हो । यसलाई 'आर्य अष्टागिक मार्ग' अथवा 'मध्यम मार्ग' भनिन्छ । यसलाई बुझ्न बुद्धले आफ्ना पाँच जना शिष्यहरूलाई भन्नुभयो, "संसार त्यागने मानिसले दुईटा 'अतिहरूबाट' बच्नु पर्दछ । पहिलो 'अति' हो, अनुराग, विशेषगरी मोहमा फँसिर हनु । यो घृणित, संस्काररहित, अयोग्य र हानिकार क छ । यो त सांसारिक व्यक्तिहरूकालागि मात्र योग्य हुन्छ । दोस्रो अति हो 'काया कष्ट' यो दु:खद छ, कुरूप छ र हानिकारक छ । बुद्ध स्वयं यी दुई 'अतिहरूबाट' पार भइसक्नु भएको थियो । मायामोहको जीवन त त्यो थियो जुन उहाँले जवानीको अवस्थासम्म आफ्नो महलमा बिताइ सक्नु भएको थियो, र कायाकष्टको विधिबाट पनि परिचित हुनुहुथ्यो जसलाई त्यागगर्दा जुन व्यक्तिहरूले अहिले उहाँको उपदेशहरू सुनिरहेका थिए, उहाँसँग रूष्ट हुन पुगेका थिए । उहाँले मायामोहको जीवन यस कारणले बहिष्कार गरिदिनुभयो, किनभने यस्तो जीवन आध्यात्मिक उन्नतिमा बाधक हुन्छ । कायाकष्टले मस्तिष्कलाई कमजोर बनाइदिन्छ ।

यी दुवै अतिहरूबाट बच्ने उपाय मध्यम मार्ग अथवा 'आर्य अष्टागिक मार्ग' हो । यस मार्गले माया मोहको जीवन र कायाकष्ट दुवै अतिहरूबाट बचाउँछ । यस मार्गका आठवटा अङ्गहरू **हुन्:** सम्यक् दृष्टि (अवलोकन),संम्यक् संकल्प(**चिन्तन**),



Downloaded from http://www.dhamma.digital

सम्यक वचन (वाणी,वोली), सम्यक् कर्मान्त (आचरण), सम्यक् आजीव(जीविका), सम्यक् व्यायाम (अभ्यास), सम्यक् स्मृति(सतर्कता) र सम्यक् समाधि (एकाग्रता)

**सम्यक्**(यर्थाथ) दृष्टिको अर्थ हुन्छ, जुन चीज वा बस्तु जस्तो छ त्यसलाई त्यस्तै हो भनी जान्नु वा बुझ्नु । जुन चारवटा आर्य सत्य(अतिउत्कृष्ट र अलौकिक सत्य) भनिएको छ, त्यस अनुसार जीवनको प्रकृतिलाई हेर्नु । सम्यक् दृष्टिको अर्थलाई बाह्र भागमा विभाजन गरिएको छ ।

सम्यक् संकल्पको अर्थ हुन्छ, पवित्र चिन्तन । काम क्रोध, ईर्श्या कुकर्महरूबाट मुक्त रहनु । यी पूर्णता प्राप्तिमा बाधक हुन्छन् । सम्यक् संकल्पको सम्यक् बचन, सम्यक् कर्मान्त सम्यक् स्मृति (चिन्तन) र सम्यक् समाधि(मनको एकाग्रता) सँग नजीकको सम्वन्ध हुन्छ ।

**सम्यक्** वचनको अर्थ हुन्छ, जति आफ्ना विचारहरूलाई शुद्ध पारिन्छ, त्यसै अनुरूप शब्दहरूपनि हुनुपर्दछ । असत्य, चुक्ली, निरर्थक कुराहरूदेखि अलगभएर बस्नुपर्छ, कुराकानी कठोर नभइ आनन्ददायी हुनुपर्दछ । सम्यक् बचन उत्तेजित, तीब्र र दुराग्रहपूर्ण हुँदैन, नत अर्कालाई नै उत्तेजित पार्दछ ।

सम्यक् कर्मान्त पाँच भागमा बाँडिएको छ । पहिलो हो हत्या नगर्नु, सबै जीवहरूप्रति मैत्री भाव राख्नु, चोरी, परस्त्री गमन तथा नशाबाट अलग रहनु । विषय भोगको इच्छा र हत्या कार्यबाट मानिसनै अलग भएर बस्नु पर्ने कुरामा विशेष जोड दिइएको छ । यसरी सम्यक् कर्मान्त सम्यक दृष्टि,



Downloaded from http://www.dhamma.digital

सम्यक् संकल्प र सम्यक् व्यायामसंग सम्बन्धित छ ।

सम्यक् आजीव (जीवन निर्वाह गर्ने उपाय, जीविका) धेरै स्पष्ट छ । जीविकोपार्जनको निमित्त त्यस्तो व्यापार गर्नु हुँदैन, जस्मा बुद्धका उपदेशहरू विरूद्ध चल्न परोस् । त्यसमा धोखा हुनुहुँदैन । शोषण हुनुहुदैन । कसैलाई नोक्सान वा अन्याय हुने सम्भावना हुनुहुदैन । बुद्धका उपासकहरूका निमित्त मानिसहरूको बेचविखनको धन्दा, मासु बेच्ने पेशा, बिष र रक्सी बेच्ने काम बर्जित छ । तिनीहरूका लागि सैनिक, शिकारी वा पोड़े(माछा मार्ने) हुनुपनि अनुचित हुन्छ, जति कि धेरै ब्याज दरमा ऋण दिने, वेश्याबृत्ति गर्ने वा चिप्लो कुरा गरेर अरूलाई भ्रममा पार्ने मानिस बुद्धको जीवनको आदर्श त गृहत्याग र सांसारिक भोगहरूबाट मुक्ति प्राप्त गर्नु हो । यसकारण जीवनलाई जति सक्यो त्यति साधारण वनाउनु पर्छ । जुन मानिस माथि ब्यापार अथवा परिवारको जिम्मेदारी हुन्छ, त्यसले पनि साधारण जीवन वितांइनु पर्दछ । सम्यक् आजीविकाको मार्ग सम्यक् दृष्टि, सम्यक् व्यायाम, सम्यक् स्मृतिसंग सम्वन्धित हुन्छ ।

दुर्गुणहरूबाट मुक्त हुनु र सद्गुणहरूलाई ग्रहण गर्नु नै सम्यक् व्यायाम हो । सम्यक् व्यायामलाई चार भाग गरेका छन् । तिनीहरूको पालन मात्रले पनि आर्य अष्टांगिक मार्गका सबै आवश्यकताहरू पूरा गर्न सकिन्छ । सम्यक् व्यायामवाट नै दश पूर्णताहरू, जसलाई पारमिता भनिन्छ, प्राप्त गर्न सकिन्छ । ती पारमिताहरू हुन दान, शील, निष्कामता(कामनारहित), प्रज्ञा(बुद्धि),वीर्य (पुरूषार्थ),



Downloaded from http://www.dhamma.digital

क्षांति(सशनशीलता), सत्य, अधिष्ठान(दृढ संकल्प), मैत्री र उपेक्षा(समता) ।

सम्यक् स्मृतिको अर्थ हुन्छ, आध्यात्मिक उन्नतिको निमित्त निरन्तर जागरूकता र सतर्कता । यसमा मस्तिष्कलाई, कल्पनाको पछाडि नलाग्न र यथार्थ के हो भन्ने बुझ्न सक्ने बनाउन, प्रशिक्षित गरिन्छ । यसमा मनलाई एकाग्र पारेर १.शारीरिक वेदनाहरू, २. अनुभूति(अनुभव) ३. मस्तिष्क (मन) र ४.मस्तिष्क भित्र उठ्ने विचारहरू (चितनालाई) हेर्नु । यी चारवटा कारणहरू प्रति जागरूक भएर नै बोधिका सात अंगहरू निरन्तर जागरूकता (सतर्कता), तर्क पूर्वक धर्मलाई ग्रहण गर्नु, पुरूषार्थ, प्रीति(आनन्द), प्रश्रब्धि(प्रशांति), समाधि (एकाग्रता) र समता (एकरूपता, समानता) प्राप्त गर्न सकिन्छ ।

सम्यक् समाधि आर्य अष्टांगिक मार्गको एउटा सहायक अन्तिम विन्दु हो । यस्तो ध्यानमा सबै प्राणीहरू अनित्य हुन् भन्ने बोध हुनजान्छ र निर्वाण प्राप्त हुन्छ । ध्यान गर्दापनि अरू कामहरूमा झैं प्रशिक्षण र नियमहरू पालनगर्न आवश्यक पर्छ । यसमा स्वास प्रस्वासलाई एकैनाशले (निरन्तर) नियाली रहनु पर्छ । मनको समता प्राप्त गर्नु पर्छ र नचाहिदा विकार विचारहरूलाई धैर्यपूर्वक हटाउँदै जानु पर्छ । ध्यानको बाटोमा पाँचवटा बाधाहरू पर्दछन् जसलाई हटाएर अथवा कमसेकम शिथिल पारेर ध्यान आरंभ गर्न सकिन्छ । ती हुन:

कामुकता, अनिष्ट(हानिकारक) गर्ने चाहना, आलस्य, हैरानी(चिन्ता) र संशय(सन्देह, शंका) यस बाहेक बुद्धले आफ्ना पाँच साथीहरूलाई अरू पनि



Downloaded from http://www.dhamma.digital

धेरै कुराहरू भन्नुभयो । 'आत्मा छैन' भन्ने सिद्धान्त पनि सप्रसंग सम्झाउनु भयो । आत्मालाई नमान्ने भन्ने कुरा अरू धर्मसँग नमिल्ने विचार हो । यदि आत्मालाई नमान्ने हो भने के बौद्ध धर्मलाई धर्मको रूपमा स्वीकार गर्न सकिन्छ ? बौद्ध धर्मलाई धर्मकै रूपमा मान्ने हो भने, के यो आर्य अष्टांगिक मार्ग भन्दा उत्कृष्टतर हुन सक्ला ? बुद्ध यस्तो दार्शनिक तर्कमा, तर्कको लागि तर्कमा फँसिरहन मन पराउनु हुन्थेन ।

⌘ ⌘ ⌘

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ५.भिक्षु संघ

प्रवज्या(भिक्षु जीवन) ग्रहण गर्नेहरू सबै संघको सदस्य हुन्छन् र संघका सदस्यहरूले बुद्धद्वारा निर्दिष्ट नियमहरू पालन गर्नु पर्दछ र त्यस अनुसार आफूलाई व्यवस्थित गर्नुपर्दछ । पाँचै जना श्रमणहरूले प्रव्रज्या ग्रहण गरेपछि संघको आकार तीव्ररूपले बढ्दै गयो । गौतमका यी पाँच जना पुराना साथीहरू जसका लागि बुद्धले मृगदाय वनमा पहिलो प्रवचन गर्नु भएको थियो, पहिलेदेखि नै सत्यको खोजमा लागेका थिए र प्रव्रजित हुने तैयारीमा थिए । तर यिनीहरू प्रव्रजित भएपछि जति जनाले दीक्षा लिए तिनीहरूको कुनैपनि पूर्वाधार थिएन, न तिनीहरूलाई धर्मप्रति रूचि थियो, न त त्यस सम्बन्धी ज्ञानसँग तिनीहरू सोभा साभा गृहस्थीहरू थिए र अकस्मात् बुद्धको सम्पर्कमा आएका थिए । त्यसबेला घरबार त्यागेर संन्यासी बन्नु साधारण कुरा थियो तर बुद्धको संध र उपदेशले जुन गति लिएर अगाडि बढ्यो त्यसबाट यो कुरा स्पष्ट हुन्छ कि उहाँको उपदेश गतिशिल सशक्त र आकर्षक हुनुपर्दछ । आकर्षणका विशेष कारण हुन बुद्धको स्पष्ट प्रवचन र छिटै नै बुझ्न सकिने स्पष्ट



Downloaded from http://www.dhamma.digital

र सरल भाषा । आफ्ना कुराहरू सम्झाउन उहाँले यथेष्ट दृष्टान्तहरू प्रयोग गर्नुहुन्थ्यो । उहाँका उपदेशहरूको तीव्रता, उहाँले मृगदाय बनमा गर्नु भएको प्रवचनमा पाउन सकिन्छ । उक्त प्रवचन लिखित रूपमा पनि प्राप्त छ । एक दिन बुद्ध मृगदाय बनमा बसेर प्रवचन दिइरहनु भएको थियो । त्यसैबेला एक जना धनवान व्यक्तिको छोराले उहाँको प्रवचन सुनिरहेको थियो । ऊ धन र संसारदेखि दिक्क भएको थियो र उसलाई जीवन निरर्थक लागिरहेको थियो । बुद्धको उपदेश सुनेपछि उसले संसारको तुच्छता र आफ्नो वर्तमान जीवनको व्यर्थताको अर्थ बुझ्न सक्यो । प्रवचन सुनेपछि उसले तुरून्तै बुद्धबाट दीक्षा ग्रहण गऱ्यो ।

यश (धनवान व्यक्तिको छोरा) बेपत्ता भएको घटनाले उसका मातापिता ज्यादै चिन्तित थिए र उसको पिता उसलाई खोज्न निक्ले । साँझपख उसको भेट बुद्धसँग भयो । बुद्धले यश दीक्षित भएको आदि सबै कुरा यश पितालाई सुनाउनु भयो र उसलाई पनि आफ्नो उपदेशको अर्थ सम्झाउनु भयो । उनी उपदेशबाट ज्यादै प्रभावित भएर बुद्धका उपासक बन्न पुगे र घरमै बसेर धर्म प्रचार कार्यमा उहाँलाई सहायता गर्न लागे । उसले एक दिन सबै छ जना भिक्षुहरूलाई घरमा भोजन गर्न निमन्त्रण गरे ।

गृहस्थीहरूको घरमा भोजन गरेपछि बौद्ध भिक्षुहरूले धन्यवाद स्वरूप उपदेश दिने गर्दछन् । भगवान् बुद्धले जुन बखत यश पिताको घरमा भोजन पछि उपदेश दिनुभयो, प्रवचन दिने यो प्रथा त्यसै बेलादेखि चल्यो । त्यस बेला यशका



Downloaded from http://www.dhamma.digital

पिता माता, पत्नी(पूर्व) र उसका चौवन्न मित्रहरू उपस्थित थिए । बुद्धको उपदेश सुनेपछि तिनीहरू सबै यति प्रभावित भए कि तिनीहरूले तुरून्तै दीक्षित गराइ माग्न बुद्धसँग प्रार्थना गरे र दीक्षित भएपछि संघमा सामिल हुन पुगे । यस प्रकार संघमा अव साठीजना सदस्यहरू भए ।

तिनीहरूले सम्बोधि प्राप्तगरेपछि वुद्धले भन्नुभयो, "भिक्षुहरू हो, जाओ, जन-हितको लागि त्यस्तो सत्यको प्रचार गर, जसको आदि, मध्य र अंत काल्याणकारी हुन्छ । तिमीहरूले अझैपनि ज्ञानको प्रकाशबिना अन्धकारमा बसेका मानिसहरूलाई फेला पार्ने छौं । तिनीहरूले तिम्रा कुराहरू अवश्य पनि सुन्ने छन् ।"

त्यस समयका धर्म गुरूहरू झैं वुद्धपनि भ्रमणशील थिए । उहाँ एक ठाउँबाट अर्को ठाउँमा जानुहुन्थ्यो । जसले सुनिदिन्थ्यो उसलाई उपदेश सुनाउनु हुन्थ्यो । पैतालीस वर्षसम्म उहाँले उत्तरी र पूर्वी भारतको टाढा कुना कुनासम्म धर्म प्रचार गर्दै भ्रमण गर्नु भयो तर बर्षा ऋतुको समयमा भने भ्रमण नगरी आफ्ना शिष्यहरूसँग विशेष स्थानमा एकान्त वास गर्नुहुन्थ्यो ।

उहाँले मृगदाय वनवाट उरूवेला जान आफ्नो पहिलो यात्रा शुरू गर्नुभयो । यस यात्रामा उहाँ ठाउँ ठाउँमा रोकिनु भयो । जंगलको वाटो भएर जाँदा बाटोमा पर्ने एउटा रूखको छायाँमा वस्नु भयो । यस जंगलमा वन विहार गर्न केही मानिसहरूपनि आएका थिए । तीसजना थिए आफ्ना पत्नीहरू सहित आएका थिए । एकजनासँग पत्नी थिएन । उसले एउटी बेश्यालाई ल्याई राखेको थियो । जव



Downloaded from http://www.dhamma.digital

तिनीहरू रस रंगमा लागेका थिए , त्यही मौका छोपी त्यस बेश्याले आफ्ना साथीका सारा बस्तुहरू चोरेर भागिन् । चोरी भएको कुरा थाहा पाएपछि तिनीहरू सबै बेश्यालाई खोज्न लागे । खोजतलास गर्दै जाँदा बुद्धलाई एउटा रूखमुनि बसीरहनु भएको फेला पारे । बेश्यासँग घटेको घटनाबारे बुद्धसँग कुरा कानी गरेपछि तिनीहरूले सोधे, "के तपाईले त्यस्तो आइमाईलाई कतैतिर जाँदै गरेकी देख्नुभयो ?"

बुद्धले भन्नुभयो, "पहिले यो कुरा भन, एउटी आईमाईलाई खोज्नु बेश की ,आफैलाई खोज्नु बेश ?' तिनीहरू पहिले त बुद्धको प्रश्नबाट अकमकिए पछि विचार गरेर उत्तर दिए, 'होइन आफूले आफैलाई खोज्नु बेश कुरा हो ।" त्यसपछि त्यस आईमाईलाई खोज्न छाडेर बुद्धको प्रवचन सुन्न बसे । उपदेश सुनेपछि तिनीहरूका आँखा खुले र सबै प्रव्रजित भएर संघमा सम्मिलित हुन गए ।

अरूबेलामा उहाँको भेट तीन जटाधारी साधुहरूसँग भयो, तिनीहरू कस्यप भनिन्थे । पहिलो थियो उरूबेलाको कस्यप, उसका ५०० शिष्यहरू थिए । दोस्रोलाई, जसको ३०० शिष्यहरू थिए, नदी कस्यप र तेस्रोलाई गया कस्यप भनिन्थ्यो । उसको पनि २०० शिष्यहरू थिए । ती तीनै जनाले बुद्धको प्रवचन सुनेपछि संघमा प्रवेश गरे । यही घटनाले गर्दा शुरूको अवस्थामै संघको विस्तार शीघ्रतासाथ हुदैगयो र ती तीनैजना साधुहरू प्रख्यात भएका कारण संघको ख्यातिपनि बढ्दै गयो । यस ख्यातिबाट प्रभावित भएर एउटा राजाले बौद्ध धर्म ग्रहण गऱ्यो । फलस्वरूप उसको राज्यभरी बडो शिघ्रतासाथ



Downloaded from http://www.dhamma.digital

बौद्ध धर्म फैलिन गयो ।

बौद्ध धर्म स्वीकार गर्ने त्यो राजा, मगध-नरेश बिबिसार थिए, जसले गौतमलाई आफ्नो आधा राज्य दिएर संन्यासी हुनबाट रोक्न खोजेका थिए । बुद्ध आफ्ना सवै भिक्षुहरूलाई सँगै लिई भ्रमण गर्दै मगधको राजधानी राजगृह पुग्नुभयो । उहाँको आगमनको खवर खुनेपछि राजा बिबिसार आफ्ना सवै राज्यधकारीहरूलाई साथ लिई उहाँलाई भेट्न गए । भिक्षु मण्डलीमा उरूबेल कास्यपलाईपनि बुद्धको शिष्यको रूपमा देख्दा राजा विविसारलाई बडो आश्चर्य लाग्यो । राजासँग आएका ब्राम्हणहरूले चार बर्गमा विभाजित तिनीहरूका धर्मलाई बौद्ध धर्मले नाश गरिदिने हो कि भन्ने कुरामा चिन्तित हुनाका साथै भयभीति पनि भए । बुद्धले रत्तिभरपनि प्रभावित नभई शान्तिपूर्वक यी शब्दहरूद्वारा तिनीहरूलाई उपदेश दिनुभयो, "तपाईहरू किन दु:खी हुनुहुन्छ ? किनभने तपाईहरू कामना र इच्छाको बशमा पर्नुभएको छ । तपाईहरूको कामना एउटा प्यास बन्न गएको छ । कामना पूर्ति भएपनि प्यास मेटिदैंन, त्यो यथावत रहिरहन्छ । त्यसैले हामीले अव सोच्नु पर्छ सुख सम्म पुग्ने बाटो कुन हो ? आगोमा ईन्घन न थप्दा वा नहाल्दा जसरी निभ्न जान्छ, त्यस्तै प्रकारले यदि कामना रूपी ईन्धन नथप्ने वा नहाल्ने हो भने दु:खरूपी आगो त्यतिकै निभ्न जान्छ । स्वार्थपूर्ण आशा र ईच्छाहरू माथि विजय प्राप्त गर्ने हो भने तपाईले वास्तविक सुखको दर्शन गर्नु सक्नुहुनेछ ।"

बुद्धबाट प्रवचन समाप्त भएपछि राजा विम्विसार ले आफ्ना सेवकहरू सहित आफूलाई उपासकको



Downloaded from http://www.dhamma.digital

रूपमा ग्रहण गर्ने उहासग प्रार्थना गरे । राजाले बुद्ध र संघलाई राजमहलमा निमन्त्रित गरे र आफ्नै हातले भोजन गराए, त्यसपछि आनन्दवन र बेणुवन संघलाई दानदिए

बुद्धले बर्षातको समयमा आफूलाई मनपर्ने एकान्त ठाउँमा गएर एकान्तवास र ध्यान गर्ने गर्नु हुन्थ्यो । उहाँले यस्तो पहिलो एकान्तवास ती पाँच शिष्यहरूसँग आफ्नो पहिलो उपदेश पछि मृगदाय वनमा गर्नुभएको थियो । सातौं एकान्तवास(बर्षावास्) बिम्बिसारको राज्यमा गर्नुभयो । उहाँले यस (सातौं) बर्षावासमा दुईजना नयाँ शिष्यहरूलाई दीक्षित गर्नुभयो, पछि गएर तिनीहरू उहाँका प्रधान शिष्यहरू बने ।

राजगृह नजीकै उपतिष्य र कोलित भन्ने दुई गाउँहरू थिए । दुवै गाउँका मुखियाहरूको जातिय नामपनि यहि नै थियो । दुबैका कुटुम्बहरू आपसमा बडो प्रेम गर्दथे । रूपसारि उपतिष्यकी पत्नीले एउटा छोरो जन्माइन्, उता कोलितकी पत्नी मोग्गलीले पनि एउटा छोरो जन्माइन् । उपतिष्यको छोराको नाम सारिपुत्र राखियो भने कोलितको छोराको नाम मौद्गल्यायन राखियो ।

बाल्यकाल देखि नै तिनीहरूमा गहीरो मित्रता थियो । दुवैजना जवान भएपछि, तिनीहरूको मन नाटकतिर ढल्क्यो । तिनीहरू नाटक हेर्दथे र मंचमा जे कुरा देख्दथे, जीवनको अर्थ त्यसभन्दा अझ बढी नै हुनुपर्छ भन्ने कुराहरू सोच्दथे । एक रात शैल उत्सव भन्ने नाटक हेर्दा हेर्दै जीवनको खास उद्देश्य (अर्थ) पत्ता लगाउने निश्चय गरेर गृहत्याग गरे । तिनीहरू सर्वप्रथम संजय नाम भएको गुरूको आश्रममा गए । उनी राजगृह नजीकै बसेका थिए।



Downloaded from http://www.dhamma.digital

। तर ती दुवै युवकहरूलाई उनीबाट सन्तोष प्राप्त भएन् । त्यसपछि तिनीहरूले स्वयं सत्यको खोजीमा चिन्तन र ध्यान गर्ने प्रतिज्ञा गरे । साथै जसलाई पहिले सत्यको दर्शन हुन्छ, उसले अर्कोलाई त्यसको अनुभववारे तुरून्तै थाहा दिनुपर्ने कुरामा सम्झौता पनि गरे ।

एक दिन सारिपुत्र उपतिष्य राजगृहको सडकमा त्यतिकै डुलिरहेका थिए, त्यसैवेला उनले एकजना भिक्षुलाई हातमा भिक्षापात्र लिएर घरघर चाहार्दै गरेको देखे । उनलाई त्यो भिक्षु एउटा साधारण सन्यासी जास्तो लागेन । त्यस सन्यासीको नजीक पुगेपछि उसको अनुहारमा उसले गहिरो तलाउको जस्तो शान्ति र गम्भीरता देखे । उसको मनमा, जुन प्रश्नको तिनीहरूले उत्तर खोजिरहेका थिए, त्यसको उत्तर यसले (सन्यासी) वा यसको गुरूले पाईसकेको हुनुपर्दछ, भन्ने लाग्यो । भिक्षुले भिक्षा माग्ने काम सकेपछि उसको नजीक गएर सारिपुत्रले भने, "म तपाईको शान्ति र सौम्यता देखेर मुग्ध भएको छु, कृपया मलाई तपाईको गुरूको नाम भनिदिनुहोस् ।"

ती भिक्षु बुद्धका प्रथम पाँच शिष्यहरूमध्ये अस्सजि थिए । उनले आफ्नो गुरूको नाम भन्नु का साथै उहाँका केही उपदेशहरूपनि सारिपुत्रलाई सुनाए । त्यसलाई सुनेर उनी ज्यादै प्रभावित भए । कोलित लाई सँगै लिएर बुद्धको दर्शन गर्न हिंडे, त्यसपछि दीक्षितभए र संघमा प्रवेश गरे । पछि गएर यिनीहरू दुवै बुद्धका प्रधान शिष्यहरूमा गनिए ।

राजा बिम्बिसारको अनुसरण गरेर धनवान मानिसहरूले आफ्ना बन र उद्यानहरू संघलाई दान



Downloaded from http://www.dhamma.digital

दिन थाले । एक जना धनवान व्यापारीले बुद्धबाट आज्ञा लिएर विम्विसारले दान दिएको बेणु वनमा भिक्षुहरूलाइ बर्षावासको लागि विहार निर्माण गरि दिए । संघलाई आफ्नो घरमा भोजन गर्न निमन्त्रण गर्नुका साथै उक्त सारा सम्पति पनि दान गरि दिए । जुन दिन श्रेष्ठी ब्यापारीको घरमा भोजनगर्न संघलाई निमन्त्रण गरिएको थियो, त्यो भन्दा एकदिन पहिले व्यापारीको बहिनी ज्वाई अनाथपिंडिकले उसलाई भेट्न आए । उसले घरमा बडो रमझम र चहलपहल देखे ।भान्से भोजन वनाउने काममा तल्लीन थिए, नोकरहरू यताउती काममा दौडादौडी गरिरहेका थिए । उसप्रति ध्यानदिने कसैलाई पनि फूर्सद थिएन् । 'पहिले पहिले नै त मेरा जेठान सारा काम छाडेर मलाई भेट्न आउँथे । आज कहाँ गए छन ? यस घरमा कतै विहावारी हुन लागेको हो कि वा राजा विम्विासलाई निमन्त्रण पो गरियो कि ?' आदि कुराहरू सोंच्न लागे ।

काम सिध्याएपछि ब्यापारीले अनाथपिंडिक लाई भेट्यो र घरमा भइरहेको तैयारी बारे यथार्थ कारणपनि बतायो । यति सबै कुरा सुनेपछि अनाथपिडिकको मनमा बुद्ध दर्शनको उत्सुकता जाग्यो । भोलिपल्ट विहानै उनी बेणुवन तिर गए । बुद्धको उपदेशबाट प्रभावित भएर उहाँको उपासक बन्न पुगे ।

अनाथपिंडिक श्रावस्ति निवासी थिए । उनले अर्को बर्ष बर्षावासको निमित्त संघलाई निमन्त्रण गरे । बुद्धबाट उनको प्रार्थना स्वीकृत भयो । घर पुगेपछि अनाथपिंडिकले बर्षावासको निमित्त संघ लाई अनुकुल पर्ने ठाउँ खोज्न लागे । उनलाई



Downloaded from http://www.dhamma.digital

राजकुमार जेतको बन खूबै मन पर्‍यो । वनको विक्रीबारे सोधपुछ गर्दा जेतले त्यसको अत्याधिक मूल्य बतायो र भन्यो, "वनको सारा भूमिमाथि सुनको रूपियाँ विछ्याइ देऊ, रूपियाँ म लिउला, वन तिमीलाई दिउँला, अनाथपिंडिकले गोरू गाडामा रूपियाँ भर्दै मगाउदै बनको जमीन माथि विच्छ्याउन लागे । यसरी विछ्याउँदै जाँदा अलिकति मात्र जमीन खाली बाँकी रहन गयो । राजकुमार जेतले यस किन बेचको कामलाई एउटा असाधारण घटनाको रूपमा लियो । उसले भन्यो, “अव बाँकि रहेको जमीनमा रूपियाँ विछ्याउन आवश्यक छैन । यति जमीन त म आफैले संघलाई दान गरिदिन्छु ।" त्यस ठाउँमा उसले विहारको मूलढोका बनाइदियो । बाँकी जमीनमा अनाथपिंडिकले संघको लागि विहार बनाए र त्यसलाई सामग्री सम्पन्न पनि पारिदिए । यो विहार जेतवन विहारको नामले प्रसिद्ध भयो । भगवान् बुद्धले आफ्ना विशेष कार्यहरू यही विहार मा बसेर गर्नुभयो ।

हरेक वर्ण र हरेक परिस्थितीबाट आएका मानिसहरूले बुद्धबाट दीक्षा ग्रहण गरे । त्यसमध्ये उपालीको दीक्षा महत्वपूर्ण छ । उपाली भगवान् महावीरका विशेष शिष्य थिए । उनले त्यसबेला उत्तर भारतमा भ्रमण गर्दै महावीरद्वारा चलाइएको जैन धर्मको प्रचार गरिरहेका थिए ।

एक बखत नालंदा नजीकै एउटा गाउँमा भगवान् बुद्ध प्रवचन गरिरहनु भएको थियो । उपालीले प्रवचन सुनेपछि त्यसबाट प्रभावित भएर बौद्ध धर्ममा दीक्षित हुन प्रार्थना गरे । भगवान्ले भन्नु भयो, “उपाली आफ्नो निर्णय माथि पुनर्विचार



Downloaded from http://www.dhamma.digital

गर । तिमी जस्तो एउटा विशिष्ट व्यक्तिले हतारमा निर्णय गर्नु उचित हुदैन ।"

बुद्धले उनीजस्तो मानिसलाई पनि छोड्न लागेको कुरा सुन्दा उपाली छक्क परे । बुद्धको भनाईबाट ज्यादै प्रभावित भएर भने, "यदि मैले अर्के सम्प्रदायमा दीक्षित हुन खोजेको भए, उपाली जस्तो एउटा विशिष्ट व्यक्ति तिनीहरूको सम्प्रदायमा सम्मिलित हुन खोजेको खुसीयालीमा जुलूस निकाल्थे, तर तपाई भने मलाई मेरै निर्णयमाथि पुनर्विचार गर्ने मौका दिइरहनु भएको छ" उसले बुद्धलाई उहाँका स्पष्ट विचारका लागि धन्यवाद दिए र पछि दीक्षित भएर संघमा प्रवेश गरे ।

पुन्नको 'दीक्षामापनि एउटा विशेष महत्व छ । पुन्न सूनापरांत प्रदेशको वासिन्दा थिए । यो प्रदेश वर्तमान उत्तरी महाराष्ट्र र दक्षिणी गुजरातको एउटा भू-भाग हुनुपर्दछ । अहिलेको बम्बईको उत्तर तिर पर्ने सुप्पारक पत्तन, यस प्रदेशको एउटा प्रमुख बंदरगाह थियो । त्यसको भग्नावशेष, नाला सुपार ।, भन्ने गाउँ नजिकै पाइएको छ। पुन्न यसै सुप्पार क बन्दरगाहमा बस्ने गर्दथ्यो । भगवान बुद्ध जेतवनमा बस्नु भएको थियो । पुन्न व्यापारको सिलसिलामा श्रावस्ती आएका थिए । साँझको वेला काम काजबाट फूर्सद पाएपछि उसले त्यहाँका मानिसहरू बुद्धको प्रवचन सुन्न जाने गरेको कुरा थाहा पाए । उनको मनमा उत्सुकता बढयो र अरू मानिसहरूसँग आफूपनि प्रवचन सुन्न हिडे । उपदेश सुनेपछि यति प्रभावित भए कि उसले आफ्नु सम्बन्धिलाई , जो व्यापारमा उनका साझेदार थिए, आफूसँग भएको सारा धन सम्पती सुम्पेर, वुद्धबाट



Downloaded from http://www.dhamma.digital

दीक्षित हुन पुगे । पछि गएर उसले बौद्ध धर्म प्रचार कार्यमा ठूलो परिश्रम गरे ।

बुद्धको धर्मबारे यथेष्ट उपदेशहरू प्राप्त गरेपछि पुन्नले आफ्नो देश फर्केर त्यस्तो धर्म प्रचार प्रसार गर्नुपर्ने कुरा महशुश गरे । यस निमित उसले बुद्धको आज्ञा लिन खोजे । उहाँले तुरून्त आज्ञा दिनुभएन तर परीक्षा लिने उद्देश्यले उनीसँग धेरै प्रश्नहरू गर्नु भयो ।

बुद्धले भन्नुभयो,"पुन्न, सुनापरांतमा त जगली रक्त पिपासु जातिका मानिसहरू बस्दछन् । तिनीहरू निर्दयी र कठोर स्वाभावका छन् । देख्ने वित्तिकै मानिसहरूलाई गाली गर्छन्, हैरान पार्दछन्, सताउछन् । यदि तिनीहरूले तिमीलाई गाली गर्न थाले, सताउन थाले भने तिमी के गर्छौ ?"

पुन्नले भने, "यदि त्यसो हो भने म तिनीहरूलाई सुनापरांतका मानिसहरू असल छन्, दयावान छन्, कम से कम तिनीहरूले मलाई पिटेका त छैनन म माथि धूलो छ्यापिरहेका त छैनन्, भनेर भनुला ।"

बुद्धले भन्नुभयो,"यदि तिनीहरूले तिमीलाई धूलोले छ्यापेछन,पिटेछन्, भने तिमी के गर्छौ ?"

पुन्नले भने, "यिनीहरू भलादमी छन म माथि लौरो वा हतियार प्रयोग गरिरहेका छैनन् भनेर भनुला ।"

बुद्धले भन्नुभयो, "यदि तिनीहरूले तिमीमाथि डंडा वा अस्त्रले प्रहार गरे भने नि ?"

पुन्नले उत्तर दिए, "यिनीहरू बडा असल मानिसहरू हुन्, कम से कम मेरो प्राण त लिएको छैन भनेर भनुलाँ ।"

बुद्धले भन्नुभयो, "तर पुन्न, तिनीहरूले तिम्रो



Downloaded from http://www.dhamma.digital

प्राण नै लिन खोजेछन् भने नि ?"
पुन्नले भने, "तै पनि म तिनीहरूलाई असल मानिस नैं भनुँला, अझ म तिनीहरूलाई यस सडेको शरीरबाट मुक्त गरी दिएछौं भनि भनुँला । यस्तो सेवा गरिदिए वापत उल्टै म तिनीहरूलाई धन्यवाद पनि दिउला ।"

पुन्नको उत्तर सुनेर बुद्ध सन्तुष्ट हुनुभयो र यी स्नेहसिक्त शब्दहरू भनेर उसलाई विदा गर्नुभयो, "पुन्न, तिमी ज्यादै नम्र छौ, तिम्रो सहनशक्ति अपार छ । जाऊ, सुनापरांतका मानिसहरूलाई त्यो मुक्तिको मार्ग देखाऊ, जुन मुक्ति तिमीले प्राप्त गरिसकेका छौं ।"

कृतज्ञतापूर्वक पुन्नले बुद्धबाट विदा लिए र सुनापरंततिर रमाना भए । त्यहाँ पुन्नको उपदेश सुनेपछि उसको पहिलो बर्षावासभन्दा अघिनै शिष्यहरूको सख्या ५०० पुग्न गयो ।

केही धनवान्हरूमात्र नभएर, गरीव र निम्न जातिका मानिसहरूले पनि सघंमा प्रवेश पाए, तिनीहरूमध्ये अछूतहरू पनि थिए । तर धेरै संख्यामा गरीब र पीडितहरू थिए, जो समाजमा अति नीच श्रेणीमा गनिन्थे । तिनीहरू शहर वा गाउँ बाहिर झुप्राहरूमा बस्तथे र फोहर मैला उठाउने काम गर्दथे । तिनीहरूलाई सबै धर्मको छायाबाट टाढा राखिन्थ्यो । यो ब्राहमण धर्मको उपज थियो, जसमा मानिसले पूर्वजन्मको कर्म अनुसार एउटा न एउटा जातमा जन्म लिन्छ भन्ने मान्यता थियो । कुनैपनि मानिसले आफ्नो जातको बन्धनमा रहेर आफ्नो कर्म गर्नुपर्दछ, तर अछुतहरूलाई कुनैपनि जातिमा समावेश गरिएको थिएन । तिनीहरूको



Downloaded from http://www.dhamma.digital

काम सडक र ढल सफा गर्नु,सिनु उठाउनु र फोहर मैला बढार्नु थियो । आजकल अझैपनि त्यस्ता ब्रांह्मणहरू फेला पर्दछन्, जसलाई अछूतहरूले छुँदा छिटो(पानी छर्कने काम) लिएर चोख्याउँछन् र छायाँ पर्दा अपवित्र भएको ठान्दछन् ।

तर बौद्ध धर्ममा जातपातको कुनै अर्थ छैन । यो शुरूदेखि नै सार्वभौम रहयो । ब्राहमण धर्मले अपनाए जस्तै बुद्धले पनि कर्म र पुनजर्न्मलाई मान्यता दिनुभयो, तर उहाँले यसलाई कुनैपनि जातिसँग सम्बन्धित गर्नु भएन । त्यस वेलाका ब्राह्मणहरूले बुद्धको यस कार्यको घोर विरोध गरे यतिले नपुगरे बुद्ध तिनीहरूको सिद्धान्तका विध्वंसंक समेत भएको भनी ठाने । यस सम्वन्धमा तल उल्लिखित घटनाले यथेष्ट प्रकाश पार्दछ ।

भगवान् बुद्ध श्रावस्तीमा विहार गरिरहनु भएको बेला, उहाँका एकजना विशिष्ट शिष्य, आनन्द जसले उहाँको हेरचाह पनि गर्दथे, भिक्षाटनका लागि प्रांय सधै वस्तीतिर जाने गर्दथे । एक दिन भिक्षा माग्ने काम सकेर जब उनी संघ भएको ठाउँतिर फर्कदो थिए, उनले कुवाबाट पानी बोकेर आईरहेकी एउटी केटीलाई देखे र तिनीसँग पानी पियाउने प्रार्थना गरे । केटी अछूत जातिकी थिइन् । अछूतले पानी पिलाउनुको मतलव उसको जात लिनुथियो । यसकारण केटीले आफ्नो जातको परिचय दिएर पानी दिन अन्कनाइन । त्यसपछि आनंन्दले भने, “हेर बहिनी, मलाई तिम्रो परिवार अथवा जातसँग मतलव छैन । जात पात सँग मेरो केहि पनि सम्वन्ध छैन । म त यति मात्र भन्छु, यदि तिमीसँग पानी छ भने अलिकता पिउन देऊ ।" आनन्दको



Downloaded from http://www.dhamma.digital

यस्तो वचन सुनेपछि केटीले, जसको नाम प्रकृति थियो, पानी पिउन दिइन् र उनको नम्रतापूर्ण व्यवहारबाट मुग्ध भएर उनीप्रति प्रेमाशक्त हुनपुगिन् । प्रकृतिले आनन्दसँग विवाह गर्ने भरसक प्रयत्न गरिन् । तिनी यस अनुरागदेखि मुक्त नभएको देखर भगवान् बुद्धले तिनलाई बोलाउनु भयो र सहानुभुतिपूर्वक तिनको मनबाट आनन्द सम्वन्धी विचारले नछोडे सम्म उपदेश दिइरहनु भयो । त्यसपछि प्रकृतिले भगवानबाट प्रव्रज्या लिईन र स्त्रीहरूलाई बनाइएको संघमा सम्मिलित भईन् । तिनीले बुद्धका उपदेशहरूलाई गहिरोसँग वुभ्फ्न सकेकीले उहाँको विशिष्ट अनुगामिनी पनि बनिन् भनी भनिन्छ ।

बुद्धबाट प्रकृति दीक्षित भएपछि ब्राह्मण र उच्च वर्गका मानिसहरू ज्यादै भयभीत भए । तिनीहरूले राजा प्रसेनजितसँग यस कुरालाई लिएर उजुरी गरे । अनेकौं ब्रामह्रण तथा क्षेत्रीहरूलाई साथ लिएर राजा प्रसेनजित भगवान् बुद्धलाई भेट्न गए र उहाँसँग यस धटनाको कारण जान्न खोजे ।

भगवान्‌ले तिनीहरू सवैलाई त्रिशंकुको कथा सुनाउनु भयो । त्रिशंकु अछूत जातिको मुखिया थियो । उसको छोराको नाम शार्दुलकरण थियो । उनी विद्वान र प्रशिक्षित थिए । उसलाई आफ्नो आमा बाबुको ठूलो अभिमान थियो र महत्वाकांक्षी पनि थियो । उसको पिताले उसको विवाह पुष्करासरि नाम भएको एकजना विशिष्ट ब्राहमण कन्यासँग गर्ने प्रयत्न गरे । ब्राह्मणले उसको प्रस्ताव अस्वीकार गरिदिए पछि त्रिशंकुले उनीसँग शास्त्रार्थ गरे । उसले भन्यो, "मानिस त सबै मानिस



Downloaded from http://www.dhamma.digital

नै हुन्, तिनीहरू घोडा, गधा, गाई, हरिन, जस्तै फरक कहाँ छन् ? फेरि यो जाति प्रथा किन ? उसले पूर्वकर्मानुसार कुनैपनि जातमा मानिसले जन्म लिन्छ भन्ने सिद्धान्तपनि गलत हो भन्ने कुरा सावित गरेर देखाईदियो । उसको तर्कबाट ब्राह्मण यति प्रभावित भयो कि उसले आफ्नो छोरीको विवाह त्रिशंकुको छोरा शार्दुलकरणसँग गरिदियो ।

यो कथा सुनेपछि श्रावस्तीका ब्राहमणहरूले वास्तविकता बुझे । त्यसपछि तिनीहरूले बुद्धको विरोध गर्न छोडे ।

सुनीत भन्ने एउटा अछूतको कहानी पनि प्रकृतिको कहानी सँग मिल्दो जुल्दो छ । उसको काम सडक बढार्नु थियो । यस कामको निभित्त उसले आफ्नो गुजारा चलाउन सक्ने जति मात्र तलव पाउथ्यो । उसको घर थिएन, त्यसकारण उनी सडकको किनारमा सुत्थ्यो र मार पिटाई खाइने डरले सवर्णहरू माथि आफ्नो छाँया समेत पार्न दिदैनथ्यो ।

एक दिन बुद्ध आफ्ना धेरै शिष्यहरूलाई लिएर एउटा सडकको बाटो भएर जाँदै हुनुहुन्थ्यो । सुनीतपनि त्यहि सडकमा बढार्ने काम गर्दै थियो । बुद्धलाई आउँदै गर्नुभएको देखेपछि कतैपनि लुक्ने ठाउँ नपाएर हात जोडी त्यही भित्तासँग टाँसिएर उभिरह्यो । सुनितको यस्तो हीन भावना देखेर भगवान्ले आश्चर्य मान्नुभयो । अनि सुनीतको नजीकै गएर मधुर बोलीमा सोध्नुभयो, "तिमी यस्तो काम छोडेर मसँग बस्छौ ?"

"हे महात्मा, आजसम्म मसँग कसैले पनि यति मीठो बोली बोलेको छैन । जो सुकैले पनि



Downloaded from http://www.dhamma.digital

हुकुम नै चलाए । म जस्तो पतित, फोहरी,भंगी, (मलमूत्र बढार्ने) लाई शरणमा लिनु सक्नुहुन्छ भने म हजूरसँग आउन तयार छु ।"

भगवान्ले उसलाई तत्क्षण त्यही दीक्षा दिनुभयो र संघमा प्रवेश पनि दिनुभयो । सुनीत निरक्षर (पढन नजान्ने) थियो । संघमा प्रवेश भएपछि प्रशिक्षित भए र संघका बडा बूढा सदस्यहरूबाट सम्मान पनि प्राप्त गरे ।

बुद्धको ख्याति उहाँका पिता, शुद्धोदनले पनि सुने । त्यसबेला उहाँ राजगृहमा बस्नु भएको थियो । उनले बुद्धलाई कपिलबस्तुमा उहाँको प्रवचन वाट त्याहाँका वासिन्दाहरू लाभान्वित हुन सक्ने उद्देश्यले बोलाउन पठाए । बोलाउन जाने मानिस बुद्धको समीप पुग्थ्यो, तर बुद्धलाई केही कुरा भन्नुभन्दा पहिले नै उसलाई आफ्नो उपदेश सुनाउन थाल्नुहुन्थ्यो । जुनकाम लिएर गएको हुन्थ्यो, त्यो विर्सेर उसले भगवान् बुद्धबाट प्रव्रज्या लिन्थ्यो र संघमा प्रवेश गर्थ्यो । खटाइएको व्यक्ति फर्केर न आउँदा शुद्धोदनले अर्को मानिस पठाउँथ्यो । उसको पनि त्यही स्थिती हुन्थ्यो । त्यसपछि तेस्रो, चौथो, पाँचौ गरी क्रमश नौं जनालाई पठाए, तिनीहरू पनि त्यसरी नै बेपत्ता भए । अन्त्यमा शुद्धोदनले बुद्धको बाल्यकालको साथी कालुदाईलाई पठाए । बुद्धले उसको कुरा सुन्नुभयो र कपिलबस्तु आएर उहाँकै निमित्त बनाइएको बटबृक्ष विहारमा बस्नुभयो । सातबर्ष पछि उहाँ कपिलबस्तु फर्कनुभएको थियो । तर त्यहाँ उहाँले जुन सम्मान पाउनु भयो त्यो बुद्ध भएको नाताले कम र कपिलबस्तु बासीको नाताले बढी थियो ।



Downloaded from http://www.dhamma.digital

एक दिन बुद्ध भिक्षा मागन निस्कनु भयो । यो देखेर उहाँका पिता स्वयं आएर उहाँलाई भने, "के तिमीलाई महल भित्र भोजन प्राप्त हुन सक्दैन, जुन ठाउँमा पहिले तिमी लावा लश्कर सहित निस्कने गर्थ्यौ, आज त्यही ठाउँमा भिक्षा मागी हिड्नु कति सम्म उचित होला ?यसरी मलाई किन लज्जित पारिरहेका छौ ?"

बुद्धले भन्नुभयो, "तपाईलाई लज्जित पार्ने मेरो विचार छैन । भिक्षा माग्नु त हाम्रो परम्परा हो ।"

शुद्धोदनले भने, "कसरी हाम्रो परम्परा हुन्छ ? हाम्रो बंशमा कहिल्यै कसैले पनि भिक्षा मागेन ।"

बुद्धले उत्तर दिनुभयो, "महाराज, यो निश्चित कुरा हो कि तपाईको राजपरिवारको कुनैपनि सदस्यले कहिलेपनि भिक्षा मागेन । यो त सन्यासीहरूको परम्परा नै हो । तिनीहरू भिक्षा द्वारा नै देह धर्म पालन गर्छन् ।"

बुद्ध ज्यादै विनम्र स्वभावको व्यक्ति हुनुहुन्थ्यो । पिताद्वारा गरिएको बारम्वार आग्रहलाई मान्ने पर्‍यो, त्यसकारण उहाँले महल भित्रै भोजन गर्ने निर्णय गर्नुभयो, साथसाथै पितालाई धर्मको मर्म (उपदेश) सम्झाउने विचार पनि गर्नुभयो । उहाँ यस काममा सफल पनि हुनुभयो । उहाँको प्रवचत सुनेर शुद्धोदन बुद्धको (अर्थात आफ्नै छोराको) उपासक बन्न पुगे ।

कपिलवस्तुका मानिसहरूले उहाँलाई केवल कपिलबस्तु बासीमात्र नसम्भिरहून्, उहाँका उपदेशहरूतिर पनि ध्यान दिउन् भन्ने कुरा सम्झाउन बुद्धलाई केही कठीनाइ अवश्य भयो । तर कपिलवस्तुले



Downloaded from http://www.dhamma.digital

गर्दा संघ झन वलियो हुनगयो । राजदरबारका धेरै मानिसहरू र केही उहाँका सम्बन्धीहरूपनि उहाँसँग प्रभावित हुन पुगे ।

सिद्धार्थ फर्केर आउने आश लिएर शुद्धोदनले आफ्नी कान्छी पत्नी प्रजापतिको छोरा नन्दलाई ३५ वर्ष सम्म उमेर पुगिसक्दा पनि राज्यको उत्तराधिकारी घोषित गरेको थिएन् । नन्दका लागि महल वनाइ दिएको थियो र जनकल्याणी नाम भएकी केटीसँग विवाह पनि पक्का गरिएको थियो । पछिवाट सिद्धार्थ फर्केर आउने कुरा असम्भव देखेर, वुद्धको आर्शीर्वाद पाउने आशाले नन्दको विवाह तुरून्तै गरिदिने निश्चय गरे । वुद्धको कपिलवस्तु आगमन भएको तेस्रो दिन नन्दको विवाह भयो, त्यस अवशरमा उहाँको पनि उपस्थिति थियो । विवाह पछि आफू फर्केर जान लागेको वेलामा उहाँले आफ्नो चीवर र भिक्षा पात्र राख्न नन्दलाई दिनुभयो । उहाँलाई जानलागेको देखेर नन्दले भिक्षापात्र र चीवर विहारसम्म पुऱ्याउन उहाँको पछिलागे । बुद्धलाई पुऱ्याउन जानलागेको देखेर जनकाल्याणीले नयाँ दुलहीको उत्सुकतावश उसलाई छिटो फर्केर आउने अनुरोध गरिन् ।

विहारमा पुगेपछि वुद्धले नन्दलाई चीवर र भिक्षा पात्र फर्काइ दिएको उपलक्षयमा धन्यवाद दिनु त कता हो कता उल्टै "भिक्षु वन्छौ ?" भन्ने सोझो प्रश्न गर्नुभयो । वुद्धप्रति दृढ श्रद्धा भएको कारण उसले इन्कार गर्नसकेन । अव मौका चुक्नु हुदैन भन्ने सोचेर नन्दलाई दीक्षित गर्न उपतिष्यलाई आज्ञा दिनुभयो ।

विवाहकै दिन संसार त्यागगर्ने व्यक्तिले सजिलैसँग



Downloaded from http://www.dhamma.digital

सन्यासी अनुरूपको जीवन वनाउन सक्तैन । नन्दको मानसपटलमा उसकी सुन्दर पत्नी छाई रहिन् । उसले साथीहरूलाई भन्थ्यो, "यो मेरो मन विहारमा रमाइरहेको छैन । मलाई घर जान मन लागिरहेको छ ।"

विहारमा नन्द दुःखित भएर वसेको देखेर बुद्ध स्वयं उसको हेरचाह गर्न लाग्नुभयो । उहाँले उसलाई निर्लिप्त वनाइदिनु भयो र सधैं सताइरहने पत्नीको सम्भनालाई उसको मनवाट हटाइदिनु भयो । विस्तार विस्तार उसको जीवन अन्य भिक्षुहरूका लागि उदाहरण योग्य बन्न पुग्यो ।

कपिलवस्तु प्रवासमा छँदा परिवारको जुन **दोस्रो प्रमुख** व्यक्ति भिक्षु बने, उनी थिए राहुल, **बुद्धको आफ्नै** छोरा जसको जन्म उहाँले सम्बोधिको खोजमा निक्लदाँका बखत भएको थियो । माता यशोधरा र शुद्धोदनले उनको पालन पोषण गरेका थिए । यशोधरा र शुद्धोदनलाई जस्तै, बुद्धले घर छोडेर जानुहुँदा उसलाई पनि दुःख भएको थियो । अब वुद्ध कपिलवस्तु फर्केर आउनुभएको मौका छोपी यशोधराले राहुल मार्फत उहाँसँग भेट्ने कोशिश गरिन् । तिनले राहुललाई राम्रा लुगाहरू लगाई दिइन् र वुद्धले भोजन गरिरहनुभएको ठाउँमा लगेर सुटुक्क सोधिन् । "छोरा के तिमीले उहाँलाई चिन्दछौ ?" वुद्ध कपिलवस्तु आउनुभएको सात दिन भइसकेको थियो । राहुलले जवाफ दियो, "हो आमा उहाँ बुद्ध हुनुहुन्छ ।"

यो सुनेर यशोधराका आँखामा आँसु भरियो । तिनीले भनिन्, "हो, त्यो साधु पुरूष, जसको शरीरवाट सुनौलो किरण निस्किरहेका छन्, साधुहरूद्वार



Downloaded from http://www.dhamma.digital

द्वारा घेरिएका उहाँ नै तिम्रो पिता हुनुहुन्छ । पहिले उहाँ नै यस राज्यको अधिकारी हुनुहुन्थ्यो । उहाँसँग गएर भन, "पिताजी, म राजकुमार हुँ । म राजा बनेपछि राजाहरूको पनि राजा हुनेछु । मलाई राज्य दिनुहोस्, किनभने जे जस्तो कुरा पितासँग हुन्छ, त्यही बस्तु पुत्रलाई प्राप्त हुन्छ ।"

आमाको आज्ञापाएर राहुलले बुद्ध बसिराख्नु भएको ठाउँमा गएर भने, "महाश्रमण, तपाईंको छाया पनि कस्तो आनन्द लाग्छ ।"

त्यस बेलासम्म बुद्धले भोजन गरिसक्नु भएको थियो । उहाँ उठेर हिड्न लाग्नुभयो । राहुलपनि उहाँको पीछा गर्दै आमाले जे सिकाएकी थिइन् त्यही कुरा भन्दै गयो । बुद्धले केहीपनि जवाफ दिनुभएन, न त बालकलाई पिछा गर्न नै रोक्नु भयो । तर हिंड्दा हिड्दै सोच्दै पनि हुनुहुन्थ्यो, "राहुललाई पिताको धन चाहियो, तर धन नै दुःखको कारण हो । म उसलाई धन भन्दा पनि ठूलो 'महाधन' दिनेछु, । जुन धन मैले बोधि बृक्षको छाँयामा पाएको थिए । यसरी म उसलाई एउटा असल उतराधिकार प्रदान गर्नेछु ।"

विहारमा पुगेपछि बुद्धले उपतिष्यलाई बोलाएर राहुललाई तुरून्तै प्रव्रजित गर्ने आज्ञा दिनुभयो । राहुल प्रव्रजित भएको समाचार सुनेर शुद्धोदन ज्यादै दुःखी भए । उनी बुद्ध समीप गएर दृढ तथा आदर पूर्वक स्वरले भने "अव देखि आमाबाबुको आज्ञा विना कुनैपनि बालकलाई प्रव्रजित न गरियोस् ।"

"तिमीले गृहत्याग गर्दाका बखत मलाई ज्यादै दुःख लागेको थियो । नन्दले घर छोडिदिदा मेरो छाती नै फाट्यो । त्यसपछि मैले मेरो सवै माया



Downloaded from http://www.dhamma.digital

मोह राहुलमाथि केन्द्रित गरें, तर तिमीले राहुललाई पनि यहाँ ल्याएर दीक्षित गरिदियौ ।"

शुद्धोदनको कुराले बुद्धको मनमा सहानुभुति पैदा भयो । त्यसपछि उहाँले अब देखि बालकहरूलाई दीक्षित गर्दा आमा बाबुको आज्ञा लिएर मात्र गर्नुपर्ने नियम बनाईदिनुभयो । पछि गएर भिक्षु हुन ईच्छुक विवाहित पुरूषले आफ्नी पत्नीसँग आज्ञा लिनुपर्ने गरी यस नियमलाई अझै विस्तृत पारिदिनु भयो ।

राहुल भिक्षु भएर बसिरहयो । उनी ११ बर्षको भएपछि "सत्य बोल्नु किन आवश्यक पर्छ" भन्ने कुरालाई यसरी सम्झाउनु भयो । उहाँले एउटा डाडुमा थोरै पानी हालेर सोध्नुभयो, "के डाडुमा तिमीले पानीका थोपाहरूलाई देख्छौ ?"

राहुलले आदरपूर्वक जवाफ दियो, "हजुर देख्छु ।"

बुद्धले भन्नुभयो, "झुठो बोल्ने मानिससँग पनि सज्जनता हुन्छ भन्ने कुरा बुझि राख,तर यो पानीको थोपा जति ।" बुद्धले डाडुलाई उल्टो पारेर भन्नुभयो । "झुठो बोलेपछि तिनीहरू यो डाडु जस्तै रित्तो हुनजान्छन् ।"

बुद्धले राहुललाई एउटा अर्को उदाहरण दिएर सत्यको बोध गराउनु भयो । उहाँले भन्नुभयो, "राहुल एउटा असल जातको हात्तीको कल्पना गर । त्यो जवान छ । त्यसका ठूला ठूला दाँतहरू छन् । त्यसलाई युद्धको अनुभव पनि छ । युद्धमा त्यसले आफ्ना खुट्टा शरीर,शिर, दाँतहरूमात्र नभएर पुच्छर र कानहरू पनि ठीक तरीकाले उपयोग गर्दछ, तर सूँड भने पछाडि फर्काइ



Downloaded from http://www.dhamma.digital

राख्दछ । माहुतेले विचार गर्छ: हात्तिले सबै अंगहरूलाई ठीकसँग ल्याउछ तर सूँडमात्र पछाडि फर्काइ राख्दछ । त्यसले राजसेवामा आफूलाई पूरा तवरले लगाई राखेको भनिदैन । हात्तिले आफ्नो शरीरसँगसँगै युद्धमा जव सूँडपनि व्यवाहर मा ल्याउँदछ, त्यसबेला माहुतेले अव त्यसले आफूलाई पूरा तवरले युद्धमा लगायो भनि सोच्दछ । त्यसलाई फेरि तालिम दिइरहन आवश्यक पर्दैन् । जसले पूरातवरले सत्यको अनुसरण गर्दैन, त्यसको अवस्था पनि हात्तिको पहिलेको अवस्था जस्तै हुन्छ । सत्यको पूरा तवरले अनुसरण गर्नु आवश्यक छ । त्यसकारण "राहुल, आफूलाई पूरा तवरले प्रशिक्षित गर, सधै सत्य बोल, ठट्टा गर्दा पनि असत्यको (झुठ) सहारा नलेऊ ।" बुद्धले राहुललाई सत्यको बोध पूरा तवरले गराउन आफ्नो व्याख्या जारि राख्दै उनीसँग सोध्नुभयो, "राहुल ऐना के काममा लगाईन्छ ?"

राहुले भने, "त्यसमा हामीले आफूलाई हेर्दछौं ।" बुद्धले भन्नुभयो, तिमीले ठीक भन्यौ, यस्तै तरीकासँग तिमीले सधै आफ्नो शरीर, आफ्नो बोली (वाणी) आफ्ना विचारहरूलाई हेर्नुपर्छ ।

बुद्धको अर्को एकजना नातेदार, काकाको छोरा आनन्द पनि संघमा प्रवेश गरे । आनन्द सधैं बुद्धको सेवामा लागिरहे । उनी बौद्ध इतिहासमा आफ्ना मधुर स्वभाव र कामका लागि ज्यादै प्रशंशित छन् ।

बीस बर्षको भ्रमण अवधिमा बुद्धको एकजना पनि निजी सहायक थिएन । जो सुकैपनि भिक्षु उहाँको सेवामा लाग्थे र बुद्धको भिक्षापात्र अथवा



Downloaded from http://www.dhamma.digital

चीवर उठाइदिने जस्ता काम गरिदिन्थे । तर एक दिन अचानक यसतो घटना घट्यो कि बुद्धलाई एक जना सेवक राख्नुपर्ने आवश्यकता पऱ्यो

एक दिन बुद्ध नागसमाल नाम भएको भिक्षुसँग भ्रमण गरिरहनुभएको थियो । भ्रमणको क्रममा एउटा दोबाटोमा पुग्नुभयो । अनि कुन बाटो भएर जाने दुई जनाको वीचमा विवाद पऱ्यो । यतिकैमा नागसमाल, जसले बुद्धको भिक्षापात्र र चीवर बोकेर हिडिरहेको थियो, जमीनमाथि त्यतिकै छाडेर आफू खुशी बाटो लाग्यो । बुद्ध एक्लो पर्नुभयो । दुर्भाग्यवश डाँकाहरूले उसलाई बाटोमा फेला पारे । तिनीहरूले उसका भिक्षापात्र र चीवर खोसेर लिए र टाउकोमा एक लाठो प्रनि बजारे । नागसमानले शिरमा चोट र बुद्धको आज्ञाको अवहेलनां गरेवापत पाएको दुःख लिएर फेरि उहाँसँग भेटन आए ।

अर्कोपटक भगवान् बुद्ध भिक्षु मगहियालाई सँगै लिएर भ्रमण गरिरहनु भएको थियो । जव तिनीहरू एउटा आँपको बगैचामा पुगेथे, उसले बुद्धलाई उहाँका चीवर तथा भिक्षापात्र फर्काइ दिँदै भने "म यहाँ एकैछिन ध्यान गर्छु ।" बुद्धले उसलाई त्यो ध्यानगर्ने समय थिएन भनेर सम्झाउनु हुँदा पनि नमानेर त्यही ध्यान गर्न बसे । एकै छिन पछि उनी बुद्ध बसिरहनु भएको ठाउँमा फर्केर आए र ध्यान गर्न नसकेको कुरा भने । यसरी बुद्धलाई छोडेर गएकोमा दुःखपनि प्रकट गरे । यस घटनालाई बुद्धले ध्यानको महत्व सम्वन्धमा आवश्यक कुराहरू सम्झाउन उपयोग गर्नुभयो । उहाँले भन्नुभयो, "ध्यानगर्न शान्ति र एकाग्रताको नितान्त आवश्यक



Downloaded from http://www.dhamma.digital

पर्दछ । यसका साथै निम्न कुराहरू पार्न आवश्यक पर्दछन् :"

१ अध्यात्म व्यक्तिको साथ हुनु, प्रशिक्षित मार्गमा पाको र

२ ज्ञानेन्द्रियहरूमाथि अधिकार हुनु,

३ कामोन्मादेखि अलग रहनु, सम्यक वाची हुनु,

४ सम्यक् व्यायामको व्यावहार गर्नु,

५ प्रथम आर्य: सत्यको आर्थात 'जीवन दु:खमय छ बोध' हुनु ।

यी दुवै घटनाहरूबाट बुद्धलाई अब आफ्नो सेवाको भार अरू कसैलाई सुम्पनु पर्ने कुरा महशुश भयो । त्यसबेला उहाँको उमेर ५५ बर्षको थियो । अत: उहाँले जेतवन पुगेपछि एकजना सेवक नियुक्तगर्ने इच्छा व्यक्त गर्नुभयो । उपतिष्य र कोलित उहाँका दुवै प्रधान शिष्यहरूले आफ्ना सेवा प्रदान गर्ने इच्छा व्यक्त गरे तर तिनीहरू महत्वपूर्ण काममा लागिरहेकाले तिनीहरूको प्रार्थनालाई बुद्धले स्वीकार गर्नु भएन । अन्य प्रमुख भिक्षुहरूले पनि यस कामको लागि आफूलाई प्रस्तुत गरे तर उहाँले कसैलाई पनि सेवकको रूपमा लिन चाहानु भएन । अन्तमा उहाँले आनन्दलाई सेवाको भार सुम्पनुभयो । त्यस वेला देखि लिएर जीवन पर्यन्त उनी बुद्धको सेवामा लागिरहे । उनी बुद्धको कोठा बढारकुडार गरी सफा गर्दथे, उहाँलाई मालिश गरि दिन्थे, उहाँका चीवर तथा भिक्षा पात्र धोई पखाली दिन्थे र जुनसुकै बखत उपलब्ध हुने गरी उहाँको निकट बस्ने गर्दथे । बुद्धले आनन्दको सम्वन्धमा प्रशिक्षित, बुद्धिमान, सुसंस्कृत दृढ, निश्चयी आदि विशेषणहरू प्रयोग गर्नु भएको छ । आनन्दले



Downloaded from http://www.dhamma.digital

महिलाहरूलाई संघमा सामिल गराउने र तिनीहरूका लागि अलग्गै सघंको व्यवस्था गर्ने जस्ता कुराहरूमा बुद्धलाई प्रशस्त प्रभाव पारेका थिए ।

बुद्धप्रति आनन्दको यस्तो सेवा भावना थियो कि उनी सधैं उहाँकै सेवामा लागिरहन्थे । उनले ध्यान गर्ने समय पनि थोरैमात्र पाउँदथे । बुद्धको जीवनमा उनलाई सम्बोधि प्राप्त भएन उहाँको शरीरान्त पछिमात्र ध्यानमा लागेर सब्बोधि प्राप्त गरे ।

बुद्धको निर्वाण पछि उहाँका उपदेशहरूलाई आउदो पीढीका निमित्त संग्रह गरी कण्ठस्थ पार्न जव पाँच सय भिक्षु अर्हतहरूको सभा बसेथ्यो, उनी यस सभामा उपस्थित भएर धम्म कठिकको रूपमा महत्वपूर्ण भूमिका पनि निभाएका थिए ।

⌘ ⌘ ⌘



Downloaded from http://www.dhamma.digital

# ६ करूणा

जीवन र दुःख सँगसँगै हिड्छन् । जीवन छ, त दुःखपनि हुन्छ नै । दुःखबाट छुटकारा पाउन सकिदैन तर त्यसभन्दा माथि अवश्य उठ्न सकिन्छ । शुरूमा उहाँलाई यी नै अनुभवहरूले निर्वाणको वाटो खोज्न प्रेरणा दियो । दुःखभन्दा माथि कसरी उठ्न सकिन्छ, उहाँले यसको विधि वताउनुभएको थियो । धेरै कथा प्रसंगहरूबाट यस बारे प्रमाणित हुन्छ । त्यस मध्ये किसा गौतमी र सर्स्युंको दानाको कहानी धेरै प्रसिद्ध छन ।

किसा गौतमीको विवाह श्रावस्तीको एकजना धनवान् ब्यापारी युवकसँग भएको थियो । तिनका माता पिता पनि धनवान नै थिए । किसा गौतमीको एउटा एक बर्ष उमेर पुगेको बालक थियो । बालक, विरामी परेर उपचार गर्नु भन्दा पहिलेनै मृत्यु भयो । यस दुःखले किसा गौतमी बहुलाइन र बालकलाई बोकेर श्रावस्तीको गल्ली गल्ली चाहर्न लागिन् । बाटोमा भेटभएका जो सँग पनि बालकलाई जीवित पारिदिने प्रार्थना गर्थिन् । धेरैजसोले तिनका कुराहरूमा वास्ता गर्दैनथे कोही त खिस्स हाँसेर गइहाल्थे । उसको सहायता कसले गर्न सक्तथ्यो ? अन्तमा तिनले एकजना बुद्धिमान व्यक्तिलाई फेला पारिन । उसले भन्यो "किसा गौतमी, तिम्रो बालकलाई



Downloaded from http://www.dhamma.digital

एउटै व्यक्तिले जीवित पार्न सक्छ, उहाँ हुनुहुन्छ, "गौतम बुद्ध" । यसबेला उहाँ जेतवन विहारमा हुनुहुन्छ । किसा गौतमी बुद्धको शरणमा गइन् र मृत बालकलाई उहाँको चरणमा राखेर आफ्नो दुर्भाग्यको कहानी सुनाइन ।

बुद्धले किसा गौतमीका कुराहरू शान्त भएर दयापूर्वक सुन्नुभयो । त्यसपछि भन्नुभयो, "बहिनी, म तिम्रो दुःखको उपचार गर्छु । तिमी श्रावस्ती जाऊ र त्यहाँ त्यस्तो घरबाट सर्स्युंको एउटा गेडा मागेर ल्याउनु, जुन घरमा कसैको पनि मृत्यु भएको छैन ।"

किसा गौतमीको मन केही हलुको भयो । तिनी सर्स्युंदको गेडी खोज्न त्यहाँबाट निस्किन् । पहिलो घरबाटै यस्तो भन्दै माग्नेकाम शुरू गरिन्, "बुद्धले मसँग त्यस्तो घरबाट सर्स्युंको एउटा गेडी मगाउनु भएको छ जुन घरमा आजसम्म कसैको पनि मृत्यु भएको छैन । मलाई सर्स्युंको एउटा गेडी दिने कृपा गर्नुहोस् ।"

घरको एकजना सदस्यले भने, "सर्स्युं त थुप्रै छन् बहिनी, तिमीलाई चाहिएजति लैजाऊ, तर यो घरमा त धेरै जनाको मृत्यु भईसकेको छ ।"

तिनी घरघर गईन र प्रत्येक घरबाट तिनीले यही उत्तर पाईन । हरेक प्राणी मर्छन्, अब बल्ल तिनीले यो कुरा बुझिन् । किसा गौतमीले यही कुरा बुझोस् भन्ने बुद्ध चाहनुहुन्थ्यो । त्यस पछि तिनले बालकलाई मशानघाट लिएर गइन् र शवबाट मुक्ति प्राप्त गरी विहारतिर फर्केर आईन ।

बुद्धले भन्नुभयो, "सर्स्युंको गेडी ल्यायौत ?"
गौतमीले भनिन् "अहँ, ल्याइन, अब म त्यसको



Downloaded from http://www.dhamma.digital

खोजमा पनि जान्न । जुन पाठ तपाईले मलाई पढाउन खोज्नुभएको थियो, त्यो कुरा मैले जानि सके । मेरो दु:खले मलाई अन्धा बनाइदिएको थियो मृत्यु मेरै घरमा मात्र भएको रहेछ भन्ने मैले ठानेको थिए ।"

बुद्धले सोध्नुभयो, "उसो भए, तिमी यहाँ फेरि फर्केर किन आयौ त ?"

गौतमीले भनिन्, "अव तपाई भन्नुहोस्, सत्य के हो?"

बुद्धले भन्नु भयो, "गौतमी, मानिसको होस् वा देवताहरूको संसार होस्, यसमा भएको हरेक प्राणी अनित्य(मरणशील) छ ।"

बुद्धको बचन सुनेपछि किसा गौतमीले उहाँबाट दीक्षा लिइन् र कालान्तरपछि निर्वाण प्राप्त गरिन् ।

किसा गौतमीको भन्दापनि पटाचाराको कथा अझै दुर्भाग्य पूर्ण र कठोर छ । पटाचारा धनवान् आमा बाबुकी छोरी थिइन् । सांसारिक सम्बन्धको हावा नलागोस् यस्तो विचार लिएर तिनका आमा बाबुले तिनलाई घरको माथिल्लो तलाको एउटा कोठामा थुनेर राखे । तिनलाई कसैसँग पनि भेटगर्न दिइन्नथ्यो । परिणाम स्वरूप साथीको अभावमा आफ्नै नोकरसँग प्रेम गर्न पुगिन । १६ बर्ष पुगेपछि तिनका बाबु आमाले तिनको विवाह एकजना धनवान् व्यापारीको छोरासँग गरिदिने निश्चय गरे । यस समाचारले दु:खी भएर पटाचारा र तिनको प्रेमी विवाह हुने भनेको दिनमै भागेर जाने योजना बनाईन र पानी बोक्ने नोकरको भेष धारण गरी घरबाट भागिन् । शहरभन्दा बाहिर पर्खेर



Downloaded from http://www.dhamma.digital

बसिराखेको प्रेमीसंग तिनको भेट भयो र गाउँमा गएर तिनीहरूले विवाह गरे । केही समय पछि पटाचारा गर्भवती भईन् र माईत जाने कुरामा ढिपी गर्न लागिन् । लोग्नेले सासु ससुराका डरले मनाही गरिरहयो । पटाचाराले मानिनन् र माइत जान भनी घरबाट निस्किन् । लोग्ने भने पछि पछि लाग्दै घर फर्केर आउने आग्रह गरिरहयो । अन्तमा बीच बाटोमै पटाचारालाई प्रसव पीडा भयो र तिनी सुत्केरी भइन् । त्यसपछि माइत जाने कुरै भएन, अत: बच्चा र लोग्नेसँगै घर फर्केर आइन् ।

दोस्रो पटक गर्भवती हुँदापनि लोग्नेको इच्छा विरूद्ध तिनी माइत गइन् । लोग्ने पनि खिन्न मनले सँगसँगै गयो । बीच बाटोमा पुगेपछि जोरसँग हुरीवतास चल्यो, त्यसैबखत पटाचारालाई प्रसव पीडा शुरूभयो र तिनी बाटोमै बसिदिइन् । पत्नीको सेवा सुस्रुसाको निमित्त घाँस, पात, दाउरा लिन लोग्ने जंगलभित्र पस्यो । अचानक सर्पले डसेर लोग्नेको मृत्यु भयो । अब मुश्किल झन थपिन गयो । पटाचाराले बच्चा जन्माइन् । विहान आँधि र पानी थामेपछि खोज्दै जाँदा तिनले आफ्नो लोग्ने मरेको फेला पारिन् । भर्खर जन्मेको बालक र पहिलो बालकको हात समाएर दु:खी मनले फर्केर आईन् । जाँदा जाँदा बाटोमा एउटा नदी फेला पर्‍यो । त्यसमा बाढी आएको थियो । दुबै बालकहरूलाई सँगै लैजाने हिम्मत तिनमा भएन । ठूलो बच्चालाई नदी किनारमा बसाली सानु बच्चालाई लिएर नदी तर्न लागिन् । पारी पुगेर बच्चालाई सुताएकी मात्र के थिईन्, त्यसमाथि गिद्धले बेग हान्यो । गिद्धलाई धपाउन पटाचारा बेस्करी



Downloaded from http://www.dhamma.digital

कराइन् । अर्को किनारमा बसिराखेको बालकले आमा कराएको सुनेर बोलाएको भन्ठानी नदीको पानीमा पस्यो । बालकले नदी तर्न लागेको देखेर त्यसलाई बचाउन पानीमा हाम फालिन तर सकिनन् । बालकलाई नदीले बगायो । यता गिद्धले भर्खर जन्मेको बालकलाई एक्लो पाएर खुट्टाले च्यापी उडाएर लग्यो । पटाचाराको भाग्यमा अझै दुःख भोग्न बाँकी नै थियो क्यारे । जसरी तसरी तिनी श्रावस्ती पुगेर एकजना परिचितसँग आफ्ना आमा बाबुका कुशल समाचार जान्न खोजिन । त्यसले भन्यो, "हिजो आँधी र पानीले, जुन घरमा तिम्रा माता पिता बस्तथे, त्यो घर भत्किन जाँदा तिनीहरू त्यसैमा पुरेर मरे । ऊ, हेर त्यहाँ, दुबैका चिता जलिरहेका छन् ।"

पति र पुत्र विछोडको दुःख त पटाचारालाई छँदै नै थियो, यस हृदय विदारक घटना देखेर तिनलाई अब कतैपनि शरण पाउने आशा भएन । तिनी बहुलाईजस्ती भएर लडीबुडी गर्दै छट्पटाएर रून कराउन लागिन् । यस्तो अवस्थामा पुगेकी तिनलाई मानिसहरूले जेतवन विहारतिर लिएर गए, जहाँ बुद्ध बसिरहनु भएको थियो । पटाचाराको यस्तो अवस्था देखेर बुद्धले भिक्षुणीहरूलाई बोलाएर उसलाई नुहाइ धुवाई गराई लुगा लगाई भोजन गराउने आज्ञा दिनु भयो । त्यसपछि बुद्धले तिनीसँग तिनको दुर्भाग्य र दुःख सम्वन्धमा कुराकानी गर्न थाल्नुभयो । बुद्धको उपदेशबाट तिनीले शान्ति पाईन् । संघमा प्रवेश गरेपछि कालान्तरमा संबोधि प्राप्त गरिन् ।

बुद्धले देवदत्तद्वारा घाइते पारिएको पंक्षीको



Downloaded from http://www.dhamma.digital

रक्षा गर्नु भएको थियो । बाल्यकाल देखि नै उहाँ सबै प्राणीहरूप्रति दयालु हुनुहुन्थ्यो । यो दयालुता भनेको सिक्काको अर्को पाटा हो, जसमा संसार दु:खमय छ भन्ने लेखेको हुन्छ । बुद्धको जीवनमा उहाँका करूणाका धेरै प्रसंगहरू पाईन्छन् ।

एक पटक बुद्धले आनन्दसँग संघको एउटा कोठा निरिक्षण गर्न जानुभयो । त्यसमा एकजना विरामी भिक्षुलाई देख्नुभयो । उसलाई वान्ता भईरहेको थियो र कष्टको साथ साथै फोहरमाथि पनि बसिरहेको थियो । उसलाई रेखदेख गर्ने कोही पनि थिएन ।

बुद्धले सोध्नु भयो, "अरू भिक्षुहरूले तिम्रो सेवा किन गर्दैनन् ?"

विरामी भिक्षुले उत्तर दियो, "किनभने मैले कसैको पनि सेवा गर्दिन ?"

बुद्धले आनन्दलाई पानी तताउन लगाउनु भयो । उसलाई नुहाइदिएर स्वच्छ पार्नुभयो, सफा लुगा लगाइदिनु भयो र स्वच्छ विछौना माथि सुताइदिनुभयो । यति सबै गरिसकेपछि बुद्धले त्यहाँ उपस्थित सबै भिक्षुहरूलाई बोलाएर भन्नुभयो । कष्टले पीडित र विरामी व्यक्ति को सेवा सबैले गर्नु पर्छ, जसले विरामी को सेवा गर्दछ त्यसले मेरो सेवा गरेको सम्झनुपर्दछ ।"

अर्को पटक उहाँको भेट एकजना भिक्षुसँग भयो । उसको जिउमा लुतो भएको कारण खटिरा निस्केको थियो । त्यसबाट दुर्गन्ध फैलिरहेको थियो । भिक्षुहरूले उसलाई संघ भवनबाट बाहिरको मैदानमा सुताईराखेका थिए । बुद्धले उसको पनि सेवा गर्न लाग्नुभयो । यस्तो देखेर अरू भिक्षुहरूलेपनि



Downloaded from http://www.dhamma.digital

पानी तताएर ल्याए, उसलाई स्वच्छ पारेर उसको सेवा गर्न लागे ।

बुद्धले बालकहरूलाई पनि निर्दयताबाट विरत रहने शिक्षा दिनुहुन्थ्यो । एकपटक उहाँले एउटा सानु पोखरीमा केटाहरूले माछालाई सताइरहेको देख्नुभयो । उहाँले यस्तो उच्छृंखल कामगर्न रोक्नुभयो र बालकहरूका सदविचारहरूलाई उकास्न तिनीहरूसँग प्रश्न गर्नुभयो, "जसरी तिमीहरूले यी माछाहरूलाई सताइरहेका छौ त्यसरीनै तिमीहरूलाई कसैले सतायो भने त्यसबेला कस्तो होला ?" एकपटक केटाकेटीहरूले एउटा सर्पलाई लौरोले कुटिरहेका थिए । बुद्धले तिनीहरूलाई त्यस्तो नगर्न भन्नुभयो । सवै मातापिता अथवा गुरूहरूको शुभचिंतनलाई ध्यानमा राखेर उहाँले यस्तो कामहरू पनि गर्नुहुन्थ्यो ।

बुद्धको उपदेशहरूको आधार सरल बुद्धि र व्यावहारिकता थियो । अरू धर्म र बौद्ध धर्ममा यही त फरक छ । तिनीहरू संसार त्यागेर कायाकष्टमा लाग्छन् । (यही बाटो शुरूशुरूमा बुद्धले समाउनु भएको थियो) जुन पछि गएर, तिनीहरूको आदर्श बन्न जान्छ । त्यसपछि घरबार त्यागेर कायाकष्टको संसारमा लिप्त हुन जान्छन् । यही कारणहरूले गर्दा बुद्धले मध्यममार्गको शिक्षा दिनुभयो । बुद्धका सरल बुद्धिका पनि धेरै उदाहरणहरू पाइन्छन् ।

एकपटक आलवी बासीहरूले बुद्ध र संघका भिक्षुहरूलाई निमन्त्रण गरे । एउटा किसानलाई बुद्धको उपदेश सुन्ने तीव्र इच्छा भयो र प्रवचन हुने भन्ने दिनकै विहानीपख उसको गोरू हरायो । बुद्धको उपदेश सुन्नुपनि परेको थियो । हराइरहेको



Downloaded from http://www.dhamma.digital

गोरू खोज्न जानु पनि जरूरी नै थियो । ऊ गोरू खोज्न निस्क्यो र दिन भर खोजिरह्यो । आखिर साँझतिर बल्ल फेलापऱ्यो गोरूलाई घर पुऱ्याएपछि ऊ बुद्धको प्रवचन सुन्न दौडेर गयो । दिनभरी गोरू खोजिरहनुपरेकोले उसले खानपिन केहीपनि गरेको थिएन, तर बुद्धको उपदेश सुन्ने तीव्र इच्छाले ऊ सोझै उहाँको अगाडि उभिन पुग्यो ।

बुद्ध र संघले भोजन गरिसकेको थियो र धन्यवादको रूपमा प्रवचन शुरूगर्न मात्र लाग्नुभएको थियो की अगाडि उभिन आइपुगेको किसानलाई देखेर रोकिनुभयो । उसलाई भोकै र थाकेको देखेर एक जना शिष्यलाई बोलाई उहाँले किसानलाई आरामसँग बसालेर भोजन गराउने आज्ञा दिनुभयो । त्यस किसानले भोजन गरी सिध्याएपछि मात्र बुद्धले आफ्नो प्रवचन शुरूगर्नुभयो । किसानले बुद्धको उपदेश पूरा मनलगाएर सुन्यो ।

बुद्धले यसरी एकजना गरीव किसानको निमित्त आफ्नो प्रवचन रोकिराखेको धेरै जसो शिष्यहरूलाई मन परेन । तिनीहरूले बुद्धको यस कार्यको आलोचना गर्नथाले । यस्तो आलोचना सुनेपछि तिनीहरूलाई बोलाएर बुद्धले भन्नुभयो । "त्यस्तो भोको किसानलाई मैले उपदेश सुनाएको भए उसले केहीपनि बुझ्न सक्ने थिएन, किनभने भोकको कष्ट बरावर अर्को कष्ट हुदैन ।"

बुद्धले यो कुरापनि स्पष्ट पार्नुभयो, "मध्यममार्गको अर्थ भोग लिप्सा होइन । मध्यम मार्गको अर्थ हो हरेक किसिमको लिप्सा र कायाकष्टबाट विमुख रहनु ।"

कोशल नरेश प्रसेनजित विशेषगरी भोजन



Downloaded from http://www.dhamma.digital

प्रेमी थिए । उनले थालभरी भात र त्योसँग दाल, साग, चटनी अचार आदि पनि खाने गर्थे । एक पटक उनी चमेना गर्दागर्दै धुर्न लागे । तर विहानविहानै सुत्नपनि चाहान्नथे । अतः निद्रा भगाउन टहल्न निक्ले र टहल्दाटहल्दै बुद्ध बसिराख्नुभएको ठाउँ जेतवन पुगे । उहाँको नगीच पुगेर थचक्क बसे । त्यतिबेला पनि उनलाई निद्राले सताइरहेको थियो तर आँखाभने जसरी तसरी उधारी राखेका थिए ।

बुद्धले राजाको यस्तो अवस्था देखेर सोध्नु भयो, "राजन, तपाईको यस्तो अल्छीपनको कारण के हो ? के तपाई राती सुत्नु भएन ?"

राजाले विनम्रसाथ उत्तर दिए, "राती त सुतेको थिएँ तर, जहिलेपनि खानेकुरा खाएपछि मलाई यस्तै हुन्छ ।"

बुद्धले भन्नुभयो, "राजन, तपाई अति भोजन भोगी रोगले पीडित हुनुहुन्छ । धेरै भोजन गरेर जहिले पनि सुतिरहनु र पेटभरी अनाज आएको सुंगुर झै लम्पसार परिरहनु मूर्खता हो । किनभने ज्यादा भोजनले रोग र कष्टहरूलाई जन्म दिन्छ ।"

बुद्धले फेरि भन्नुभयो, "बुद्धिमान मानिसहरूले भोजनमा संयम राख्दछन् । यस्तो भोजनले तृप्ती दिन्छ । थोरै खाने व्यक्ति ढीलो बूढो हुने गर्दछ र शारीरिक पिडा रहितभएर बाँचिरहन्छ ।

राजा प्रसेनजितले बुद्धको शिक्षानुसार आचरण गर्ने प्रयास गरे, तर सफल हुन सकेनन् । त्यसपछि बुद्धले राजकुमार सुदर्शनलाई बोलाउनुभयो र राजालाई सहायता दिने सुझाव दिनुभयो । राजाले उचित मात्रामा भोजन गरीसकेपछि अरू बढी खान



Downloaded from http://www.dhamma.digital

नदिने कुरापनि उनलाई भन्नुभयो र खानापनि थोरै मात्र पस्की दिनुपर्ने कुरा सम्झाउनु भयो ताकि अर्कोपटक थप्नुपर्ने आवश्यकता नै नपरोस् । राजाले यस परीक्षणमा सहयोग गरे । सुदर्शनले चेतावनी दिनु भन्दा पहिले नै थालीबाट हात झिकिहाल्थे र चेतावनी दिएवापत राजाले जरीवाना स्वरूप एक हजार असर्फी दान दिनु पर्थ्यो । उनको भोजनको मात्रा क्रमश घट्दै गएकोले मोटाइपनि घट्दै गयो । शरीरमा स्फूर्ति आयो । त्यसपछि उनले बुद्ध बसिराख्नु भएको ठाउँमा गएर यसरी धन्यवाद दिए "मैले मेरो प्रसन्नतालाई फेरि फर्काएर ल्याएँ । अब म फेरि शिकारमा जान्छु, जंगली जनावर र घोडाहरूलाई समात्छु । पहिले पहिले त म मेरो भतिजासँग रिसाउने गर्थे, अब म उनीसँग यति खुशि छु कि मैले मेरो छोरीनै उनीसँग विवाह गरिदिएँ ।"

संतुलित भोजनमा विजयी खेलाडी राजा प्रसेनजितले, संतुलित न्याय के हो भन्ने पाठ पनि बुद्धबाट सिके ।

एक दिन बुद्धलाई भेट्न जाँदा राजा प्रसेनजितले बाटोमा केही भिक्षुहरूलाई जाँदैगरेको देखे राजाले तिनीहरूलाई सम्मानगर्न विनम्रपूर्वक उभेर प्रणाम गरे । तिनीहरू गइसके पछि बुद्धसँग सोधे, "अहिले भर्खर आएका भिक्षुहरू मध्ये के कोही त्यस्ता पनि छन् जसलाई वास्तविक अर्थमा साधु भन्न सकिन्छ ?" बुद्धले भन्नुभयो, "कामनाहरूले घेरिएको, धनको मोहमा बाँधिएको सांसारिक व्यक्तिको वारेमा यस्तो निर्णय गर्न कठिन हुन्छ । कुनै व्यक्तिसँग धेरै दिन सम्म सहवास गरिसकेपछि मात्र त्यसको



Downloaded from http://www.dhamma.digital

ईमान्दातारीको सम्वन्धमा केही भन्न सकिन्छ । कठिनतामा फँसेको व्यक्तिको नै आन्तरिक विचार देख्न सकिन्छ । कुन मानिस कति बुद्धिमान छ भन्ने कुरा त्यस मानिससँग धेरै दिनसम्म व्यवहार र कुराकानी गरेपछि मात्र थाहापाउन सकिन्छ ।"

मानिसहरूलाई सम्झन, बुझ्न आफूमा अदभुत शक्ति छ भनेर बुद्धले कहिल्यैपनि भन्नुभएको थिएन । उहाँको परिपक्क निर्णय अनुभव, जन्य र आत्माज्ञानमा आधारित हुन्थ्यो । यस कुराको संकेत उहाँले कसैको प्रशंसा वा आलोचना गर्नुहुँदा स्पष्ट देखिन्थ्यो ।

एकपटक बुद्ध भिक्षुहरूसँग यात्रा गरिरहनु भएको थियो । उहाँको पछिलागेर अन्य मार्गका अनुयायी सुप्रिय र ब्रह्मदत्त नाम भएका दुईजना सन्यासीहरूपनि गइरहेका थिए । तिनीहरूले बुद्ध बुद्धको विहार र संघको बारेमा कुरा गरिहेका थिए । सुप्रियको दृष्टिकोण आलोचनात्मक थियो भने ब्रंहमदत्तले बुद्ध र उहाँको धर्मको प्रशंसामात्र गरिरहेको थियो । बुद्ध बस्नु भएकै ठाउँमा तिनीहरूपनि राती बास बसे र अबेर रातीसम्म तिनीहरूको आलोचना प्रत्यालोचना चलिरहयो । यो कुरा बुद्धसँग आएका भिक्षुहरूले पनि सुने । भोलिपल्ट विहान ती सन्यासीहरूको कुरा सुनेर केही भिक्षुहरू रिसाए । रिसाएको थाहा पाएपछि बुद्धले तिनीहरूलाई बोलाएर भन्नुभयो, "साथीहरू हो मेरो बारेमा मेरा सिद्धान्तहरू अथवा संघको आलोचना सुनेर तिमीहरू किन दुःखी हुन्छौ ? यो क्रोध, यो दुःख, तिमीहरूको आत्म विजयतिर लाग्ने बाटोको बाधा सावित हुनसक्छ । मानिसहरूको कुरा सुनेर यदि तिमीहरू रिसाउँछौ



Downloaded from http://www.dhamma.digital

भने तिनीहरूका भनाइको प्रमाणिकता बारे कसरी परीक्षा गर्न सकौला ? जव कसैले हाम्रो आलओचना गर्दछ, सर्वप्रथम त्यसको भनाइको अर्थ बुझ । उसको भनाइमा यदि कुनै प्रमाण नैं छैन भने उसलाई त्यो कुरा सम्झाइ देऊ । कसैले मेरो वारेमा, मेरा सिद्धान्तहरू अथवा संघको प्रशंसा नै गरेछन भनेपनि, त्यसवेला खुशी मनाउनुपर्ने आवश्यकता छैन । सत्य भनाइमात्र स्वीकार गर र उसले कति कुरा सत्य भनेको थियो त्यसको कारण सहित उसलाई **अवगत गराइदिनु** । धेरैजसोले त मेरो प्रशंसामात्र **गर्दछन्, अनि त्यो** प्रशंसा गंभीर उद्देश्यलाई लिएर गरिएको हुँदैन, तिनीहरू त खालि सतही साना तिना कुराहरूलाई लिएर गरिएका हुन्छन् ।"

बुद्धको यस प्रवचनलाई स्पष्टपार्ने एउटा कथा छ । अतुल नाम भएको एक जना युवक थियो । ऊ श्रावस्तीको वासिन्दा थियो । त्यसका धेरै साथीहरू थिए । उसले विहारमा गएर प्रवचन सुन्ने निश्चय गऱ्यो । विहारमा पुगेपछि उसको भेट रेवतसँग भयो । प्रणाम गरेर उनीसँगै बस्यो र उत्सुकतापूर्वक प्रवचन सुन्न प्रतीक्षा गऱ्यो । रेवत आफैंमा दंगपरेर बस्तथ्यो । उसले युवकप्रति अलिकतिपनि ध्यान दिएन । न त प्रवचन नै दियो ।

युवक निरासभएर सारिपुत्र बसिराखेको ठाउँमा गयो । सारिपुत्रले उसलाई आफूकहाँ आएको देखेर खुशीहुँदै विस्तारपूर्वक बुद्धधर्मको अर्थ सम्झाए, तर अतुललाई उसको विचार सुनेर अतिकतिपनि सन्तोष भएन । उसका धेरै जसो साथीहरूलाई लामो प्रवचन झर्कोलाग्दो मात्र भयो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि आनन्द बसिराखेको ठाउँमा गएर भने कि तिनीहरू रेवत कहाँ जाँदा उसले केहीपनि बोल्दै बोलेन: फेरी सारिपुत्रले बोल्दा यति बोलिदिए की, तिनीहरूलाई बडो झर्को लाग्यो । आनन्दले तिनीहरूको कठिनाइ र आवश्यकतालाई बुझेर बुद्धका विचारहरू सरलभाषा र संक्षेपमा सुनाए । आनन्दबाट पनि तिनीहरू सन्तुष्ट भएनन् र बुद्ध बसिरहनु भएको ठाउँमा गएर आफू असन्तुष्ट भएको कुरा सुनाए । बुद्धले भन्नुभयो, "प्राय: यस्तै नै हुँदैआइरहेको छ, मानिसले नै मानिसको आलोचना गर्दछन्, बोल्दै नबोलेपनि आलोचना हुन्छ । न थोरै बोल्ने न त धेरै बोल्ने, त्यस्तो मानिसको पनि आलोचना गर्ने गर्दछन् । प्रत्येक मानिसले दुईटा काम गर्दछ, कि त उसले आलोचना गर्दछ, कि त प्रशंसा । यो पृथ्वीमा, यो सूर्य, यो चन्द्र र मेरैपनि, यसबेला म संघलाई उपदेश दिइरहेको छु, त्यसमा भएका केही व्यक्तिहरूले प्रशंसा गर्लान् त, कसैले आलोचना भन्नें हो भने प्रशंसा वा आलोचनाको केहीपनि अर्थ नै हुँदैन । तर जसले तिमीहरूलाई र तिमीहरूसँग सम्बन्ध नै नभएका मानिसहरूले आलोचना वा प्रशंसा गर्दछन् भने त्यहाँ त्यसको अर्थ अवश्य हुन्छ ।"

स्वयं बुद्धपनि आलोचनाबाट मुक्त हुनुभएन् 'आत्माको' बारेमा बुद्धको विचार के हो यो प्रश्न बारम्बार उठाईन्थ्यो । 'आत्मा', परमात्माको अंश हो र आत्मा परामात्मामा लीन हुन व्याकुल रहन्छ भन्ने हिन्दू मान्यता हो । के बुद्धले ईश्वरलाई मान्नु हुन्थ्यो ?

बुद्धले यस्ता प्रश्नहरूमा अल्झिरहनु समयको



Downloaded from http://www.dhamma.digital

बर्बादी मात्र हो भन्ने विचार राख्नुहुन्थ्यो । "संसार दुःखमय छ ठीक बाटो समाई यस दुःखबाट मुक्त भएर सम्बोधि प्राप्त गर्न सकिन्छ" यस्तो बुद्धको विचार थियो । सत्यको जानकारी बारेमा कुरागर्दा उहाँले सम्बोधि प्राप्ती कै कुरा अगाडि सार्नु हुन्छ ।

बुद्धकै समयमा पनि उहाँको यस दृष्टिकोण सँग सहमत नराख्ने मानिसहरूपनि थिए । बुद्धशिष्य मालुक्यपुत्र आशांत (चकचके) किसिमको मानिस थियो । विभिन्न किसिमका प्रश्नहरू उसको मन भित्र उब्जिरहन्थ्यो । त्यसकारण ध्यानमा उसको मन एकाग्र हुँदैनथ्यो । बुद्धले उसको प्रश्नको उत्तर दिनैपर्छ भन्ने उसको सोचाई थियो । जतिखेर प्रश्नहरू अगाडि राखेपनि उहाँले उपेक्षा गरि दिनुहुन्थ्यो । आफ्ना प्रश्नहरूको उत्तर नपाएपछि दिक्क भएर उसले या त बुद्धले उसका प्रश्नहरूको उत्तर देओस् होइन भने संघलाई नै त्यागेर गृहस्थी हुने विचार गरे । आफ्नो मनमा उठेका प्रश्नहरूलाई उसले फेरि बुद्ध समक्ष प्रस्तुत गरे । "के विश्व नित्य छ ? के विश्व अनन्त छ ? के शरीर र आत्मा एउटै हुन अथवा तिनीहरू अलग अलग हुन" त्यसपछि उसले यस्तो पनि भन्यो, "आज, यदि मैले मेरा प्रंश्नहरूको उत्तर पाईन भने म संघबाट निस्केर जानेछु । यदि विश्व नित्य छ भने त्यो नित्य छ भन्ने कुरा किन भन्नु हुन्न ।" होइन थाहा छैन मलाई भन्नु हुन्छ भने मलाई यसको ज्ञान छैन भनिदिनुहोस् ।"

बुद्धले भन्नुभयो, "मालुंक्यपुत्र के मैले तिमीलाई म बसेको ठाउँमा आऊ पवित्र जीवन विताऊ म



Downloaded from http://www.dhamma.digital

तिम्रो प्रत्येक प्रश्नको उत्तर दिंउला भनी कहिल्यै भनेको थिएँ ?" यस्ता शब्दहरूद्वारा, बुद्धले मालुंक्यपुत्रलाई अलिकति हकार्दै भन्नुभयो, "मालुंक्यपुत्र एउटा यस्तो बाण लागेको मानिसको कल्पना गर उसका साथी र नातेदारहरूले उसलाई तत्काल उपचारार्थ बैद्य कहाँ लैजान्छन् । तर उसले उसको शरीरबाट बाण निकाल्नु भन्दा पहिले वाण चलाउने मानिस बारे थाहापाउन खोजेको कुरा भन्छ । त्यो ब्राह्मण, क्षेत्रीय, बैष्य वा शूद्र को थियो ? त्यसको नाम र गोत्र के थियो ? त्यो अग्लो थियो वा पुड्को थियो ? त्यसको बर्ण गोरो, कालो वा पहेलो कस्तो थियो ? त्यो कुन गाउँ वा शहरमा बस्तथ्यो ? त्यसले वाण चलाउन कस्तो किसिमको धनुष प्रयोग गरेको थियो ? धनुषको पत्यांचा (धनुषको डोरी) कस्तो थियो ? वाणमा कुन चराको प्वाँख र िखिएको थियो, र वाण कुन विषमा चोपेको थियो ?"

"मालुंक्यपत्र यतिका प्रश्नहरूको उत्तर संगालेर त्यस घाइते व्यक्तिलाई थाहा दिने क्रम चलाईन्जेल उसको मृत्यु भइसकेको हुनेछ । यही कुरा त्यस व्यक्तिमाथि पनि लागुहुन्छ, जसले यो विश्व नित्य र असीम छ वा छैन भन्ने कुरा जान्न खोजेको हुन्छ । यी प्रंश्नहरूको उत्तर नपाएसम्म तिमीले पवित्र जीवनपथ ग्रहण नै नगर्ने ?"

"म भन्छु, निर्वाण प्राप्तिको निमित्त यी प्रश्नहरू विना मतलवका छन् । यी प्रश्नका उत्तर हरू चाहे जे सुकै होउन् । त्यसले जन्म जरा (बृद्धावस्था) ह्रास; मृत्यु र तिनीहरूबाट पैदाहुने कष्ट, दुःख र शोकमाथि केहीपनि असर पार्दैन, न



Downloaded from http://www.dhamma.digital

त यसबाट मुक्ति पाउन यस जीवनमा नै सम्भव छ भन्ने मेरो यस भनाइ माथि ।"

"त्यसकारण मालुंक्यपुत्र, जुन कुरा मैले स्पष्ट पारिदिएको छु, त्यसलाई स्वीकार गर र जुन कुराको ब्याख्या मैले गरेको छैन त्यसबारे विचार गर्नुपर्ने आवश्यकता छैन । थाहा छ ? तिमीले उठाएका प्रश्नहरूको उत्तर दिने कोशिश मैले किन गरिन ? किनभने तिनीहरूबाट प्राप्त हुने उत्तरबाट अध्यात्ममय(आत्मा वा ब्यक्तिसँग सम्वन्ध राख्ने) जीवन न त प्रमाणित हुनजान्छ न त तिनीहरूको एक आपसमा सम्बन्ध नै हुनजान्छ । यसले तिमीलाई असम्पृक्तता (असम्बन्ध) शान्ति, गहिरो अनुभूति र अन्तमा निर्वाण प्राप्त गर्न केहीपनि सहायता गर्न सक्तैन । मैले के भनेको थिएँ ? यही त दु:ख हो र, मैले तिमीलाई त्यो उपायपनि भनेको थिएँ जसको सहायता लिएर यस अवस्थाको अन्त गर्न सकिन्छ । मैले यी सबै कुराहरू, 'आध्यात्मिक जीवनका सारभूत सिद्धान्तहरू हुन' भनी भनेको थिएँ ।"

यही कुरा उहाँले एउटा बृक्ष मुनि बसिराखेका केही भिक्षुहरूलाई भन्नुभएको थियो । बुद्धले आफ्नो अगाडि खसिराखेका पातहरूलाई टिपेर भन्नुभयो "भिक्षुहरू हो, मेरो हातमा पातहरू धेरै छन् कि बृक्षमा ?"

भिक्षुहरूको उत्तर थियो, "बृक्षमा पातहरू धेरै छन् ।" बुद्धले आफ्ना कुराहरू सम्झाउँदै भिक्षुहरूलाई भन्नुभयो, "यस्तै किसिमले जुन सत्य बारे मैले स्पष्ट अनुभव गरेर तिमीहरूलाई भनेको छु, ती मेरो हातमा भएका पातहरू जतिकै हुन् र



Downloaded from http://www.dhamma.digital

जसको बारेमा मैले भनेको छैन । तिनीहरू बृक्षका पातहरू जतिकै हुन् जुन कुरा मैले भनेको छैन, पवित्र जीवनको निमित्त त्यसलाई जानिराख्नु पर्ने आवश्यकता छैन न त त्यसले अध्यात्मिक जीवनमा केही सहायता नै पुऱ्याउँछ । मैले तिमीहरूलाई दुःखको प्रकृति र त्यसबाट मुक्त हुने उपायहरू बताइसकेको छु र यही ज्ञानले निर्वाण प्राप्त गराउँछ ।"

बुद्ध हठवादिता(आफ्नो सिद्धान्त अथवा सम्प्रदायमा अड्डी लिईराख्ने प्रकृति) को विरोधी हुनुहुन्थ्यो । उहाँ दार्शनिक बिषयहरूमा विचार विर्मश गरिरहनु व्यर्थ सम्भनुहुन्थ्यो र ईश्वर सम्वन्धी मानिसहरूको निश्चित विचारहरू बारे कुराकानी गरिरहनु गलत कुरा ठान्नुहुन्थ्यो एक वखत श्रावस्तीमा धेरै संख्यामा विद्वान सन्यासीहरू दार्शनिक विषयहरूलाई लिएर वहस गर्न लागे । त्यहाँ बुद्धपनि उपस्थित हुनुहुन्थ्यो । अन्तमा तिनीहरू ती- प्रश्नहरूमाथि पनि वहश गर्न थाले । जुन प्रश्नहरूले मालुंक्यपुत्रलाई हैरान पारिराखेका थिए । ती नै प्रश्नहरू, जस्तै, 'के विश्व नित्य ?' 'के त्यो अनन्त छ ?' 'के शरीर र आत्मा दुई फरक वस्तुहरू हुन ?' 'के यस संसारमा पूर्णता प्राप्त गर्न सकिन्छ ?' बहस बढेर त्यसको पारा यतिसम्म चढ्न पुग्यो कि ज्ञान सम्वन्धी खोज विचारबाट भरेर व्यक्तिगत आक्षेपको तहसम्म पुगे । एक आपसमा गालि बेइज्जत गर्नलागे । त्यसपछि मानिसहरूले बुद्धलाई मध्यस्थता गर्न अनुरोध गरे । सबैलाई शान्तपारेपछि बुद्धले यो कथा सुनाउनु भयो ।

"एकपटक एउटा राजाले जन्मजात अन्धाहरूलाई



Downloaded from http://www.dhamma.digital

बोलाई तिनीहरूको बीचमा एउटा हात्ति ल्याएर उभ्याइदिए । त्यसपछि राजाले अन्धाहरूलाई हात्ती छुन लागाए, हात्ती कस्तो छ, भन्न लगाए । अन्धाहरूमध्ये कसैले टाउको, कसैले कान, कसैले दाह्रा, कसैले सूँड, त कसैले खुट्टा समाउन पुगे भने कसैले पुच्छरको रौं अनि राजाले प्रत्येक अन्धासँगै हात्ती कस्तो छ त ? भनि सोधे । हात्तीको टाउको समाउन पुग्ने अन्धोले 'हात्ती त हाँडी जस्तो हुँदोरहेछ' भने, कान समाउनेले 'नाङ्लो जस्तो छ' भने, दाह्रा समाउनेले 'हलोको फाली जस्तो छ' भने, सुड समाउनले ले 'हलोको मूठो जस्तो छ' भने, खुट्टा समाउनेले 'खम्भा' जस्तो, पुच्छर लाई 'मुसल', र पुच्छरको टुप्पाको रौं समाउनेले हात्तीलाई 'कुचो' जस्तो हुँदो रहेछ भने ।"

"तिनीहरूको जवाफ सुनेर राजा हाँस्न लागे तर अन्धाहरूभने तैंले गल्ती भनिस्, भनेर आपसमा झगडा गर्न लागे । झगडा गर्दागर्दै कुश्ता कुश्ती पनि गर्न लागे ।"

अनि बुद्धले भन्नुभयो, "यी बहसगर्नेहरू सवै हात्तिको स्वरूप निश्चित गर्ने अन्धाहरू जस्तै हुन् । यिनीहरूले यथार्थको एउटामात्र पक्ष देखेका छन् तर कुरा भने यस्तरी गरिरहेका छन् मानु पूर्ण यथार्थलाई यिनीहरूले जानिसकेका छन् ।"

बुद्धले हात्तीको तुलना एउटा अर्को ठाउँमा पनि प्रयोग गर्नु भएको छ जसद्वारा सत्यको खोजमा लागेका व्यक्तिको लागि धैर्य र विनम्रताको उपदेश दिनुभएको छ । एउटा अदना मानिस जंगल भित्र जान्छ ।, त्यहाँ उसले हात्तीको खुट्टाको चिन्ह देख्छ । उसले त्यो खुट्टाको चिन्ह राज्यको सवैभन्दा



Downloaded from http://www.dhamma.digital

ठूलो हात्तीको खुट्टाको हुनुपर्दछ भन्ने लख काट्छ । तर अर्को खोजीगर्ने व्यक्ति अलि बुद्धिमान् हुन्छ । उसले ती पदचिन्हहरू पुड्की, मोटी ढोईको पनि हुन सक्ने लख काट्छ । आफ्नो विचारहरूको पुष्टयाँईगर्न उसले अरू प्रमाणहरू पनि खोज्न थाल्दछ । जुन बाटो भएर हात्ति गएको थियो, त्यस बाटोको एका पट्टीका रूखका हाँगाहरू भाँचिएका थिए । तैपनि उसले राजाको हात्ति त्यही बाटो भएर गएको हुनुपर्छ भनि भन्दैन । उसले अझै अरू प्रमाणहरू खोज्दछ र आफूलाई यकिन पारेपछि मात्र ती पदचिन्हहरू राजाको हात्तीकै हुनुपर्दछ भनि ठोकुवा गर्दछ ।

यस्तै प्रकारले 'आध्यामिक उन्नतिपनि विस्तार विस्तारै हुन्छ,' भनी बुद्धले भन्नुभएको छ । कसैले कहिल्यैपनि पूर्णता प्राप्त गरिसकेको कुरा सोच्नु हुदैन, किनभने प्रत्येक क्षण परिवर्तन शील छ ।

बौद्धधर्म त्यस्तो व्यक्तिहरूको लागि होइन जो गुरू वा धर्म ग्रन्थहरूले जीवनलाई नियमित बनाइ राख्नुपर्छ भनि सधैं भनाइरहन चाहन्छ । हरेक मानिसले सन्तुलित भएर सोच्नुपर्दछ र सदाचार सम्वन्धी निर्णयपनि स्वयं गर्नुपर्दछ । बुद्धका सारा उपदेशरूमा यही कुराहरू झल्किएका छन् । तर हरेक मानिसलाई विचारगर्ने एउटा परिधी त चाहिन्छ नै । यसैको निमित्त बुद्धले आर्य अष्टांगिक मार्गको व्याख्या गर्नुभएको छ । उहाँको कर्मको सिद्धान्त अनुसार हरेक मानिसले स्वयं निर्वाण प्राप्त गर्नुपर्दछ ।

एकपटक बुद्ध केशपुत्त जानुभयो । त्यहाँ प्रायः सधैं जसो धार्मिक गुरू तथा सन्यासीहरू



Downloaded from http://www.dhamma.digital

आइरहन्थे । जतिपनि आउथे अर्काको सिद्धान्तहरूको तीव्र आलोचना गर्दथे र आफ्नै किसिमको नयाँ सिद्धान्तहरू स्थापना गरेर जान्थे । यस्तो देखेर केशपुत्तका मानिसहरू बडो हैरान थिए । बुद्ध त्यहाँ पुग्नुभएपछि उहाँसँग मानिसहरूले सोध्न आए, कुन गुरूले सत्यकुरा भनिरहेका छन् ? त्यो कुरा हामीले कसरी थाह पाउने?"

बुद्धले भन्नुभयो, "तपाईहरू यसरी अलमलमा परी शंका गर्नु स्वाभाविकैको कुरा हो । तपाईहरूले सुनेका कुराहरू, धर्म ग्रन्थमा लेखेका कुराहरू गुरूको बुद्धिले युक्त कुराहरू अथवा कुनैपनि सिद्धान्तका कुराहरू महत्वपूर्ण छन् वा मान्नै पर्छ भन्ने आवश्यकता छैन । कुन ठिक छ कुन बेठिक छ, त्यो त आफैले छुट्उयाउनु पर्दछ । के गर्दा बुद्धिमान मानिसहरूले त्यसलाई बेठीक भन्लान र के गर्दा अनिष्ट र अशुभ होला ?"

मानिसहरूले यस भनाइलाई -पनि बुद्धले उत्तर दिन नचाहेको भनि भन्लान् । कलामले जस्तै निर्णय गर्न एउटा निश्चित मापदण्डको आधार माग गर्लान् । बुद्धले कलामलाई उत्तर दिनुभएको थियो । उहाँले उत्तर दिनुभएको साढे दुईहजार बर्ष वितिसक्दापनि मानिसको असहनशीलता र साम्प्रदायिकतामा अझै कमी आएको छैन । बुद्धले यस्तो प्रश्नहरूको उत्तर यसरी दिनुहुन्छ, "पहिले आकाक्षा, क्रोध, र भ्रमले भरिएको आफ्नै मन भित्र हेर । यस्तो अवस्थामा ठीक उत्तर कसरी पाउन सकिन्छ?" यही कुरा बुद्धले कलामलाई सम्झाउनु भएको थियो र उसलाई सन्तोष प्राप्त भएको थियो ।



Downloaded from http://www.dhamma.digital

'मानिसहरू व्यक्ति पूजामा नलागोस्' यस कुरामा बुद्ध सधैं सतर्क रहनुभयो, त्यसकारणं उहाँले उहाँका उपदेशहरू महत्वपूर्ण छन्, व्यक्तिगत रूपमा आफ्नो केहीपनि महत्व नभएको कुरा सधैं सम्झाइरहनु हुन्थ्यो ।

यात्राको शुरू शुरूका दिनहरूमा एक रात उहाँ एउटा कुमालको बारीमा वास बस्नुभयो । एकजना युवक संन्यासी पनि त्यहीं बसेका थिए । बुद्ध उनीसँग कुरा गर्न लाग्नुभयो । त्यसबखत का संन्यासीहरू एउटा न एउटा गुरूको अधीनमा बस्तथे, त्यसकारण उहाँले सोध्नु भयो, "तिम्रो गुरूको नाम के हो ?"

पुक्कुसाति युवकको नाम थियो, उसले भन्यो, शाक्यवंशीय गौतमले आफ्ना सबै घरबार त्यागेर सन्यासी भएको कुरा सुनेको छु र उहाँको धेरै प्रशंसा पनि सुनेको छु । उहाँले सम्बोधि प्राप्त गर्नुभएको छ भनी मानिसहरू भन्दछन् । म त उहाँलाई नै आफ्नो पथ प्रदर्शक मान्दछु । उहाँका उपदेशहरूको अनुसरण गर्न चाहन्छु, र उहाँबाटै प्रवज्या लिने मेरो इच्छा छ ।"

बुद्धले सोध्नुभयो, "के तिमीले आफ्नो गुरूलाई देखेका छौ ? के देख्यौ भने उसलाई चिन्न सकौलाउ ?"

पुक्कुसातिले भन्यो, "मैले उहाँलाई कहिलेपनि देखेको छैन र सामुन्ने देखे भनेपनि चिन्दिन हुँला ।"

बुद्धले पुक्कुसातिलाई आफू को हुँ भन्ने कुरा भन्नु भएन तर उसलाई बुद्धको उपदेश सुनाउने इच्छा प्रकट गर्नु भयो । पुक्कुसाति उपदेश



Downloaded from http://www.dhamma.digital

सुन्न तयार भयो र बुद्धले सुनाउनु भयो । सुनिसकेपछि पुक्कुसातिले उसलाई उपदेश सुनाउने व्यक्ति अरू कोहीं नभएर स्वयं बुद्ध नै हुनुहुन्छ भन्ने निश्चय भयो । उसले उहाँलाई चिन्न नसकेकोमा क्षमा माग्यो र प्रव्रजित गराइमाग्न प्रार्थना पनि गऱ्यो ।

भिक्षु बन्न चीवर र भिक्षा पात्रको आवश्यकता पऱ्यो । त्यसलाई लिनजाँदा बाटोमा एउटा साँढेको हमलाबाट ऊ मारिन गयो । पुक्कुसातिको मृत्युको समाचार सुनेपछि बुद्धले उसलाई "बुद्धिमान" भनेर प्रशंसा गर्नुभयो र उहाँले यस्तो पनि भन्नुभयो, "पुक्कुसातिले गुरूसँग नभइ सिद्धान्त सँग सम्वन्धित भएर सत्यलाई बुझ्न सकेको थियो ।"

श्रावस्तीको एकजना युवक वक्कलि बुद्धसँग मुग्ध भयो । उहाँलाई आउने जाने गरेको देख्दा उनी दौडेर हेर्न जान्थे । उसले सोच्यो, 'घरमै बसेर त मैले चाहेजति बुद्धलाई देख्न पाउँदिन त्यसैले आफ्नो ईच्छा पूरागर्न संघमा प्रवेश किन नगर्ने ?' त्यसपछि उसले दीक्षित भएर संघमा प्रवेश गऱ्यो । संघमा ऊ सधैंजसो बुद्धकै पछि लागिर हेको हुन्थ्यो । बुद्धलाई एकटक लाएर हेरिरहन्थ्यो र तारिफ गरिरहेको हुन्थ्यो । बुद्ध वक्कलीको मोहबाट परिचित हुनुहुन्थ्यो, त्यसकारण उहाँले उसको उमेर नपुगिन्जेल प्रतीक्षा गर्नुभयो । ऊ बढेर ठूलो भएपछि उहाँले भन्नुभयो, 'मेरो शरीर नाशवान र अनित्य छ, यदि तिमीले मलाई वास्तवमा हेर्न चाहान्छौ भने, मेरा उपदेशहरूलाई हेर," तर वक्कलिमाथि उहाँको भनाइको असर नपरेको देखेर बुद्धले अलि साह्रो व्यवहारबाट काम लिने विचार गर्नुभयो । त्यसै बखत उहाँलाई तीन महिनासम्म



Downloaded from http://www.dhamma.digital

राजगृह बस्नुपर्ने निमन्त्रण प्राप्त भयो । वक्कलिपनि उहाँसँगै जान तैयार भयो । यस्तो देखेपछि उहाँले भन्नुभयो, "तिमी मसँग जान पाउँदैनौ । यो यात्रा म एक्लैले गर्नु छ ।"

वक्कलि धेरै निराश भयो र आफ्नो कोठामा गएर सोच्न लाग्यो, 'बुद्धको दर्शन नै नगरी यो तीन महिनाको समय कसरी काट्ने हो ?' यो विछोडले उसलाई ज्यादै निराश बनायो र निराश अवस्था मै पहाड उक्ली त्यहाँबाट हामफालेर आत्महत्या गर्ने विचार गऱ्यो । ठिक त्यसैबेला बुद्ध त्यहाँ उपस्थित हुनुभयो र उपदेश दिएर उसको मनभित्रको अन्धकार हटाइदिनु भयो । त्यसपछि वक्कलिले आफ्नो गल्ती स्वीकार गऱ्यो ।

बुद्धको उपदेश शास्त्र जस्तो हुँदैन । उहाँको उपदेश मानिसको प्रकृति (स्वभाव) मा आधारित हुन्छ । भिक्षुपनि मानिस नै हुन् । त्यसैले संघको काम सम्वन्धलाई लिएर तिनीहरूमा ईर्श्या , द्वेष चलिरहेको हुन्थ्यो । तिनीहरू झै झगडा गरिरहन्थे र झगडा मिलाउने काम पनि बुद्धलाई नै गरिरहनु पर्थ्यो । एक पटक भिक्षुहरू बीच परेको झगडालाई देखेर बुद्धपनि आत्तिनु भएको थियो । कौशांवीको संघमा स्वच्छता सम्वन्धी एउटा सानु कुरालाई लिएर दुई भिक्षु अगुवाहरू बीच बाझाबाझ पऱ्यो । तिनका अनुयायी भिक्षुहरूपनि बाझ्दा बाझ्दै झगडा गर्न थाले । यो विवाद र झगडा दुवै पक्षका भिक्षुणी र उपासकहरूमा फैलिदै गयो । दुवै नेताहरू एक आपसमा बोल चाल गर्न पनि छाडे । यस्तो सुनेर बुद्धले कौशांबीका भिक्षुहरूलाई झगडा समाप्त गर्ने आदेश दिएर पठाउनु भयो



Downloaded from http://www.dhamma.digital

तर उहाँको आदेशको असर तिनीहरूमाथि पट्टक्कै परेन । उहाँ स्वयं कौशावी जानुभयो । यति गर्दापनि तिनीहरू मिल्न चाहेनन् । बुद्ध निराश भएर त्यहाँबाट निस्कनु भयो र परिलय भन्ने वनमा गएर बर्षावास गर्न लाग्नुभयो । जंगलमा एउटा हात्ती फेलापार्नु भयो हात्तीले उहाँको सेवा गर्न लाग्यो ।

बुद्धले संघलाई त्यागेको कुरा सुनेपछि उहाँका उपासकहरूले संघलाई सहायता दिन रोके र बुद्धसँग क्षमा नमागेसम्म सहायता नदिइने कुरापनि भनि पठाए । भिक्षुहरू क्षमामाग्न तैयार त भए तर बर्षा ऋतुको समय भएकोले उहाँलाई खोज्न सम्भव थिएन अत: बर्षातको बाँकी समय सहायताको अभावमा भिक्षुहरूले कष्टसँग विताए ।

जंगलमा बस्दा हात्तीले जंगली जनावरहरूबाट बुद्धको रक्षा गर्दथ्यो । साथसाथै बुद्धका चीवर र भिक्षापात्र आफ्नो टाउकोमाथि राखेर उहाँसंग भिक्षाटनमा जाने गर्थ्यो । जंगलमा एउटा बाँदरपनि उहाँको सेवामा समर्पित भयो । उसले बुद्धलाई 'मह' खान दियो । प्रकृतिको काखमा विताउदाँ खेरिको यो समय उहाँका लागि बडो सुखद क्षणहरू थिए ।

श्रावस्तीका मानिसहरूले 'बुद्ध जंगलमा हात्तीसँग बस्नु भएको छ' भन्ने कुरा थाहा पाए । तिनीहरू अनाथ पिंडितलाई सँगै लिएर आनन्द बसिराखेको ठाउँमा गए र झगडा मेटाउन बुद्धलाई मनाउनु पर्ने कुरापनि अनुरोध गरे । आनन्दले तिनीहरूको अनुरोध स्वीकार गऱ्यो र धेरै संख्यामा भिक्षुहरूलाई साथ लिई जंगलमा बुद्धको सेवामा पुगे । तिनीहरूलाई



Downloaded from http://www.dhamma.digital

आएको देखेपछि यी शब्दहरूद्वारा बुद्धले सम्बोधन गर्नुभयो, "बुद्धिमान साथी होस्, शान्त जीवन व्यतीत गर्दा होउन त त्यस्तो व्यक्तिसँग सहयोगपूर्वक बस्न र कुरागर्न रमाईलो लाग्छ । होइन भने राजपात त्यागेको राजा जस्तै वा जंगलमा डुलिहिड्ने हात्ती जस्तै एक्लै बस्नु बेशहुन्छ । मूर्खसँग बस्नु व्यर्थ छ ।"

बुद्ध सबैसँग श्रावस्ती फर्केर आउनुभयो । हात्तीसँग विछोड हुँदाको बखत बडो करूण दृश्य थियो । उहाँलाई फर्केर जानु भएको देख्दा विचरो हात्ती बडो दु:खी मनले रोइरहयो । जेतवन पुग्नु भएपछि कौशाम्बीका भिक्षुहरूले उहाँसँग क्षमा माग्न आए । अनाथपिंडिक र कोशल नरेश भिक्षुहरूसँग खुबै रिसाएका थिए । तिनीहरूलाई सम्झाउँदै बुद्धले भन्नुभयो, "यिनीहरू सबै असल छन् । पारस्परिक झगडा गर्दा मेरो कुरा सुनेनन् ।" त्यहाँ आएका भिक्षुहरूको मनमा आफ्नै व्यवहारमाथि बडो क्षोभ थियो तर तिनीहरू शांत थिए । बुद्धको पाउ पर्दै तिनीहरूले क्षमा मागे । उहाँले क्षमा दिदै भन्नुभयो, "झगडा आफै समाप्त हुन्छ, केही मानिसहरूलाई शायद यो कुरा थाहा छैन तर थाहा पाइराखेको खण्डमा तिनीहरूको मनभित्र घृणाले ठाउँ पाउने छैन ।"

एकपटक बुद्ध लडाई रोकिनजानाको कारण बन्नुभयो । रोहिणी नदीको दायाँ र वायाँ शाक्य र कोलिय, दुई राजवंशका मानिसहरू बस्तथे । रोहिणी नदी तिनीहरू बीचको सीमा रेखा थियो । दुवै पक्ष मिलेर नदीमा बाँध बाँधिराखेका थिए र नदीको पानीले दुवै पट्टीका खेतहरूमा सिंचाई गर्दथे ।



Downloaded from http://www.dhamma.digital

एकपटक गर्मी याम थियो । नदीमा पानी कम हुनगयो । खेत सुक्न थाल्यो । नदीको सबै पानी कोलियहरूले आफ्नो खेतमा लैजाने योजना बनाए । शाक्यहरूले यस्तो योजना मन पराएनन्, तिनीहरू रिसाए । दुवै पक्षका बीचमा झगडा पऱ्यो । मारपीट गरे । झगडा निब्टयाउन दुवै पक्षका सेनाहरूपनि बोलाइए ।

परिस्थिती गम्भीर देखेर बुद्ध झगडा मिलाउन आउनु भयो । उहाँ दुबै पक्षसँग सम्वन्धित हुनु हुन्थ्यो । त्यसैले परिस्थिती पनि बडो अप्ठ्यारो थियो । अक्सर लड़ाईमा के हुने गर्दछ भने मानिसहरूले लडाई गर्नुपर्ने कारण नै विर्सिदिन्छन् । परिणाम स्वरूप युद्ध सामुन्ने आइदिन्छ । युद्ध स्थलमा पुगेपछि बुद्धले लडाई गर्नुपर्ने कारण सोध्नु भयो । कसैलेपनि स्पष्ट उत्तर दिन सकेन । त्यसपछि उहाँले एउटा साधारण किसानसँग प्रश्न गर्नुभयो । उसले उत्तर दियो, 'पानी', त्यसपछि राजा बासिराखेको ठाउँमा आएर उहाँले सोध्नुभयो, "राजन् पानीको के मूल्य हुन्छ ?"

राजाले उत्तर दियो, "ज्यादै थोरै ।"

बुद्धले फेरि सोध्नुभयो, "अनि तपाईका सैनिको के मूल्य हुन्छ ?"

राजाले भने, "तिनीहरू अमूल्य छन् ।"

त्यसपछि बुद्धले राजासँग प्रश्न गर्नुभयो, 'पानी', जसको मूल्य यति थोरै छ, त्यसको लागि आफ्ना सैनिकहरूको अमूल्य ज्यान गुमाउन लाग्नु के उचित कुरा हो ? अनि बुद्धले दुबै राजा र तिनका पक्षका मानिसहरूलाई यसरी सम्बोधन गर्नुभयो" तपाईहरू किन यसरी उत्तेजित हुनुहुन्छ यदि आज



Downloaded from http://www.dhamma.digital

म यहाँ नभएको भए रगतको खोला बग्ने रहेछ । तपाईहरूले घृणा र शत्रुतालाई आफ्नो मन भित्र स्थान दिनुभएको रहेछ । म धृणा बाट मुक्त छु । तपाईहरू उग्र क्रोधबाट पिडित हुनुहुन्छ । म यस रोगबाट मुक्त छु । तपाईहरू इन्द्रिय सुखको पछाडि अलमलिनु भएको छ । म यस्तो अलमलबाट मुक्त छु । यदि तपाईहरू सुखपूर्वक बाँच्न चाहानुहुन्छ भने हामीले तिनीहरूसँग , जसले हामीसँग घृणा गर्दछन्, घृणा नगरिकन बस्न सक्नुपर्दछ । चिन्ताद्वारा साताइएका व्यक्तिहरू बीचमा चिन्ता मुक्त भएर बस्नु पर्दछ ।"

एकपटक बुद्ध बर्षावासको निमित्त फेरि कपिलबस्तु आएर बस्नुभयो । त्यसबेला उहाँको पिताको मृत्यु भइसकेको थियो । उहाँ जव कपिलबस्तु नजिकैको निग्रोघ वनमा बसिराख्नु भएको थियो, राजा शुद्धोदनकी पत्नी, उहाँकी ठूली आमा, जसले उहाँको पालन पोषण गरेकी थिइन विधुवी रानी प्रंजापति गौतमी उहाँ समक्ष आएर प्रव्रजित गराइ माग्ने प्रार्थना गरिन् । बुद्धले तिनको प्रार्थना अस्वीकार गरीदिनु भयो । दोस्रो र तेस्रो पटक प्रार्थना गर्दा पनि उहाँले "हुदैन" भनि जवाफ दिनुभयो । प्रजापति दु:खी मन लिएर फर्केर आइन् । बुद्ध बैशाली तिर जानुभयो , बैशालीको बनमा संघका भिक्षुहरूको विहार थियो ।

प्रजापतिको निश्चय दृढ थियो । अनेकौं दासी र कुटुम्बका स्त्रीहरूलाई साथ लिई तिनी त्यहाँ पनि बुद्धलाई भेट्न गइन् । यतिबेला तिनले कपाल मुण्डन गरेकी थिइन् र संघको नियमानुसार पहेलो वस्त्र लगाएकी थिइन् । तिनी संघको ढोकामा उभिएकी थिइन्, धूलै, धूलो भएर पैदल हिडेर



Downloaded from http://www.dhamma.digital

आएकीले खुट्टाहरू मैला र सुन्निएका थिए । तिनी रोइरहेकी थिइन् । आनन्द ले तिनको यस्तो अवस्था देख्दा छक्क परेर सोधे, "गौतमी यहाँ तिमी के गरीरहेकी ?"

गौतमीले उत्तर दिइन्,"बुद्धले स्त्रीहरूलाई दीक्षा दिन चाहानुहुन्न,त्यसैले यहाँ उभिरहेकी हुँ ?"

आनन्दलाई गौतमी माथि दया लाग्यो । उनी तुरून्त बुद्ध बसिराख्नु भएको ठाउँमा गई उहाँसँग स्त्रीहरूलाई पनि दीक्षा दिनु पर्ने कुरा प्रार्थना गरे । बुद्धले उनको कुरापनि मान्नु भएन । त्यसपछि आनन्दले बुद्धको तर्क प्रणालीको व्यवहार गर्दै, सोधे "दीक्षित स्त्रीहरूले सम्बोधि प्राप्त गर्न सक्दैनन् ?"

गर्न सक्तैनन् भनुँ भने स्त्रीहरूलाई आध्यात्मिक रूपले निम्न तहको ठहऱ्याएको भनी सम्झनु पर्ने हुन्छ, त्यसैले बुद्धले जवाफ दिनुभयो, "तिनीहरूले निश्चित रूपमा सम्बोधि प्राप्त गर्न सक्छन् "

आनन्दले भने, "त्यसोभए, स्त्रीहरूलाई दीक्षा दिनै पर्छ प्रजापति गौतमीलाई त झन नदिई हुन्न । तपाईको पालनपोषण गर्ने तिनी नै त हुन् ।"

अब बुद्धले "हुदैन" भनेर भन्न सक्नुभएन । उहाँले भिक्षुणी जीवनका लागि धेरै कठोर नियमहरू बनाउनु भयो । यसरी प्रजापति पहिलो भिक्षुणी भइन् । त्यसपछि सिद्धार्थकी पत्नी यशोधरा र उहाँकै परिवारका धेरै स्त्रीहरूले पनि दीक्षा ग्रहण गरे ।

कुनै पनि संघ अब एउटा उचाइमा पुग्न थाल्छ, त्यतिखेर त्यसलाई षडयन्त्र र राजनीतिले



Downloaded from http://www.dhamma.digital

ग्रस्त पार्न थाल्छ । यहाँ देवदत्तले राजनीति खेल्यो । एउटा घाइँते पक्षीलाई लिएर बाल्यकाल देखि नै गौतमसँग झगडा परिसकेको थियो । देवदत्तपनि अरू शाक्यहरू सँगसँगै भिक्षुभएर संघमा प्रवेश गरेको थियो । एक पटक संघ सहित बुद्धलाई कौशाम्वी जानपऱ्यो । देवदत्तले संघको शासन उसैलाई सुम्पेर जान बुद्धसँग प्रस्ताव राखे । बुद्धले उसको प्रस्ताव मान्नुभएन उल्टै संघबाट निकालिदिनु भयो र देवदत्तको कार्य कलापसँग संघ जिम्मेवार नहुने घोषणा पनि गरिदिनुभयो । देवदत्तले अजातशत्रुलाई भेट्न गयो । अजातशत्रु आफ्ना पिता बिम्बिसार सँग रिसाईरहेका थिए भने देवदत्त बुद्धसँग । यी दुवैले आ-आफ्ना शत्रुहरूलाई मार्ने योजना बनाए । अजातशत्रुले त सफतापूवर्क बिम्बिसारलाई मारे । देवदत्तले पनि बुद्धलाई मार्ने अनेकौं प्रयत्न गरे । सर्वप्रथम उसले केही मानिसहरूलाई पैसाको लालच देखाएर बुद्धको हत्या गर्न खोजे । तिनीहरूले बुद्धलाई देख्नासाथ यस्तरी मुग्ध भए कि उहाँलाई मार्न विर्सेर उल्टै भिक्षु बन्न पुगे । फेरि उसले एक दिन पहाडको बाटो भएर गइरहँदा बुद्धमाथि ठूलो चट्टान (ढुंगा)घुचेटेर गुडाइदिए, त्यसबाट बुद्धलाई अलिकता मात्र चोट लाग्न गयो । निराश भएर उसले बुद्धलाई मार्न हात्ती छोड्न लगाए, तर उहाँलाई देखेपछि हात्तीपनि आक्रमण गर्न विर्सेर चुपचाप बसीदियो ।

देवदत्तले बुद्धका पाँचसय शिष्यहरूलाई भड्काएर एउटा बेग्लै संघ खडा गऱ्यो, तर ती भिक्षुहरूले छिट्टै उसलाई त्यागेर फेरी बुद्धको शरणमा फर्केर



Downloaded from http://www.dhamma.digital

आए ।

देवदत्तका अन्तिम दिनहरू असाध्य रोगले ग्रस्त भएर विते । यतिखेर उसलाई पश्चाताप भयो र विरामी अवस्थामै बुद्धसँग क्षमा माग्न आए । बुद्धले उसलाई क्षमादान मात्र दिनुभएन, उसले निश्चितरूपमा निर्वाण प्राप्त गर्ने भविष्यवाणी समेत गर्नुभयो ।

संघका अन्य नेताहरूपनि बुद्धसँग रिसाएका थिए । उहाँले अछुतहरूलाई अपनाइरहनुभएको थियो । यसबाट त रिसाएका थिए नै, शिष्यहरूको संख्या झनझन बढ्दै गएकोमा,त्यस बाट तिनीहरू बढीनै असन्तुष्ट भएका थिए । पहिले त तिनीहरूले जनतालाई नै बुद्धको विरोधमा उभ्याउन खोजे तर जनताले नसुनिदिएको कारण बुद्धलाई बदनाम गर्ने एउटा षडयन्त्र रचे । चिंचा नाम भएकी एउटी सुन्दर युवतीलाई तिनीहरूले त्यस षडयन्त्रमा सामेल गराए । साँझको बेला बुद्धको प्रवचन सुन्न जाने मानिसहरूसँग चिंचा पनि जेतवनतिर जाने गर्थिन् र राती संघ नजीकैको एउटा घरमा सुत्दथिन् । सवेरै मनिसहरू जेतवनतिर जाँदा तिनी त्यहाँबाट फर्किरहेकी हुन्थिन् । यसरी तिनी विहान सवेरै फर्किरहेको देखेर मानिसहरूले "राती कहाँ बस्यौ" भनेर सोध्थे तिनी केवल हाँसिदिन्थिन् । केही दिनपछि तिनले "बुद्धसँग बसेकी" भन्न थालिन । यसरी नौ महिना बितेपछि तिनले एक दिन पेटमा काठको मुड्का बाँधिन् र बुद्धले प्रवचन दिइरहेको मौका पारी भीडको बीचमा गएर उभिइन अनि जोर जोरसँग कराउँदै भनिन्, "बुद्ध तिमी त अरूलाई खूपै मीठो प्रवचन र शिक्षा दिन्छौ, तर यो



Downloaded from http://www.dhamma.digital

पापको बोझ जुन तिमीले मेरो पेटमा बाँधिदिएकाछौ, त्यसलाई के गर्ने नि ? के तिमीले केटी फकाउनमात्र जानेका छौ ? मेरो पेटभित्र को बच्चाको लागि केही व्यवस्था गर्दैनौ?"

बुद्धले प्रवचन बीचैमा रोकेर यतिमात्र भन्नुभयो, "बहिनी, तिमीले भनेको कुरा साँचो झूठो के हो म र तिमी बाहेक अरू कसैलाई पनि थाहा छैन ? ठीक त्यही बेला जोरसँग हावा बहयो । चिंचाले लगाइराखेको लुगा उड्न जाँदा पेटमा बाँधिराखेको काठको मुड्का तिनको खुट्टामा यस्तरी खस्न गयो कि तिनका पैतलाका औंलाहरू समेत काटिन गयो ।

प्रवचन सुन्न बसेका मानिसहरूले तिनलाई गर्नसम्म गालीगरेर त्यहाँबाट धपाइदिए । बुद्धको खुपै बदनाम गर्न निस्केका षडयन्त्रकारीहरूको उल्टै पोल खुल्न गयो । ईर्ष्या र द्वेषले विरोधीहरू ज्यादै पीडित थिए । एउटा षडयन्त्र विफल हुँदैमा तिनीहरू निराश भएनन् । तिनीहरूलाई थाहा थियो, बुद्धलाई बदनाम गर्न स्त्री सम्बन्ध बाहेक अर्को सशक्त उपाय हुन सक्तैन । यसपाली तिनीहरूले सुन्दरी भन्ने युवतीलाई आफ्नो जालमा फँसाए । तिनीपनि बुद्धको प्रवचन सुन्न जाने गरेकी कुरा मानिसहरूले थाहा पाए । यसपटक विरोधीहरूले युवतीको हत्या गरेर संघ नजीकै तिनको लाश फैयाक्न लगाए । सुन्दरी हराएकीले त्यसको खोजी गरी पत्तालगाउन विरोधीहरूले राजासँग निवेदन गरे । निवेदन साधारण नै थियो । राजाले सुन्दरीको खोजमा मानिसहरू खटाए सुन्दरीको लाश विहार नजिकै फेला पऱ्यो । बुद्धको विरोधीहरूले हल्ला



Downloaded from http://www.dhamma.digital

फिजाए, "यो केटीले बुद्धसँग सम्वन्ध राखेकी थिइन् यिनी गर्भवती भएकीले बुद्धले यसलाई मार्न लगाए । स्थिति गम्भीर हुन पुग्यो, तर अचानक रक्सी भट्टीमा तीनजना मानिसहरू रक्सी पिएर एक आपसमा कुटाकुट गरी झगडा गर्न लागे । यस कुकर्मबाट प्राप्त धन बाँडचूँड गर्ने कुरामा तिनीहरूको झगडा परेको थियो । एकजनाले भन्दै थियो, "मैले मारेको हो, मेरो भाग बढी हुनुपर्छ ।" अर्को दुई जनाले भने, "ठिकै छ, हामीले त खालि समातेका हौं तर भाग त बराबर हुनुपर्दछ ।" मानिसहरूले भट्टीमा यस्तो कुरा सुनेपछि तिनीहरूलाई राजा समक्ष पेश गरे । तिनीहरूले ज्यानमारेको अपराध स्वीकार गरे र षडयन्त्रको यथार्थ भेद पनि खोलिदिए । त्यसपछि राजाले षडयन्त्रकारीहरू लाई यस्तो भन्न लगाउँदै सारा शहर डुलाउन पठाए । "हामीले बुद्धको बदनाम गर्न सुन्दरीलाई मार्न लगाएका हौं", पछि राजाले तिनीहरूलाई ज्यान मारेकोमा कडा दण्ड दिए ।"

⌘ ⌘ ⌘



Downloaded from http://www.dhamma.digital

# निर्वाण

लगातार पैंतालीस बर्षसम्म आफ्ना विचार हरू प्रचार गरिसकेपछि जव बुद्ध बर्षावास गर्न बेलु ग्रामतिर जाँदै हुनुहुन्थ्यो, त्यसबेला उहाँलाई अब धेरै दिनसम्म प्रचार कार्य गरिरहन सम्भव हुनेछैन भन्ने लाग्यो । यस गाउँमा पुगेपछि उहाँ विरामी पर्नुभयो र अत्यन्त पीडा अनुभव गर्न लाग्नुभयो । यस्तो पिडाको कुरा उहाँले अरू कसैलाई पनि भन्नु भएन । उहाँले के सोच्नु भयो भने, 'चुपचाप शरीर त्यागेर निर्वाण प्राप्त गर्नु उचित नहोला । शरीर छोड्नुभन्दा पहिले आफ्ना परिचारकहरूलाई यसको सूचना दिनुपर्छ र संघबाट विदा पनि लिनुपर्दछ ।' यसकारण उहाँले इच्छा शक्तिको सहारा लिएर रोगलाई दवाईराख्नु भयो र यात्रापनि जारि राख्नुभयो ।

बेलु ग्राम पुगेपछि बुद्धले आनन्दलाई बोलाएर भन्नुभयो, "अव संघलाई मेरो आवश्यकता छ ? मैले सिकाएका सिद्धान्तहरू स्पष्ट छन् । मैले जतिपनि अर्थहरू बताएको छु, तिनीहरूमा अरू लुकेका अर्थहरू छैनन् र यसभन्दा बेग्लै विचारहरू लुकाएर राखेको पनि छैन । तिमीहरूलाई सवै कुरा भनिदिइसकेको छु । आनन्द, अब म बूढो भैइसके । मेरो आयु अस्सी बर्षभन्दा बढी भैसक्यो । आफ्नो स्थान आफै बनाऊ, आ-आफनो



Downloaded from http://www.dhamma.digital

सिद्धान्त(द्वीप)मा रहू र त्यो द्वीप अरू केहीपनि नभएर ती सिद्धान्तहरू हुन्, जुन कुरा मैले तिमीहरूलाई सिकाइसकेको छु ।"

बर्षावास सकेपछि संघ त्यहाँबाट प्रस्थान गऱ्यो र चुन्दको आम्रवनमा पुगेर बास बस्यो । चुन्दले यो कुरा थाहा पाएर बुद्धको दर्शनगर्न आए । उहाँको उपदेश सुनिसकेपछि चुन्दले संघलाई भोलिको निमित्त भोजन गर्न निमन्त्रण गरे र ठीक समयमा बुद्ध आफ्ना अनुयायीहरू सहित चुन्दको घर पुग्नुभयो । चुन्दले सबैलाई मीठो भोजन गराए । भोजनमा च्याउको तरकारी बनाइएको थियो । च्याउको तर कारीले गर्दा हो की भोजनपछि बुद्धको विमारी झन बढ्न गयो र यस्तरी बढ्न गयो की फेरि घट्दै घटेन । विमारीले पनि उहाँको यात्रा रोक्न सकेन । यात्राको क्रममा कुशीनारा पुग्नुभयो । कुशीनारामा उहाँ हिरण्यवती नदी किनारको शाल वनमा बास बस्नुभयो । आनन्दले दुईटा शाल रूखहरूको वीचमा ओछ्यान लगाइदियो । बुद्ध त्यसमाथि पल्टनु भयो । त्यहाँ बुद्धले एकपटक फेरि अन्तिम पटक आफ्नो कुरा दोहोऱ्याउनुभयो । "महत्वपूर्ण कुराहरू त उपदेशहरूमात्र हुन, म होइन ।" उहाँले भन्नुभयो, "आनन्द, म मरिसकेपछि, शायद कसैकसैको मनमा अव हाम्रो पथप्रदर्शक कोहीपनि भएन, कसले उपदेश दिने, यस्तो विचार हरू उठ्न पनि सक्छ । तर आनन्द यस्तो दृष्टिकोण राख्नु ठिक होइन । जुन सिद्धान्तहरू मैले भनेको छु र स्पष्ट पारेको छु, म मरिसकेपछि तिनीहरूलाई नै गुरू सम्झनू ।"

बुद्धले संघलाई पनि सम्बोधन गुर्न भयो,



Downloaded from http://www.dhamma.digital

"जुनसुकै चीज वा बस्तु, जुन रूपमा फेला पर्दछ, त्यो एक दिन विघटन भैहाल्छ । पूर्णतातिर बढ ।"

यति भनिसकेपछि बुद्ध ध्यान मग्न हुनुभयो । त्यसपछि उहाँको शरीरको अन्त भयो । उहाँको दाह क्रिया राजकीय विधिपूर्वक सम्पन गरियो ।

अनित्यताको ज्ञान भएरपनि धेरै भिक्षुहरू बुद्ध दिवंगत भएपछि रून लागे । तर सुभद्रलाई भने बुद्धको शरीरान्तमा निकै प्रशन्नता भयो । उसले बूढो उमेरमा संघमा प्रवेश गरेको थियो । सबैलाई सुनाउँदै भन्यो । 'साथीहरू हो, धेरै रोइसक्यौ, अव शोक नगर, यस्तो नगर, उस्तो नगर, यो गर, त्यो गर भन्ने मान्छे गइसक्यो । बुद्धको अनुशासनबाट हामीले मुक्ति पायौं । अव हामीले इच्छा लागेको कुरा गर्न सक्छौं, नलागको कुरा गर्ने छैनौं ।'

यस्तो सुनेर भगवान् बुद्धका एकजना प्रमुखशिष्य महाकाश्यपले अव संघ पहिलेझैं सुचारू रूपले चल्न नसक्ने र भिक्षुहरूले कठोरतापूर्वक नियमहरू पालन गर्नुपर्ने कुरामा शंका व्यक्त गरे । थाहा छैन मानिसहरू मिलेर वस्नेपनि हुन् कि होइनन् । यसरी त संघ भताभुङ्ग हुने भयो । उनले यस्तो अवस्थामा आउनुभन्दा अगावै बुद्धका बचनहरूको प्रामाणिक संकलन अति शीघ्र गर्नुपर्ने कुरा सोचे । आफ्ना विचारहरूलाई कार्यरूपमा परिणत गर्न उनले राजगृहमा राजा अजातशत्रुको सहयोग लिएर एउटा सभा गर्ने निश्चय गरे । यसमा पाँचसय अर्हतहरू निमन्त्रण गरियो । सभाको सभापतित्व काश्यपले गरे । सभामा बुद्धका उपदेशहरू स्मरण गर्दै दोहोऱ्याइए र क्रमबद्ध तरीकाले राखियो ।



Downloaded from http://www.dhamma.digital

उपदेशहरूलाई सुत्रहरूमा परिणत गर्न उपाली र आनन्दले विशेष योगदान गरे । काश्यपको निर्देशनमा संघका सारा नियम र उपदेशहरू संकलन गरियो र तिनीहरूलाई कण्ठस्थ गरियो । यो शासन सभा सात महिनासम्म चलिरहयो ।

बुद्धका उपदेशहरू कण्ठस्थ गर्ने परम्परा चलिनै रहयो र ईशा जन्मनुभन्दा आठ बर्ष पहिले लंकामा भएको चौथो शासन सभामा तिनीहरूलाई लिपिबद्ध गरियो (लेखियो)

बुद्धका वाणीहरूलाई तीन भागमा बाँडेका छन् । तिनीहरूलाई 'त्रिपिटक' अर्थात आदेश (उपदेश) का तीन पुलिन्दा पनि भन्दछन् । ती तीनवटैका अलग अलग नाम छन् । पहिलो विनय (संघ, आचरण सम्वन्धी नियमहरू । दोस्रो, सूत्रका बुद्धद्वारा समय समयमा दिइएका उपदेशहरूको संग्रह । तेस्रो अभिधम्म उपदेशहरूका दार्शनिक र मनोवैज्ञानिक आधार । यो कार्य शासन सभाको तेस्रो बैठकमा पूरा भएको थियो, जुन ईशाको जंन्मभन्दा २४६ बर्ष पहिले भएको थियो ।

बुद्धका उपदेशहरू, विशेष गरिकन सूत्र, जुनरूपमा हामी सम्म आइपुगेका छन् र हामीले पाएका छौं, त्यसको स्वरूप सम्वन्धमा केही कुरा जानिराख्नु आवश्यक छ । बुद्धका कठिन भन्दा कठिन उपदेश र उहाँका प्रमुख शिष्यहरूका उपदेशहरू पनि कण्ठस्थ गर्न सजिलो होस् भन्ने उद्देस्य राखेर त्यस्तो रूप दिइएको हो । तिनीहरूलाई लिखित रूप नदिएर शाहेद कण्ठस्थ गर्न यसकारण निश्चित गरि यो, किनभने, त्यस बखत लामो समय सम्म खप्ने कागज र मसी प्राप्त थिएन । सुत्ररूप दिइएकोले



Downloaded from http://www.dhamma.digital

उपदेशहरू कण्ठस्थ गर्न सजिलो हुनगयो । कण्ठस्थ गर्न यस्तो विधि बुद्धका समकालीन धेरै भारतीय उपदेशकहरूले पनि अपनाएका थिए । चीन र ग्रीसमा उपदेशकहरूले उपदेशहरू सुरक्षित गर्न कण्ठस्थ गर्ने विधि प्रचलनमा ल्याएका थिए ।

'मैले त्रिपिटकको आधार लिएर नै यो सानु पुस्तक लेखेको हुँ ।'



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# किताव प्रकाशनका सहयोगी दाताहरु

| | | |
|---|---|---|
| १, | दिल बहादुर परियार, पोखरा | ५००/= |
| २, | पञ्च लक्ष्मी बुद्धाचार्य, पोखरा | २५०/= |
| ३, | भेकलाल गुरुङ्ग, घाचोक | ३००/= |
| ४, | बृजलाल उदास, पोखरा | १०५/= |
| ५, | पुष्करमान बुद्धाचार्य, पोखरा, | ५००/= |
| ६, | विर्षराज गुरुङ्ग, पोखरा, | ५००/= |
| ७, | चिरञ्जिवी द्वा, नदीपुर | ५००/= |
| ८, | न्यू होटल कृष्टल, पोखरा | ५००/= |
| ९, | विक्रम उदास, पोखरा | २५०/= |
| १०, | गोविन्द ताम्राकार, पोखरा, | १०५/= |
| ११, | श्रीमान, श्रीमती विश्व शाक्य | १५००/= |
| १२, | किरण लाल श्रेष्ठ, पोखरा, | १०००/= |
| १३, | ललित रत्न शाक्य, पोखरा, | ३०००/= |
| १४, | चेतराज शाक्य, पोखरा | ५००/= |
| १५, | अशोक बुद्धाचार्य, पोखरा | ३००/= |
| १६, | बखत बहादुर गुरुङ्ग, पोखरा, | ५००/= |
| १७, | सुवर्ण बज्राचार्य, पोखरा | २००/= |
| १८, | राजेन्द्र बज्राचार्य, पोखरा | ३००/= |
| १९, | सेम शाक्य,नेपालगंज | ५००/= |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २०, | पूर्ण श्रेष्ठ, पोखरा | ३००/= |
| २१, | डम्बर शाक्य, म्याग्दी बेनी | ३००/= |
| २२, | मणीरत्न शाक्य, मुग्लिङ्ग | २५०/= |
| २३, | सन्देश उदास, पोखरा | १००/= |
| २४, | सन्जय शाक्य, पोखरा | ३००/= |
| २५, | सोम बज्राचार्य पोखरा, | २५०/= |
| २६, | जीवन श्रेष्ठ, पोखरा, | २५०/= |

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मैत्री संघ, पोखराद्वारा

## प्रकाशित पुस्तकहरु

१. सन्दर्भ प्रसङ्ग - विश्व शाक्य - २०५४
२. बुद्ध : जीवन र दर्शन (अनुवाद) - ललित रत्न शाक्य-२०५५

आवरण मुद्रण : मुनाल अफ्सेट प्रिन्टर्स, पालिखेचोक, पोखरा फोन नं. : २१९०९, २३५५५

Downloaded from http://www.dhamma.digital